CC-0. In Public Domain. Digitization by eGangotri

A255

दाङको चौघेरास्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन

भूमिराज गौतम

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध रतननाथ मन्दिर

सिद्ध रतननाथ मन्दिरको गर्भगृह

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाङको चौघेरास्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन

भूमिराज गौतम

नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक : नेपाल संस्कृत विश्वविद्यालय
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र
मनोहरा, भक्तपुर
फोन नं. :- ०१-६२२४१११
मोबाइल नं. :- ९७४११६९२३०
Email : nsu.ncsc@gmail.com
www.facebook.com/ncscpage

लेखक : भूमिराज गौतम
उप प्राध्यापक
महेन्द्र बहुमुखी क्याम्पस, दाङ

प्रकाशन मिति : २०७४ असार २५ आइतवार (प्रथम संस्करण)
(गुरुपूर्णिमा)

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

प्रकाशित प्रति : ५०० प्रति
मूल्य : २५०।-
कम्प्युटर सेटिङ : टेकनाथ पाण्डेय
मुद्रक : कृपा प्रिन्टर्स, चाबहिल
ISBN NO. : 978-9937-0-2893-6

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

नेपाल संस्कृत विश्वविद्यालयका संस्थापक
तथा नेपालको इतिहास र संस्कृतिका धरोहर
राष्ट्रिय विभूति श्री योगी नरहरिनाथज्यूको पुण्यस्मृति
एवम् दिवङ्गत आत्माको
चीर शान्तिका लागि
समर्पित ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ नमः शिवाय ॥

ॐ नमो नमो भवाय च रूद्राय च नमः शर्वाय च
पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च ।
नमः कपर्दिने च नमः सहस्त्राक्षाय च
नमो गिरिशयाय च वामनाय च प्रथमाय च ।
नमो हन्त्रे च हनीयसे च नमऽउग्राय च भीमाय च ।
नमः शम्भवाय च मयोभवाय च
नमः शङ्कराय च नमः शिवाय च शिवतराय च
वास्तव्याय च वास्तुपाय च नमः ।

॥ ॐ तन्मे मनः शिवसङ्कल्पमस्तु ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ नमः शिव गोरक्षाभ्यः ॥



सिद्ध श्री रतननाथजी महाराज

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ नमः शिव गोरक्षाभ्यः ॥



योगी नरहरिनाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University
Bellankhang
उपकुलपतिको कार्यालय
Office of the Vice Chancellor

Reference No. :-
पत्र सङ्ख्या :-
चलानी नम्बर :-

मिति (Date) : २०७४/३/२३

प्रा.डा. कुलप्रसाद कोइराला
उपकुलपति

शुभकामना ।

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत साँस्कृतिक अध्ययन केन्द्रले अध्ययन गरेर तयार पारेका सामग्री मध्य चौंघेरा वाङ्मा अवस्थित 'श्री सिद्धरतननाथ मन्दिरको साँस्कृतिक अध्ययन' नामक कृति प्रकाशनका निमित्त त्यस अध्ययन केन्द्रका कार्यकारी निर्देशक प्रा.डा. जगमान गुरूङले गरेको कठोर परिश्रमका स्वेतबिन्दुले ती प्रबन्धले प्रकाशनको उज्यालो दर्शन गर्नलागेका खबरले म अत्यन्त नै खुशीभएको छु । हामी पढ्न पढाउन र अनुसन्धान गर्दै अनुसन्धान गराउनेगरी विश्वविद्यालयमा प्रवेश गरेका व्यक्तिले यस्तै महनीय काम गरेर राष्ट्रका सामुन्ने राख्दा अनुसन्धान नगर्नेहरू प्रनि प्रभावित भएर यस पुनीत कार्यमा लागे भने यो पनि एउटा राम्रो उपलब्धि नै हुनेछ । यसरी नै साधनस्रोत जुटाएर विश्वविद्यालयका विभिन्न निकायबाट भएका कामले प्रकाशनको चहकिलो प्रकाश देख्नपाए कति राम्रो हुंदो हो । किन्तु सबै जगमान हुँदारहेनछन् । संस्कृत भाषावाङ्मयको सेवामा यसरी नै लाग्ने स्वामी प्रपन्नाचार्य र पद्मनारायण विश्वकर्मा अब हामी माझ रहेनन् । एउटा निष्णात विद्वान् श्री जगमान गुरूङले गर्नलागेका कामले पनि भोलिको सन्तति नेपाल संस्कृत विश्वविद्यालयको सम्मान वृद्धिगर्न लाग्ने अभिप्रेरणा तयार हुनेछ । यस्तै कामले मात्र नै हाम्रा पूर्वजले "कीर्तिर्यस्य स जीवति" भनेका थिए कि ? भन्ने मैले अनुभव गरेको छु । एकजना विद्वान्ले अनुसन्धान गरेर तयार पारेको यो पुस्तक निश्चय नै पठनीय छ भन्ने कुरामा पनि म विश्वस्त रहेको छु । यस प्रकारका काममा प्राध्यापक जगमानजीलाई उत्तरोत्तर सफलता मिलोस् भन्ने हार्दिक शुभकामना ज्ञापन गर्दै लेखनि विश्रान्तिको वाचना पनि गर्दछु ।

प्रा.डा. कुलप्रसाद कोइराला
उपकुलपति
उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ शं नो मित्रः शं वरूणः । शं नो भवत्वर्यमा । शं न इन्द्रो बृहस्पतिः । शं नो विष्णुरूरूक्रमः । नमो ब्रह्मणे । नमस्ते वायो । त्वमेव प्रत्यक्षं ब्रह्मासि । त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि । ऋतं वदिष्यामि । सत्यं वदिष्यामि । तन्मामवतु तद्वक्तारमवतु । अवतुमाम् अवतु । वक्तारम् ।

(प्राणवृत्ति र दिनलाई 'म हुँ' भनी सम्झने देवतास्वरूप मित्र अपानवृत्ति र रात्रिलाई 'म हुँ' भनी सम्झने वरुण, चक्षु र सूर्यलाई 'म हुँ' भनी सम्झने देवता स्वरूप अर्यमा, बललाई 'म हुँ' भनी सम्झने इन्द्र, वचन र बुद्धिलाई 'म हुँ' भनी सम्झने देवतास्वरूप बृहस्पति, व्यापक टेकाइ भएका पाउलाई 'म हुँ' भनी सम्झने देवतास्वरूप विष्णु हाम्रा सुखरूप होऊन् । वायुस्वरूप ब्रह्मलाई नमस्कार छ, हे वायुदेव! तिमीलाई नमस्कार छ । तिमी नै प्राण रूप हुनाले चक्षु आदि भन्दा प्रत्यक्ष ब्रह्म छौ, तिमीलाई नै प्रत्यक्ष ब्रह्म भन्नेछु, तिमीलाई नै शास्त्र आफ्नो कर्तव्य अनुसार बुद्धिमा निश्चय गरिएको वस्तु एवम् वचन र शरीरले सम्पन्न गरिने सत्य भन्नेछु । त्यो वायुनामक ब्रह्मले म (विद्यार्थी) लाई र आचार्य (गुरु) लाई साथ-साथै रक्षा गरोस् ।)

- तैत्तिरीयोपनिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

हिन्दू एवम् बौद्ध धर्म र संस्कृतिको विकासमा नौ नाथ चौरासी सिद्धहरूको महत्त्वपूर्ण योगदान रहेको छ। नौ नाथ चौरासी सिद्धहरूले लोकभाषालाई आफ्नो उपदेश र शाबर मन्त्रलाई लोककल्याणको माध्यम बनाएका थिए। अतः लोकभाषाको विकासमा यी सिद्धहरूको महत्त्वपूर्ण भूमिका रहेको थियो। स्वच्छन्द खालको आचरण गर्ने यी सिद्धहरूमा जातिभेद र छुवाछुतको भेदभाव थिएन। अतः जातीय एवम् सामाजिक सम्मिलनमा पनि नौ नाथ चौरासी सिद्धहरूको अग्रस्थान रहेको थियो।

नेपालको राजधानी काठमाडौँ नामले प्रसिद्ध छ। काठमाडौँमा काष्ठमण्डप नामक एउटा मण्डप अवस्थित छ। त्यही काष्ठमण्डपबाट यस महानगरको काठमाडौँ नाम रहेको हो। काष्ठमण्डपमा एउटा प्रस्तरमूर्ति स्थापना गरिएको छ। अहिले यस मूर्तिलाई गोरखनाथको मूर्ति मानिन्छ र गोरख सम्प्रदायका कनफट्टा योगीद्वारा त्यहाँ पूजा गरिन्छ तर पुरातत्त्व विभागका प्रधान अन्वेषक जनकलाल शर्माको अनुसन्धानबाट काष्ठमण्डपभित्रको उक्त मूर्ति गोरखनाथको नभएर लुहिपादको हो भनेर सिद्ध भएको छ। लुहिपाद चौरासी सिद्धमा पहिला हुन्। यसबाट सिद्ध परम्पराको विकास हुनासाथ उनीहरूले नेपाललाई आफ्नो लीलाभूमि बनाएको देखिन्छ। वज्रगुरू पद्मसम्भवको जन्म भारतको पश्चिम-उत्तर पेशावरको उड्डियानमा भएको हो। उनले दक्षिण भारतको आन्ध्रप्रदेश, धान्यकटकको श्रीशैलमा वज्रयानको साधना गरेर सिद्धि प्राप्त गरी वज्रगुरु कहलाए। श्रीशैलबाट उनी नालन्द महाविहार आए। त्यहाँबाट नेपाल आएर फर्पिङको ऋषितरगुफा, फर्पिङकै शिखरनारायणगुफा, काठमाडौँको कर्णद्वीप श्मशान, साँखु वज्रयोगिनी र खोटाङको हलेसिगुफामा साधना गरी डाकिनीहरूलाई वशमा पारेर भोट देशमा गई बौद्ध धर्मको स्थापना गरेका थिए। तिब्बती लामा बौद्ध धर्ममा वज्रगुरु पद्मसम्भवलाई दोस्रा बुद्ध र त्रिकाल बुद्धको रूपमा मानिन्छ। यसरी नेपाल वज्रगुरु पद्मसम्भवको साधना भूमिको रूपमा देखिन्छ।

नेपाललाई कर्मभूमि बनाएका सिद्धहरूमा नाडपाद पनि एक हुन्। नाडपादको जन्म काश्मिरको ब्राह्मण कुलमा भएको थियो। नाडपादले बङ्गालको चटगाउँका सिद्ध तिलपादसँग चक्रशम्वरको दीक्षा ग्रहण गरेका थिए। नाडपाद विक्रमशील महाबिहारका द्वार पण्डित थिए। यी सिद्ध नाडपादले नेपाल आएर पाशुपतक्षेत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र वागमतीको किनारामा स्थित गुफामा साधना गरेका थिए। सिद्ध नाडपादले साधना गरेको गुफाभित्र लिच्छविकालीन शिवलिङ्ग अवस्थित छ। अतः सिद्ध नाडपादले पाशुपतक्षेत्रमा शिवलाई साक्षी राखेर बौद्धतन्त्र अनुसार चक्रशंवरको साधना गरेको बुझिन्छ। यसरी सिद्ध साधकहरूमा शैव र बौद्धको भेद नरहेको स्पष्ट हुन्छ। त्यसकारण आजका शैव एवम् बौद्धमतानुयायीहरूले यो धार्मिक एवम् सांस्कृतिक अन्तरसम्बन्धलाई राम्ररी बुझ्न सक्नुपर्दछ। सिद्ध नाडपादका धर्मकीर्ति, वागीश्वरकीर्ति आदि नेपाली चेलाहरू थिए। स्वयं नाडपाद विक्रमशील महाविहारको द्वार पण्डित छँदा उनका नेपाली शिष्य वागीश्वरकीर्ति पनि विक्रमशील महाबिहारका द्वार पण्डित थिए। वागीश्वरकीर्ति पनि चक्रशंवरतन्त्रका विशेषज्ञ कहलाएका थिए। नेपालमा फर्पिङलाई यिनीहरूको जन्मस्थल मानिएको छ।

चौरासी सिद्धमध्ये कुकुरिपाको जन्म नेपालको कपिलवस्तुमा भएको थियो। कुकुरिपा ३४ आँ सिद्ध मानिन्छन्। यसरी नेपाल केबल सिद्धहरूको लीलाभूमि मात्र नभएर बुद्धको जस्तै सिद्धहरूको जन्मभूमिको रूपमा पनि प्रसिद्ध रहेको पाइन्छ। कतिपय सिद्धहरू नेपालको बाटो भएर तिब्बत गएका थिए। अतः तिब्बतमा बौद्ध धर्मको विकासमा नेपालले एउटा सम्प्रेषणभूमिको भूमिका निर्वाह गरेको पाइन्छ।

मत्स्येन्द्रनाथको जन्म असामको कामरूप देशमा भएको हो तापनि नेपाल मत्स्येन्द्रनाथको कर्मभूमि हो। नेपालका बौद्धहरू मत्स्येन्द्रलाई पद्मपाणि बोधिसत्त्व मान्दछन्। मत्स्येन्द्रनाथलाई विरञ्चितनारायणको रूपमा पनि मान्दछन्। यसरी मत्स्येन्द्रनाथमा शिव र बुद्धको समन्वय पाइन्छ। मत्स्येन्द्रनाथ कौलमार्गी र शाबरतन्त्रका अध्येता थिए। मत्स्येन्द्रनाथलाई बौद्ध उपासक पनि मानिएको छ। मत्स्येन्द्रनाथबाट नै नाथ सम्प्रदायको विकास भएको हो।

गोरखनाथ नेपालका धर्तिपुत्र हुन्। वैशाखशुक्लपूर्णिमाका दिन गोरखनाथको जन्म भएको हो। गोरखनाथ पहिले बौद्ध साधक भएको मानिएको छ। त्यसबेला उनको नाम अनङ्गवज्र वा रमणवज्र थियो। गोरखनाथ वज्रभैरवभट्टारकका साधक थिए। नाथ सम्प्रदायमा भैरवपूजाको महत्त्वपूर्ण स्थान छ। गोरखाको गोरखनाथगुफा गोरखनाथको साधनास्थल हो। गोरखनाथले प्राचीन उग्र पाशुपतमतमा सुधार ल्याएका थिए तापनि नाथ सम्प्रदायको गुह्यपूजामा भने अहिले पनि पञ्चमकारको प्रयोग चलिआएको छ। भारतको गोरखपुर स्थित गोरखनाथको मन्दिरमा माघेसंक्रान्तिका दिन सबभन्दा पहिले नेपालको गोरखा दरबारबाट लगिएको खिचडी चढाएपछि त्यहाँका महन्त र अरू दुनियाँदारले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथलाई खिचडी चढाउन पाउने परम्परा छ। यस परम्पराबाट गोरखनाथ नेपालबाट भारत गएका हुन् भन्ने पुष्टि हुन्छ। मत्स्येन्द्रनाथद्वारा स्थापित नाथ सम्प्रदायलाई गोरखनाथले भलिभाँति विकास गरेका थिए। गोरखामा शाहवंशको राज्य स्थापना गर्ने द्रव्य शाह, राम्रो थिति बाँधेर गोरखालाई अघि बढाउने राम शाह र आधुनिक नेपालको एकीकरणका अभियन्ता पृथ्वीनारायण शाहले गोरखनाथबाट आशीर्वाद पाएको विश्वास गरिन्छ। अतः नेपाल राष्ट्रको निर्माणमा गोरखनाथ र नाथ सम्प्रदायको महत्त्वपूर्ण योगदान रहेको बुझिन्छ।

गोरखनाथपछि रतननाथ नाथ सम्प्रदायका महान सिद्ध भए। रतननाथ पनि नेपालका धर्ति पुत्र हुन्। रत्नपरिक्षक नामक राजा सिद्ध रतननाथ भएका हुन्। सिद्ध रतननाथले नाथ सम्प्रदायलाई अन्तर्राष्ट्रियकरण गरिदिए। उनले काबुल, कन्दहार, खुर्सान आदि स्थानको यात्रा गरेर आफ्नो विद्वता र सिद्धि प्रदर्शन गरेका थिए। मक्काको तीर्थयात्रा गरेर हाजी र पीरको उपाधि प्राप्त गरेका थिए। सुगौली सन्धि पछि अहिले पाटनदेवी भारतको सरहदभित्र पर्न गयो तापनि धार्मिक एवम् सांस्कृतिक रूपले अहिले पनि भारतस्थित पाटनदेवी दाङको रतननाथ मठ अन्तर्गत रहेको छ।

रतननाथ पछि भगवन्तनाथ नाथ सम्प्रदायका ठूला योगी भए। पृथ्वीनारायण शाहको समयमा खासगरी पश्चिम नेपालका राजाहरूसँग राम्रो सम्झौता गरेर उनीहरूबाट पृथ्वीनारायण शाहको अभियानमा बाधा पार्न नदिने काममा भगवन्तनाथको ठूलो सहयोग थियो। भगवन्तनाथको जन्म दखिन भारतमा भएको मानिन्छ। यसरी दखिन भारतमा जन्मेका एउटा जोगीले नेपाल राष्ट्रको निर्माणमा ठूलो योगदान दिएको पाइएको छ। अतः यी कुरा अहिलेका भारतीय मित्रहरूले राम्ररी बुझिदिन आवश्यक छ।

भगवन्तनाथ पछि योगी नरहरिनाथ नाथ सम्प्रदायका ठूला योगी भए। कालीकोटको थापा क्षेत्रीकुलमा जन्मेका बलवीरसिंह थापा योगी नरहरिनाथका रूपमा प्रसिद्ध भए। योगी नरहरिनाथलाई गोरखनाथकै अंशावतार मान्दा कुनै अत्युक्ति हुने छैन। नेपालको इतिहासको अन्वेषण, धर्म, संस्कृति र भाषाको संरक्षण, राष्ट्रको निर्माण र राष्ट्रियताको विकासमा योगी नरहरिनाथको ठूलो योगदान रहेको छ। श्री ५ महेन्द्र, योगी नरहरिनाथ र करपात्री स्वामीको सक्रियतामा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो। अतः नेपाल संस्कृत विश्वविद्यालय योगी नरहरिनाथ प्रति कृतज्ञ छ। त्यसकारण यो पुस्तक योगी नरहरिनाथ प्रति समर्पण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको हो ।

नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रले दाङ जन्मभूमि र कर्मभूमि भएका त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, घोराही, दाङका नेपाली संस्कृति विषयका सहप्राध्यापक श्री भूमिराज गौतमको यो पुस्तक प्रकाशित गर्न पाउँदा ज्यादै हर्ष लागेको छ । अतः म उहाँको उत्तरोत्तर अभिवृद्धिको मङ्गलकामना गर्दछु । नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति श्रीमान् प्रा.डा. कुलप्रसाद कोइराला, शिक्षाध्यक्ष प्रा. रमेशप्रसाद ढकाल एवम् कुलसचिव प्रा.कार्तिकेय झाले आ-आफ्ना ओजपूर्ण शुभकामना मन्तव्य दिनुभई यस पुस्तकको प्रकाशनका लागि हौसला दिनुभएकोमा उहाँहरू सबैप्रति यस राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यो पुस्तकको भाषा सम्पादनमा सहयोग गर्नुहुने राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रका सह-प्राध्यापक डा. लक्ष्मीराज पण्डित र भाषा सम्पादन सहित पुस्तकको डिजाइन तयार पार्नुहुने कम्प्युटर अपरेटर श्री टेकनाथ पाण्डेयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यसैगरी सफा र छिटोछरितो तरिकाले बेलामौकामा नै पुस्तक प्रकाशित गरिदिनुहुने कृपा प्रिन्टर्स परिवालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

डा. जगमान गुरूङ
कार्यकारी निर्देशक
राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका



हाम्रो देश सांस्कृति विविधताले भरिएको देश हो । यहाँ भाषा, भाषी विभिन्न जन जाति तथा सांस्कृतिक सम्पदाहरू छरिएर रहेका छन् । नेपालमा रहेका ती सांस्कृतिक सम्पदाको इतिहासलाई खोजी गरी उजागर गर्न सकेमा मात्र नेपाली संस्कृति समृद्ध हुन्छ । नेपालमा रहेका विविध जनजाति धर्म, संस्कृति र कला वास्तुकलाको इतिहास आफ्नै मौलिकपनले रङ्गिएको छ । यसै प्रसङ्गमा नेपाली माटोमा मौलाएका सम्प्रदाहरूमध्ये नाथ सम्प्रदाय पनि एक हो । नाथ सम्प्रदाय नेपाली माटोमा हुर्केर नेपाली संस्कृतिलाई समृद्धशाली बनाउनमा अहम् भूमिका खेलेको छ । यस विषयलाई हामीले गौरवको विषय मान्नु पर्दछ । दाङको चौघेरा स्थित सिद्ध रतननाथ मठको सांस्कृतिक अध्ययन नामक कृतिले अनुसान्धानको क्षेत्रमा नयाँ दिशाबोध हुनसक्ने छ भन्ने अपेक्षा राखेको छु । हिन्दू धर्म र संस्कृतिको क्षेत्रमा शोधपूर्ण कृति प्रस्तुत गर्न पाउँदा निकै खुसीको अनुभव हुनु स्वभाविक हो । विषय वस्तुलाई प्रामाणिक एवं विश्लेषणात्मक रूपमा प्रस्तुत गर्ने कुरा अप्ठारो कार्य हो । उपलब्ध केही ग्रन्थहरूमा दिइएका विवरणहरू पौराणिकता र काल्पनिकताले जेलिएका हुन्छन् । ऐतिहासिक तथ्यको लागि त सिला खोज्नु पर्दछ । तर पनि त्यस्ता ग्रन्थमा उल्लेख परम्परा तथा पौराणिकतालाई तुलनात्मक अध्ययनबाट ऐतिहासिक तथ्यको नजिक पुग्नु पर्दछ । यही नै अनुसन्धानको प्रमुख कसी हो । प्रस्तुत कृतिले नाथ सम्प्रदायको इतिहासमा पहिलो पाइला टेक्ने प्रयास गरेको छ ।

राप्ती अञ्चल स्थित दाङ जिल्लाको चौघेरा नामक स्थानमा सिद्ध रतननाथ मठ नाथ सम्प्रदायको महत्त्वपूर्ण सांस्कृतिक धरोहरको रूपमा उभिएको छ । आज सम्म यस धरोहरले नाथ सम्प्रदायको गौरवलाई जोगाइरहेको छ । प्रस्तुत कृतिले जिज्ञासु पाठकवर्गहरूलाई नाथ सम्प्रदायको बारेमा बौद्धिक खुराकको खाँचो पूरा गर्नेछ भन्ने अपेक्षा राखेको छु ।

नाथ सम्प्रदायको उदयले नेपाली धर्तीलाई सिञ्चित गरेको छ । नेपालमा प्रचलित सम्प्रदायहरूमा नाथ सम्प्रदायले नयाँ विचारधाराको प्रतिनिधित्व गरेको छ । वास्तवमा नेपालमा नाथ सम्प्रदायले समन्वयकारी भूमिका खेलेको कुरामा दुई मत नहोला । किनभने नाथ सम्प्रदायले वज्रयानी बौद्ध धर्म र इस्लाम धर्मको सुफी मतका विचारलाई सार वस्तुको रूपमा ग्रहण गरेको छ । अझ अगाडि गएर भन्नु पर्दा नाथ सम्प्रदायबाट इस्लामको सुफी मत प्रभावित भएको छ । नाथ सम्प्रदायले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लिएको धर्म सहिष्णु नीतिले गर्दा यो सम्प्रदाय सबै धर्मको निम्ति पथ प्रदर्शकको रूपमा रहेको छ।

नाथ सम्प्रदायको विचारलाई समाजमा प्रतिस्थापित गराउनमा अहं भूमिका खेल्ने सिद्ध रतननाथ दाङ्गको धर्तीका उपज मानिन्छन्। दाङको धर्तीले रतननाथ जस्ता सिद्धलाई प्राप्त गर्नु निकै गौरवको विषय बनेको छ। विद्वान लेखकहरूले सिद्ध रतननाथको प्रसङ्गमा चर्चा गरेका विषयवस्तुहरू महत्त्वका देखिएका छन्। ती विषय वस्तुहरूको अध्ययनबाट निश्चय नै सिद्ध रतननाथ सिद्ध पुरुषको रूपमा स्थापित भएको प्रतीत हुन्छ। आजसम्म पनि उनका विचारहरू नाथ सम्प्रदायको निम्ति पथ प्रदर्शकको रूपमा रहेका छन्।

यो पुस्तक तयार पार्दा विभिन्न पुस्तकालय तथा विभिन्न विद्वानहरूका कृतिहरू एवं लेख रचनाको सहयोग लिएको छु। जसको निम्ति उहाँहरू सबै धन्यवादका पात्र हुनुहुन्छ।

प्रस्तुत कृति लेखन कार्यमा मलाई प्रेरणा दिने श्रद्धेय गुरु डा. जगमान गुरुङ्ज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। यो कृति तयार पार्नमा उहाँले दिएका सुझावहरू मेरा निम्ति प्रेरणाका श्रोतका रूपमा रहेका छन्। उहाँको प्रेरणादायी भूमिकाबाट नै आज मैले यो कृति पाठक समक्ष प्रस्तुत गर्न सकेको छु। उहाँबाट प्राप्त गरेको ऊर्जाले नै मलाई कृति तयार पार्नमा सफलता मिलेको हो।

प्रस्तुत ग्रन्थको प्रकाशनको अभिभारा लिने राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रप्रति आभार प्रकट गर्न चाहन्छु। आफ्नो देशको संस्कृति र इतिहासमा अभिरुची लिनेहरूको ध्यान स्वतः आकृष्ट हुँदा राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रबाट पुस्तक प्रकाशित हुनु अवश्य पनि सांस्कृतिक सम्पदाको संरक्षण गर्ने दिशातिर सारिएको एउटा सकारात्मक कदम हो। नेपालका विभिन्न भूभागमा आजसम्म ओझेलमा परेका भाषा, भाषी सांस्कृतिक सम्पदा तथा जनजातिका गरिमामय इतिहासलाई उजागर गर्न सकिएमा नेपाली संस्कृतिको संरक्षणमा नयाँ उचाइ थपिने कुरामा दुई मत नहोला। अन्त्यमा प्रस्तुत ग्रन्थ लेखन कार्यमा सहयोग पुऱ्याएकोमा सिद्ध रतननाथ मठप्रति हार्दिक आभार प्रकट गर्दछु।

प्रस्तुत ग्रन्थको कम्प्यूटर टाइपिङ्ग तथा प्रिन्टिङ्ग गरी सहयोग गर्ने वेदुप्रसाद अधिकारीलाई धन्यवाद दिन चाहन्छु। प्रस्तुत ग्रन्थको तयारीमा लागिपर्दा उत्साह र उर्जा थपिदिने कार्यमा सहयोग गर्ने शोभा शर्मा गौतमलाई पनि धन्यवाद दिन चाहन्छु। प्रस्तुत किताबबाट नाथ सम्प्रदायको प्राचीन इतिहास बोकेको सिद्ध रतननाथ मठको बारेमा परिचय दिन सकेकोमा शोध कर्ताको प्रयास सार्थक भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभूति भएको महसुस गरेको छु ।

अतः प्रस्तुत कृतिबाट पाठक वर्गले केही अंशमा भए पनि लाभ लिन सक्नुहुनेछ भन्ने अपेक्षा राखेको छु । साथै यस पुस्तकको प्रकासनवाट नाथ सम्प्रदायको अध्ययनमा केही थप सहयोग पुग्ला भन्ने अपेक्षा राखेको छु । प्रस्तुत पुस्तकले नाथ सम्प्रदायको सन्दर्भमा केही परिचय दिने जमर्को गरेको छ । यद्यपि प्रस्तुत पुस्तकले आफैमा पूर्णता प्राप्त गरेको नहुन सक्दछ । अन्त्यमा प्रस्तुत कृतिको बारेमा प्राज्ञ पाठक वर्गको सुझाव एवं सल्लाहको समेत अपेक्षा गर्दछु । प्राज्ञ पाठक वर्गका सुझाव एवं रचनात्मक सल्लाह नै मेरा लागि मार्गदर्शनका रूपमा रहनेछन् ।

भुमिराज गौतम
उप-प्राध्यापक,
संस्कृति
महेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, दाङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ सह ना ववतु । सह नौ भुनक्तु । सह वीर्यं करवावहै ।
तेजस्विनावधीतमस्तु । मा विद्विषावहै ।

(परमात्माले हामी दुई (गुरु शिष्य) लाई विद्याको स्वरुप प्रकाश गरेर सँगसँगै रक्षा गरून्, परमात्माले हामी दुई (गुरु शिष्य) लाई विद्याको फलप्रकाश गरेर सँगसँगै पालन गरून् । हामी दुवै (गुरु शिष्य) सँगसँगै विद्यासम्बन्धी सामर्थ्य प्राप्त गरौँ । हामी दुई (गुरु शिष्य) ले पढेको विषय तेजिलो होस् । हामी (गुरु शिष्य) कहिल्यै पनि परस्परमा द्वेष नगरौँ ।)

- कठोपनिषद्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

उपकुलपतिज्यूको शुभकामना मन्तव्य	I
कार्यकारी निर्देशकज्यूको प्राक्कथन	III–VI
लेखकको भूमिका	VII–IX
परिच्छेद - एक	
नेपालमा नाथ सम्प्रदायको ऐतिहासिकता	१–२८
१.१. विषय प्रवेश	१
१.२ नेपालमा नाथ सम्प्रदायको ऐतिहासिकता	३
परिच्छेद - दुई	
सिद्ध रतननाथको ऐतिहासिकता	२९–४६
२.१. विषय प्रवेश	२९
२.२. सिद्ध रतननाथको ऐतिहासीकता	३१
परिच्छेद - तीन	
सिद्ध रतननननाथ मठमा रहेका योगीहरूको सङ्गठनात्मक स्वरूप	४७–५८
३.१. विषय प्रवेश	४७
३.२. पीर	४७
३.३. भण्डारी	५०
३.४. पुजारी	५१
३.५. सिराने	५२
३.६. धुनी जोगी	५२
३.७. मान भाउ	५३
३.८. गोसाई	५४
३.९. मठका संरक्षक	५५
३.१०. पूजा पद्धति निर्देशक	५५
३.११. चित्रकला प्रदर्शनी व्यवस्थापक	५६
३.१२. पुस्तकालय व्यवस्थापक	५६
३.१३. कोठारी	५६
३.१४. बहिदार	५७
३.१५. भान्से	५७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - चार

सिद्ध रतननाथ मठमा हुने पूजाविधि ५९-७६
४.१. विषय प्रवेश ५९
४.२. सिद्ध रतननाथ मठमा हुने परम्परागत पूजा पद्धति ६०
४.३. रतननाथ मठमा हुने नित्य पूजाको लागि भएको व्यवस्था ६४
४.४. सिद्ध रतननाथ मठमा वर्षभरी गरिने धार्मिक कृयाकलाप ६६
४.४.१ गोरक्ष जयन्ति ६६
४.४.२ जनै पूर्णिमा ६६
४.४.३ दशैं ६७
४.४.४ पात्रदेवको महास्नान ६८
४.४.५ फागु पूर्णिमा ६८
४.४.६ नागपञ्चमी ६८
४.४.७ शिवरात्री ६८
४.४.८ पीर स्थापना ६९
४.४.९ धार्मिक जागरण ७१
४.४.१० सिद्ध रतननाथ मठमा पीर स्थापनाको दिन लाग्ने मेला ७२
४.५ पात्रदेवको देवीपाटनमा यात्रा ७४

परिच्छेद - पाँच

सिद्ध रतननाथ मठको कला र वास्तुकला ७७-८२
५.१. सिद्ध रतननाथ मठमा रहेका मूर्तिहरू ७७
५.२. सिद्ध रतननाथको मूर्ति ७९
५.३. भैरव मूर्ति ७९
५.४. शिवलिङ्ग ८०
५.५. रतननाथ मन्दिरको वास्तुकला ८१

परिच्छेद - छ

सिद्ध रतननाथ वरपरका पुरातात्त्विक स्थलहरू ८३-
६.१. विषय प्रवेश ८३
६.२. सिद्ध रतननाथ मठ वरपरका पुरातात्त्विक स्थलहरू ८३
६.३. रतननाथ मठको उत्तरपट्टिको तलाउ ८५
उपसंहार ८६-९०
सन्दर्भ सामग्री ९१-९६
परिशिष्ट ९७-१००

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - एक

नेपालमा नाथ सम्प्रदायको ऐतिहासिकता

१.१. विषय प्रवेश

विश्वको धार्मिक इतिहासको खोजी गर्दा सम्प्रदायको उत्पत्ति निश्चित उद्देश्य प्राप्तिका लागि भएको देखिन्छ । किनभने सम्प्रदायहरू समाजसँग अभिन्न रूपमा गाँसिएका हुन्छन् । समाजलाई निश्चित गन्तव्यमा पुऱ्याउन सम्प्रदायहरू क्रियाशील भएर रहेका हुन्छन् । यस्ता सम्प्रदायहरू युगका सम्वाहकको रूपमा स्थापित हुन्छन् । यसबाहेक सम्प्रदायहरूले मानवको लौकिक तथा पारलौकिक जीवनलाई सफल तुल्याउन अहम् भूमिका खेलेका हुन्छन् ।

मानव सभ्यताको उषाकालदेखि नै धार्मिक सम्प्रदायले मानव समाजको पथ प्रदर्शकको रूपमा काम गरेको देखिन्छ । यस्ता सम्प्रदायको जन्म दिने विचारकहरू राष्ट्रका निम्ति गौरवका विषय बन्न सक्दछन् । कुनैपनि राष्ट्रमा उदय भएको धार्मिक मतले त्यस राष्ट्रका नागरिकको चेतनाको स्तरलाई माथि उकासेको हुन्छ । हुन पनि राष्ट्रलाई समुन्नत तुल्याउने एक मात्र माध्यम संस्कृति नै हो । मानव समाजबाट नै संस्कृतिको उद्भव भएको हो । त्यसो हुनाले सभ्यताको उषाकाल देखि नै संस्कृतिको अविरल प्रवाह भइराखेको छ । जसरी नदीको अविरल प्रवाहलाई रोकेर रोक्न सकिँदैन त्यसैगरी संस्कृतिको अविरल प्रवाहलाई पनि कसैले रोक्न सक्दैन । संसारमा स्थापित धार्मिक विचार मानव समाजका साझा सम्पत्ति हुन् । यही धार्मिक विचारबाट राष्ट्र-राष्ट्रबिच सांस्कृतिक सम्बन्ध प्रगाढ भएको हुन्छ । यस्ता धार्मिक विचारले अन्तराष्ट्रिय रूप धारण गरेका हुन्छन् । यस्ता धार्मिक मतलाई जन्म दिने विचारकहरू राष्ट्रका अमूल्य गहना मानिन्छन् । ती विचारकहरूमा कभ्युसियस, महावीर, गौतम बुद्ध, गोरखनाथ आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ । यस प्रसङ्गमा नाथ सम्प्रदायलाई लिन सकिन्छ । नाथ सम्प्रदाय भन्ने नामाकरण हरप्रसाद शास्त्रीले गरेका हुन् भनी कल्याणी मल्लिकले उल्लेख गरेकी छन् (कोइराला, २०५२:१२) । नाथ सम्प्रदायको उद्गम स्थलको रूपमा नेपाल तथा भारत मानिन्छन् । ती स्थानहरूमा नाथ सम्प्रदायले आफ्नो प्रभाव कायम राखेको बुझिन्छ । नाथ सम्प्रदायको इतिहास खोज्दा आदिनाथसँग जोड्न सकिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने नाथ परम्परामा नाथ सम्प्रदायका प्रवर्तकको रूपमा आदिनाथलाई मान्ने परम्परा विद्यमान छ । काठमाडौको चोभारको डाँडोमा आदिनाथको मन्दिर रहेको छ। बौद्ध धर्मावलम्बीले आदिनाथलाई अवलोकितेश्वरको रूपमा पुज्छन् । अर्को शब्दमा भन्ने हो भने बौद्ध धर्मावलम्बीले मत्स्येन्द्रनाथलाई नै आदिनाथको रूपमा पुज्दछन् । मत्स्येन्द्रनाथका बारेमा पहिलो उल्लेख ई.सं. को तेह्रौं शताब्दीको प्रारम्भिक समयमा नेपाल भ्रमण आउने तिब्बती यात्री धर्म स्वामीनको जीवनीमा वर्णित छ (हाम्रो संस्कृति, २०३७) । यसरी मत्स्येन्द्रनाथ हिन्दू र बौद्ध सम्प्रदायका साझा देवताका रूपमा सम्मानित भएका छन् । ई.सं.को तेह्रौं शताब्दीको ज्ञानेश्वरी ग्रन्थानुसार कनफट्टा अथवा नाथ सम्प्रदायका प्रवर्तक मानिएका गोरखनाथलाई मत्स्येन्द्रनाथका शिष्यको रूपमा लिइन्छ (हाम्रो संस्कृति, २०३७ : ७६) ।

वास्तवमा सिद्ध मत्स्येन्द्रनाथका शिष्य सिद्ध गोरखनाथ हुन् भन्ने कुरामा कुनै सन्देह छैन । मत्स्येन्द्रनाथले योगको प्रचार गर्न ठाउँ-ठाउँको भ्रमण गरे । नाथ सम्प्रदायका विशिष्ट योगी र सबै सम्प्रदायका उद्धारकको रूपमा गोरखनाथको व्यापक महत्त्व छ । पौराणिक मान्यताअनुसार मत्स्येन्द्रनाथले भगवान् शिवलाई गोरखनाथको अवतार लिई पृथ्वीमा योगको प्रचार गर्न अनुरोध गरेका थिए । भगवान् शिव मत्स्येन्द्रनाथलाई मद्दत गर्न अवतार लिन वचनबद्ध भए (सुवेदी, २०६० : ४५) । यसरी शिवले योगको प्रचार गर्न गोरखनाथको अवतार लिएकाले शिव गोरखनाथ भन्ने गरिन्छ ।

नाथ सम्प्रदायमा नाथ शब्द निकै लोकप्रिय रहेको छ । त्यसैले नाथ शब्दको इतिहासलाई केलाउनु यस सन्दर्भमा आवश्यक देखिन्छ । नाथ शब्दको शाब्दिक अर्थ तथा दार्शनिक अर्थ को व्याख्या 'गोरक्षसिद्ध सङ्ग्रह' भन्ने ग्रन्थमा गरिएको छ । जसअनुसार 'ना' को अर्थ अनादि रूप र 'थ ' को अर्थ भुवनत्रयको स्थापना यस्ता गोरखनाथलाई नमस्कार । यस्तै 'गोरख सिद्धान्त सङ्ग्रह'मा नाथ शब्दको परिभाषा यसरी गरिएको छ- 'ना' भनेको त्यो तत्त्व हो, जसले मोक्ष दिन्छ र 'थ' को अर्थ हो अज्ञानलाई स्थगित गर्ने । यसरी नाथ शब्द ब्रह्मरूप अथवा परम तत्त्वरूप ईश्वर हो जसले मोक्ष प्रदान गर्दछ (कोइराला, २०५२ : १०) । नाथ शब्दको प्राचीनता खोज्दै जाँदा वैदिक साहित्यसम्म पुग्न सकिन्छ । नाथ शब्दको शाब्दिक अर्थ मालिक, पति र ईश्वर भन्ने हुन्छ (पराजुली, २०४० : ७१८) । यस प्रसङ्गबाट नाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दको चर्चा वैदिक युगमा भएको पाइन्छ ।

नाथ शब्दको सर्वप्रथम अथर्ववेद र तैत्तरिय ब्राह्मणमा शरणदाताको रूपमा प्रयोग भएको पाइन्छ (वर्मा, २०२० : १) । महाभारतमा नाथ शब्द स्वामी वा पतिको अर्थमा प्रयोग गरिएको पाइन्छ (वर्मा, २०२० : १) । परवर्तित कालमा योगपरक शैव मतको विकास नाथ सम्प्रदायको रूपमा भई नाथ शब्दले शिवलाई बुझाउन थाल्यो । शैव सम्प्रदायको कुन शाखासँग नाथको बढी सम्बन्ध छ, त्यो छुट्याउन कठिन छ । नाथ, योगी, गोरखनाथ सम्प्रदाय आदि विभिन्न नामले यो सम्प्रदायलाई बुझाउँछ भने व्यवहारमा कनफट्टा, दर्शनी आदि नामले नाथपन्थीको परिचय पाइन्छ (कोइराला, २०५२ : १०) । नाथ परम्परामा शिवलाई प्रथम आदिनाथको रूपमा लिने गरिन्छ । किनभने नाथ सम्प्रदायलाई अङ्गाल्ने समुदायहरूले शिवलाई श्रद्धाको दृष्टिले हेर्छन् । प्राचीनकालदेखि नै आदिनाथसँग आफ्नो सम्बन्ध प्रगाढ बनाएर राखेको बुझिन्छ । गोरखनाथको नाथ पन्थ ईश्वरवादी छ, र आदिनाथ शिव यस मतका मूल स्रोत मानिन्छन् (सिंह, सन् १९३५ : ४७०) । परम्परागत लोकोक्तिअनुसार गोरखनाथको सम्प्रदाय धेरै पुरानो हो, जसले गर्दा गोरखनाथ एक प्रखर सिद्धको रूपमा स्थापित भएका छन् । यसरी गोरखनाथको एकेश्वरवाद र अन्तरसाधनको सिद्धान्तले सनातन धर्ममा गहिरो प्रभाव जमाएको बुझिन्छ । त्यसैले गोरखनाथ प्रेरणाको शक्तिपुञ्जको रूपमा स्थापित भएका छन् ।

१.२ नेपालमा नाथ सम्प्रदायको ऐतिहासिकता

नाथ सम्प्रदायको उदय हुनु भन्दा पहिले भारतको पूर्वी बङ्गालमा नयाँ धार्मिक अभियानको रूपमा वज्रयान सम्प्रदायको उदय भयो । ईशाको आठौं शताब्दीको अन्त्यतिर उदय भएको यस मतले नेपाल तथा वरपरका देशहरूलाई समेत गहिरो प्रभाव पार्न सफल भयो (प्रधान, २०४५ : १२१) । यस प्रकार वज्रयानी सिद्धहरूले पूर्वी बङ्गाललाई आफ्नो क्रीडास्थल बनाएको देखिन्छ । वज्रयानी सिद्धहरूको प्रभाव आसाम देखि विहार, उडिसासम्म परेको देखिन्छ (सुरभ, २०३३ : ७५) । वज्रपाणी सिद्धहरू निरिश्वर अथवा शून्यवादी बौद्ध भएको हुनाले साधारण मानव समुदायका सिद्धहरूप्रति झुकाव नभएको देखिन्छ । सिद्धहरूले पञ्चमकारलाई स्वीकार गरेका थिए । स्वीकार गरेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले नयाँ विचारको जन्म हुनु समयको माग रहेको थियो । यस्तो अवस्थामा नयाँ धार्मिक आन्दोलनको सुरुवात भयो । धार्मिक आन्दोलनको अगुवाको रूपमा केही सिद्धहरू देखा परे । धार्मिक आन्दोलनले नयाँ विचारलाई जन्म दियो । यस्ता विचारकहरूमा मत्स्येन्द्रनाथ, गोरखनाथ आदि सिद्धहरूको महत्त्वपूर्ण स्थान रहेको छ । यो नयाँ विचार नाथ सम्प्रदायको रूपमा देखा पऱ्यो । अतः यस परिमार्जित विचारका प्रवर्तक नाथ सम्प्रदायका प्रथम रत्न गोरखनाथ थिए । (सिंह, त्यही : ४७१) ११ औँ शताब्दीतिर शैव धर्म तन्त्रयानको रूपमा विकसित हुन पुग्यो । त्यसै समयमा नाथ सम्प्रदायको स्वरूप देखा पऱ्यो । यस सम्प्रदायका प्रवर्तक गोरखनाथ थिए (बुलर, १९९३ : ३१) । यसबाट गोरखनाथले नाथ सम्प्रदायलाई साङ्गठनिक रूप दिएको बुझिन्छ । नाथ सम्प्रदायको जन्म पूर्वी बङ्गालमा भएको विश्वास गरिन्छ (सेन, १९५६ : २८०) । यसरी नाथ सम्प्रदायको उदय भएको स्थानबाट यसको विकासको क्रमबद्ध इतिहास तयार पार्नमा सघाउ पुगेको देखिन्छ । वास्तवमा शङ्कराचार्य र प्रारम्भिक मध्ययुगी भारतीय इतिहासको भक्ति अभियानको बिचमा योगमार्गको ठूलो धार्मिक आन्दोलन गारेखनाथले छेडेका थिए । गोरखनाथलाई परिमीर्जित विशुद्ध सात्विक हठयोगको प्रचारकको रूपमा लिने गरिन्छ । पूर्वी बङ्गालमा वज्रयान सम्प्रदायले पञ्चमकारलाई आफ्नो आफ्नो प्रमुख आधारको रूपमा स्वीकार गरेको थिए । नाथ सम्प्रदायको उदयपछि मद्य मांसलाई निषेध गरियो । यसबाट सिद्धहरूले आदरभावले हेर्न थाले । नाथ सम्प्रदायका योगीहरूले हठयोगको साधनालाई अनुशासित तवरबाट पालना गर्दछन् (सिंह, त्यही : ४७१) ।

यसरी पूर्वी बङ्गाल सिद्धहरूको उर्वर भूमिको रूपमा विकसित भइसकेको देखिन्छ । सिद्धहरूले मन्त्र, मैथुन, योग र मद्य चारै थोकलाई साधनाको प्रमुख माध्यम बनाउने गर्दथे । मन्त्र, मैथुन, योग र मद्य चारै थोक वज्रयानका मुख्य तत्त्व हुन् (सांकृत्यायन, १९५८ : ११६) । ती सिद्धहरूमा सरहपा, लुइपा तथा शान्तिपाले नारीलाई महामुद्राको माध्यम बनाई तिनको सहायताबाट सिद्धि प्राप्त हुने कुरामा विश्वास राख्दथे (सिंह, त्यही : ४७१) । चौरासी सिद्धहरूमध्ये विरूपा पहिले नालन्दा महाविहारमा प्रव्रजित भएर पढेका थिए । श्री पर्वतमा सिद्धि प्राप्त गरेपछि नालन्दामा नै फर्कंदा विहारमा मद्य, स्त्री आदि सह चर्याका आवश्यक वस्तुहरू उपयोग गर्न नपाएर त्यहाँबाट हिडेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिन्छ (सांकृत्यायन, १९५८ : १४७) । सिद्धहरूको यस्ता वस्तुहरू प्रतिको आकर्षणले गर्दा नयाँ धार्मिक मान्यताले स्थान पाएको देखिन्छ । यो सम्प्रदाय खडा हुन लागेको समयमा सनातन धर्मको शैव सम्प्रदायबाट विकास भएर अर्को सम्प्रदायको जन्म भयो । जयशङ्कर मिश्रले पूर्वी मध्ययुगमा शैव धर्म नयाँ-नयाँ रूपका आयामहरू लिएर विकसित भएको धारणा व्यक्त गरेका छन् । यस्तै मध्ये एकथरी नाथ सम्प्रदाय, नाथ पन्थ, वा हठयोग हुनपुग्यो । (मिश्र, १९८० : ७११) शैव पाशुपत र वज्रयानको सम्मिश्रणको रूप नाथ सम्प्रदाय हो भन्ने पनि विद्वान्हरूको धारणा छ । यस्तै धारणा चुडानाथ भट्टरायले राख्नुभएको देखिन्छ । उहाँले पाशुपतको बीज नाथमा छ भनी चर्चा गर्नु भएको छ (भट्टराय, २०३५ : ८१) । यसबाट पाशुपत मतको पृष्ठभूमिबाट नाथ सम्प्रदायको विकास भएको हुन सक्ने अनुमान गरिएको छ । यसरी आठौं शताब्दीको समयलाई सिद्धहरूको युगको रूपमा लिने गरिन्छ । आचार्य शुक्लले गोरखनाथको धार्मिक सम्प्रदायको खोजमा नाथ सम्प्रदायको मुख्य श्रोत वज्रयान हो भन्ने धारणा व्यक्त गरेका छन् (शुरभ, २०३३ : ७४) । अतः नाथ पन्थ लाई जन्म दिने व्यक्तित्वहरूमा चौरासी सिद्ध नै हुन् भन्ने धारणा प्रबल रहेको देखिन्छ । गोरक्ष सिद्धान्त सङ्ग्रहमा चतुराशीति सिद्ध शब्दको साथ गोरक्ष, चर्पेट, जलान्धर, कण्हपा सिद्धको नाम उल्लेख छ । यसबाट चौरासी सिद्ध र नाथ पन्थको बिचमा गहिरो सम्बन्ध कायम भएको बुझिन्छ (सांकृत्यायन, त्यही : १३२-१३३) । वज्रयानी चौरासी सिद्धहरूको नामावलीमा सरहपा सबभन्दा प्राचीन मानिन्छन् । आदिम सिद्ध शर (वाण) बनाउने की छोरीलाई आफ्नो मुद्रा बनाएर जङ्गलमा बस्दथे, आफैले पनि वाण बनाउन लागे । त्यसैले उनको नामकै शरपाद (सरहपा) जनभाषामा रह्यो (सांकृत्यायन, त्यही : १३८) । उनले संस्कृत भाषालाई त्यागेर जनजनमा आफ्नो सिद्धान्त प्रचार गर्न लोक भाषामा दोहा लेखे । यी सिद्धले पुरानो रूढिको सट्टा अन्तर साधनमा विशेष जोड दिए (सुरभ, २०३३ : ७६) । चौरासी सिद्धमध्ये गोरखनाथ नवौँ सिद्धमा गणना गरिन्छन् । हुन पनि वज्रयानी सिद्धहरूको नामावलीमा उनको स्थान नवौँ रहन गएको छ । गोरखनाथका गुरु मत्स्येन्द्रनाथलाई मानिएको छ । यसरी सिद्ध परम्परामा गोरखनाथको ठूलो स्थान रहेको देखिन्छ (सुरभ २०३३ : ७६) । तिब्बती विद्वान तारानाथका अनुसार प्रारम्भमा सिद्ध गोरखनाथ वज्रयानी बौद्ध थिए र कालान्तरमा उनी नाथ सम्प्रदायमा प्रवर्तित भए । त्यस समयमा गोरखनाथको वज्रयानी नाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनङ्गवज्र थियो (लामा र चट्टोपाध्याय, १९९७ : २२७)। भारतीय विद्वान पं. हरप्रसाद शास्त्रीले गोरखनाथको वज्रयानी नाम रमणवज्र मानेका छन् (द्विवेदी १९९६ : ४०)। यस भनाइबाट प्रारम्भमा गोरखनाथ वज्रयानी बौद्ध भिक्षु भएको कुराको पुष्टि हुन्छ।

अलाउद्दिनका समकालीन (१३५८ ई.) सन्त ज्ञानदेवले बताएका छन् की गोरखनाथको शिष्य परम्परामा समेत मत्स्येन्द्रनाथलाई गोरखनाथको गुरु मानिएको छ। उनका अनुसार प्रथम गुरु आदिनाथ हुन्। नाथ परम्परामा मत्स्येन्द्रनाथका गुरु जालन्धर मानिएको छ। तिब्बतमा पाइएको ग्रन्थअनुसार जालन्धर नाथ नै आदिनाथ हुन् (शुरभ, त्यही : ७४)। यसरी नेपालमा आदिनाथ र मत्स्येन्द्रनाथ एकै मानिएको जस्तो पनि देखिन्छ। सुरुमा मत्स्येन्दनाथ तान्त्रिक बौद्ध र पछि शैव र योगी भएका थिए (साहु, १९५८ : १७४) किनभने वज्रयानी पूजा पद्धति र नाथ परम्पराको पूजा पद्धति मिल्दाजुल्दा हुन्छन् भनी डा. जगमान गुरुङले इतिहासविद् धनवज्रबाट सुनेको कुरा चर्चा गर्नु भएको छ (गुरुङ, २०७१ : १५)। आजकाल मत्स्येन्द्रनाथलाई बौद्धहरूले आर्यवलोकितेश्वर र हिन्दूहरूले शिवको रूपमा पूजा गर्ने चलनको पृष्ठभूमिमा उनी प्रारम्भमा तान्त्रिक बौद्ध र पछि शैवयोगी भएको प्रष्ट हुन्छ। चलनको पृष्ठभूमि उनी प्रारम्भमा तान्त्रिक बौद्ध र पछि शैवयोगी भएको प्रष्ट हुन्छ।

दशौँ शताब्दीको उत्तरार्धतिर मत्स्येन्द्रनाथले नाथ मतको प्रचार गरेको पाइन्छ। मत्स्येन्द्रनाथले नै योगिनी कौल नामक नयाँ सिद्धान्त नाथ सम्प्रदाय अन्तर्गत प्रतिपादन गरेका थिए (क्षेत्री र खतिवडा २०५४ : ७८)। मत्स्येन्द्रनाथ नेपाल आएर कौलाचार मतको प्रचार गरेको विश्वास गरिन्छ। योगद्वारा ठूलाठूला चमत्कार देखाउन योगीहरू खप्पिस देखिन्थे। यिनीहरू बङ्गाल, मगध आदि देशमा आफ्नो यौगिक चमत्कार देखाई विचरण गरिरहन्थे। सिद्धहरूको यस्तो यौगिक क्रियाकलापले त्यसबेला हिन्दू र बौद्ध धर्ममा समावेश हुँदै आइरहेको तान्त्रिक प्रभावलाई अझ प्रभावशाली बनाउनमा मद्दत पुऱ्यायो। गोरखनाथले सम्पूर्ण हिन्दूहरूको धार्मिक जीवनमा नयाँ धारा प्रवाहित गरिदिए। त्यसताका नाथ सम्प्रदायमा छुवाछुत कर्मकाण्डहरूको विरुद्धमा अनेकौँ विचारहरू थपिए। गोरखनाथले मत्स्येन्द्रनाथद्वारा प्रतिपादन गरेका कतिपय कुराहरूको खण्डन पनि गरे। उनले मत्स्येन्द्रनाथको साधनामार्ग या

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नारीहरूको अनिवार्य उपस्थितिको ठाउँमा ब्रह्मचर्यालाई ठूलो महत्त्व प्रदान गरे (क्षेत्री र खतिवडा, २०५४ : ७९) । यसरी गोरखनाथको धर्ममा इन्द्रिय निग्रह र सदाचारलाई अनिवार्य बनाइयो । तान्त्रिक सिद्धको चिरकालिक प्रसिद्धिमा भने मत्स्येन्द्रनाथ र गोरखनाथको नाम विशिष्ट रूपमा देखिन्छ । अझ सामाजिक जीवनलाई सन्तुलन गर्न योगी तथा सिद्धहरूको मर्यादित जीवन दर्शनले समस्त जनमानसमा प्रभाव पारेर घोर वामाचार पन्थको विरोध गर्नुमा गोरखनाथको भूमिका महत्त्वपूर्ण छ ।

गोरखनाथद्वारा उपदिष्ट योग मार्गलाई नै हठयोग भनिन्छ । उनले जुन हठयोगको उपदेश दिए त्यो प्राचीन परम्पराभन्दा ज्यादै भिन्न भन्न सकिँदैन । प्राचीनशास्त्रमा साधारणतया प्राण निरोध प्रधान साधनालाई नै हठयोग भनेको हामी पाउँछौं । तान्त्रिक साधकको लागि योगाभ्यास अनिवार्य मानिन्छ । सिद्ध सिद्धान्त पद्धतिमा 'ह' को अर्थ सूर्य र 'ठ' को अर्थ चन्द्र मानिएको छ । यसप्रकार सूर्य र चन्द्रको योगलाई हठयोग भनिएको छ । कसैले सूर्यको अर्थ प्राणवायु र चन्द्रको अर्थ अपानवायु भन्ने गरेका छन् र यी दुवैको योग अर्थात् प्राणायामद्वारा वायु निरोध गर्नु वा वायु रोक्नु नै हठयोग हो भनेका छन् (द्विवेदी, त्यही : १२२) । कसैले इडा (बायाँ नाडी) र पिङ्गला (दायाँ नाडी) दुई विरोधी शक्तिहरूको समीकरण गर्नु नै हठयोग भनेका छन् । योगीको परम कर्तव्य नै चन्द्र र सूर्य प्राण र अपान इडा (वायानाडी) र पिङ्गला (दायाँ नाडी) दुई विरोधी शक्तिहरूको समीकरण गर्नु हो । जसबाट इडा र पिङ्गलाको बिचमा रहेको सुषुम्णाको द्वार खोलिन्छ । यही द्वारको सहाराबाट प्राण वायुको उर्ध्वगति क्रिया अर्थात् प्राण वायुलाई माथि लैंजाने काम नै हठयोग भनेका छन् (उपाध्याय, २००३ : ४३७) । हठात् अर्थात् अप्रत्यासित रूपमा सिद्धि दिने हुँदा यस योगलाई हठयोग भनिएको हो । वस्तुतः हठयोगको मूल अर्थ पनि यही हुन सक्दछ । कुनै यस्तो प्रकारले साधना गरियो होला, जसबाट हठात या अनायास मै अर्थात् एकाएक सिद्धिको आशा गरिन्थ्यो र त्यस प्रकारको साधनाको नाम नै हठयोग रहन गयो (शर्मा, त्यही : १९) । यसरी हठयोग नाथ सम्प्रदायको सार वस्तुको रूपमा रहेको छ ।

गोरखनाथद्वारा प्रतिपादन भएको बाह्रपन्थी मार्ग नाथ सम्प्रदायको नामले प्रसिद्ध भयो । वास्तवमा नाथ सम्प्रदायको जन्म पूर्वी बङ्गालमा भएको विश्वास गरिन्छ (सेन, १९५६ : २८०) । यसपछि नाथ सम्प्रदाय अन्य भागमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तार भएको विश्वास गरिन्छ । यस सम्प्रदायमा ९ जना नाथहरूलाई दिव्य पुरुषको रूपमा मानिन्छ । नाथ सम्प्रदायमा प्रचलित विश्वास अनुसार प्रथम नाथ स्वयं शिव नै थिए । नाथ सम्प्रदायमा आदिनाथपछि सबैभन्दा महत्त्वपूर्ण आचार्य मत्स्येन्द्रनाथ मानिन्छन् (द्विवेदी, १९५० : ३८) । नाथ सम्प्रदायका अनुयायीहरूले मत्स्येन्द्रनाथ र गोरखनाथलाई गुरुचेलाको रूपमा स्वीकार्ने परम्परा कायम रहेको देखिन्छ । मत्स्येन्द्रनाथको जन्म बङ्गालमा भएको विश्वास गरिन्छ । तर, नेपालमा प्रचलित आख्यानमा साताँ शताब्दीमा नेपालका प्रजाले गोरखनाथलाई सम्मान नगरेकाले अनादृष्टि भई हाहाकार फैलिन गयो । ज्योतिषीको सल्लाहअनुसार आसामको कामरूप कामाख्याबाट मत्स्येन्द्रनाथलाई नेपालमा भित्र्याउँदा गोरखनाथ आसनबाट उठे । त्यसपछि नेपालमा पानी पर्न थालेको थियो (लम्साल, २०२३ : ५०) । त्यसैले नेपाली परम्परामा मत्स्येन्द्रनाथलाई सहकालका देवताको रूपमा पुज्ने चलन छ । वंशावलीको कथनबाट साताँ शताब्दीमा मत्स्येन्द्रनाथको आगमन नेपालमा भएको मानिन्छ । नेपाली परम्परामा प्रसिद्ध एवं राष्ट्रिय देवताकै रूपमा पूजित मत्स्येन्द्रनाथको कथासँग राजा नरेन्द्रदेव र बन्धुदत्त आचार्यको कथा वंशावलीहरूमा प्रशस्त उल्लेख गरेको पाइन्छ ।

परन्तु वंशावलीको जन्म चौधौँ शताब्दीपछि नै भएको देखिन्छ किन्तु राजा नरेन्द्रदेव प्रथम जससँग मत्स्येन्द्रनाथको कथा वंशावलीले जोडेका छन् । जसको शिलालेखबाट साताँ शताब्दीतिरको समय निर्धारण भइसकेको छ । राजा नरेन्द्रदेवको अभिलेखमा पाशुपत सम्प्रदायको विभिन्न शाखाको उल्लेख गरिएको छ । उनका कुनै पनि अभिलेखमा गोरखनाथ तथा मत्स्येन्द्रनाथको नाम उल्लेख भएको कहिँ कतै पनि पाइँदैन । राजा नरेन्द्रदेव पछिका लिच्छवी राजाहरूका अभिलेखमा पनि गोरखनाथ तथा मत्स्येन्द्रनाथको चर्चा भएको पाइँदैन । नेपालको सर्वप्राचीन गोपालराज वंशावलीमा मत्स्येन्द्रनाथलाई कामरूपबाट ल्याएको भन्ने कुरा केही उल्लेख नगरी खाली राजा नरेन्द्रदेव र आचार्य वन्धुदत्तले मत्स्येन्द्रनाथ यात्रा चलाए भन्ने कुरा वर्णित छ । उत्तर प्राचीन अभिलेखहरूमा विभिन्न यात्राहरूको अभिलेख पाइए पनि मत्स्येन्द्रनाथको यात्राबारे कुनै उल्लेख नपाइनुलाई यहाँ खास आधारको रूपमा लिइएको छ । चौधौँ शताब्दीमा लिखित गोपालराजवंशावलीमा वर्णित राजा श्री नरेन्द्रदेव ई. दशौँ शताब्दीको अन्तिम अथवा ई. को एघारौँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शताब्दीको प्रारम्भिक समयका हुन सक्ने धेरै सम्भावना छ । यो यात्रा शरद ऋतुमा गरिन्थ्यो । तर चौधौँ शताब्दीका राजा जयस्थिति मल्लले शरद ऋतुमा गरिने मत्स्येन्द्रनाथको यात्रालाई वसन्त ऋतुमा सञ्चालन गरिने परम्परा चलाएको अनुमान हुन्छ (शुरभ, २०३३ : ८७) । यसरी जयस्थिति मल्लको समय देखि वसन्त ऋतुमा गरिन लागेको मत्स्येन्द्र यात्राको परम्परा अद्यापि सोही समयमा ललितपुरमा गरिँदै आइरहेको छ । तेह्रौँ ई. का तिब्बती यात्री धर्म स्वामीको जीवनीमा यस कुरालाई इङ्गित गरेको पाइन्छ । त्यसमा श्री मत्स्येन्द्रलाई आर्यावलोकितेश्वरको रूपमा वर्णन गर्नुका साथै तिनको शरीरमा रातो रङ्ग भर्ने जस्ता कुराहरू वर्णन गरिएका छन् (शुरभ, त्यही : ८०) । अतः सातौँ शताब्दीमा मत्स्येन्द्रनाथ आसामबाट नेपालमा आगमन भएको समय भ्रमपूर्ण देखिन्छ । यति हुँदाहुँदै पनि नाथ सम्प्रदाय पनि शैव धर्म अर्न्तगतको एक सम्प्रदाय भएकाले यसको तत्कालीन समयमा कुनै न कुनै रूपमा अस्तित्त्व रहेको अनुमान गर्न सकिन्छ । शङ्कराचार्य पछि यति प्रभावशाली महापुरुष यस प्रायद्वीपमा अर्को जन्मन सकेन । यस प्रायद्वीपका कुना कुनामा आज पनि उनका अनुयायीहरू विद्यमान छन् । भक्तिवादको आन्दोलन सुरु हुनुभन्दा पहिले सबभन्दा शक्तिशाली धार्मिक आन्दोलन कुनै थियो भने त्यो गोरखनाथद्वारा प्रचारित योगमार्ग नै थियो । हाम्रो यस प्रायद्वीपमा कुनै यस्ता भाषा वा बोली छैनन्, जसमा कुनै न कुनै रूपले गुरु गोरखनाथका विषयमा कथा कहानी जोडिएको नहोस् ।

नाथ सम्प्रदायका सूत्रधार गोरखनाथले भारतवर्षलाई आफ्नो कर्मस्थलको रूपमा चयन गरेका थिए । योगको साधनामा हठ धर्मिता कहिलेदेखि सुरु भयो त्यसको यथार्थ निर्णय गर्न सकिँदैन तर, तान्त्रिक पक्षको प्रभाव बढेपछि र सम्प्रदाय धर्मको विकास भएपछि हठयोगको बाहुल्य देखिन्छ । हठयोग साधनामा दक्ष र यसको विकासमा ठुलो योगदान गर्ने चाँहि नाथपन्थी एवं सिद्धहरू नै हुन् । हठयोगबाट जति चाँडो सिद्धि प्राप्ति वा समाधिको दिशामा पुगिन्छ त्यति, चाँडो अन्य योगबाट पुग्न सकिँदैन । यसकारण अनेकौँ खतराको सामना गरेर पनि चाँडै सिद्धि लाभ गर्ने पक्षतिर नै समाज उन्मुख भएको हुँदा हठयोग चाँडै प्रसिद्धि भयो (कोइराला, त्यही : १५) । यस्ता सिद्धहरूमा गोरखनाथले हठयोगद्वारा मस्तिष्कलाई जागृत गराई तत्काल सिद्धि प्रदान गर्न सक्दथे (शर्मा २०४७ : २०६-१४) ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथको सम्बन्धमा भारत तथा नेपालमा अनेकौं आख्यान प्रचलित रहेका छन् । यस्ता जनश्रुतिहरूमा अनेकौं विरोधाभास खडा भएको पाइन्छ तर यति हुँदाहुँदै पनि गोरखनाथ महान धार्मिक गुरु थिए । उनमा धार्मिक आन्दोलनलाई हाँक्न सक्ने क्षमता विद्यमान थियो । कुशल नेतृत्वको कारणले गर्दा नै गोरखनाथले वज्रयानी बौद्धहरूलाई शैव धर्ममा प्रवेश गराए । यसरी शैव पाशुपत र वज्रयान सम्बन्धी यस्तै घनिष्ट वातावरणको पृष्ठभूमिबाट फाइदा उठाएर नाथ सम्प्रदायले आफ्नो सम्प्रदायको विस्तार गर्न सकेको थियो भन्ने अनुमान हुन्छ । वास्तवमा यस्तो धार्मिक वातावरण समस्त उत्तर भारतमा व्याप्त थियो भन्ने पनि देखिन्छ ।

गोरखनाथको सन्देशबाट प्रभावित भई मुस्लिम समुदायले पनि नाथ सम्प्रदायलाई अङ्गालेका थिए (वृग्गस, सन् १९७३ : ५) । यसबाट उनको एकेश्वरवाद र अन्तर साधनाको सिद्धान्तले सनातन धर्ममा मात्र प्रभावित पारेन अपितु इस्लामको सुफि सम्प्रदाय समेत प्रभावित भएको थियो (शुरभ, २०३३ : ५) । सुफी मत इस्लाम धर्ममा हिन्दू धर्मको वेदान्त र भक्ति मार्गको प्रभाव परेपछि विकसित मत हो । सुफी मतले इस्लाम धर्मका प्रवर्तक मुहम्मदको शिक्षा र वैदिक एवं उपनिषद र गीताका सिद्धान्तहरूको राम्रो समन्वय प्रस्तुत गर्दछ । यसकारण सुफी मतमा हिन्दूहरू पनि आकर्षित भए । यस मतका सन्तहरूलाई आदर सम्मान गर्न थाले । सुफी मतका गुरुलाई शेख वा पीर भनिन्छ (वात्स्यायन, सन् १९६० : १९२) । नाथ सम्प्रदायले सुफीहरूबाट पीरको उपाधि ग्रहण गरे । जुन उपाधि हिन्दू र इस्लाम धर्मबिचको समन्वयको एउटा राम्रो उदाहरण हो (गुरुङ, २०६७ : १२४) ।

गोरखनाथको सिद्धान्तमा मूर्ति पूजा र बहुदेवताहरूलाई अनुसरण नगरेको हुँदा इस्लाम अनुकुल हुन पुग्यो । यसबाट गोरखनाथमा निहित उच्च योगहरूका आदर्शको कारण उनले विभिन्न सम्प्रदायका मानिसहरूलाई एउटै सूत्र योगमा बाँध्न सफल भएको देखिन्छ । वास्तवमा गोरखनाथले बौद्ध धर्मको दार्शनिक सम्पत्तिबाट मनग्य फाइदा उठाएको देखिन्छ (राम राजेन्द्र १९७८ : ८३) ।

गोरखनाथको उत्पत्ति सम्बन्धमा पौराणिक साहित्यमा वर्णित कथा अनुसार गौड देशमा महाधव नामक वैश्यले मत्स्येन्द्रनाथको वरदानबाट पुत्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राप्त गरे । ती पुत्रको जन्म नारी गर्भबाट नभई गोवरबाट भएको हुनाले उक्त बालकको नाम गोरखनाथ राखियो । गोवरको थुप्रोमा बालक गर्भवास गरेका बेला महाजनकी पत्नीले गोवर फ्याँकी दिएकी हुनाले गोवरबाट जन्म भएको बालकलाई फकिरको भेषमा आएका मत्स्येन्द्रनाथले शिक्षा-दीक्षा दिई फकिरकै रूपमा गोरखनाथले शिवधामको खोजी गर्दै नेपालको विभिन्न स्थानमा भ्रमण गरे (सुवेदी, २०६० : ४७) । यस कथाबाट गोरखनाथको जन्म नारी देहबाट भएको देखिँदैन । पौराणिक साहित्यले गोरखनाथको जन्म सम्बन्धी कथाहरूलाई अलौकिक रूपमा प्रस्तुत गरेका छन् । गोरखनाथका विषयमा अनेक किंवदन्ती पाइन्छन् र ती यदाकदा अध्ययनको क्रममा मनोरञ्जक पनि हुन्छन् । उदाहरण स्वरूप उनको नामका सम्बन्धमा प्रचलित किंवदन्तीलाई नै लिन सकिन्छ । "एउटा जोगीको रूपमा विचरण गर्ने महादेवले कुनै पुत्रभिलाषिणी नारीलाई 'विघुत' मन्त्रेर खान दिएका थिए । त्यस नारीलाई जोगीले खान दिएको विघुत खानाले छोरो होला भन्ने पटक्कै विश्वास भएन र गाईको गोठ राख्ने खर्कमा फ्याँकी दिई । बाह्र बर्षपछि जोगी पुनः घुम्दै त्यहीँ आइपुगे र त्यस नारीलाई छोराका विषयमा सोधे । छोरो नभएको कुरा थाहा भएपछि विघुत खान दिएको स्मरण गराउँदा त्यो विघुत उसले गोठमा राख्ने खर्कमा फ्याँकेको कुरा स्वीकार गरिन् । गोठ राख्ने खर्कमा गएर हेर्दा एउटा बाह्र बर्षको सुन्दर बालक गोवरको थुप्रोमा खेलिरहेको देखियो । गाईको गोठमा सुरक्षित हुर्केको हुँदा उसको नाम गोरक्ष रहन गयो । आफ्नै विघुतबाट उत्पन्न भएको हुँदा शिवले गोरक्षलाई आफ्नो चेला बनाए । अतः बालकको पूरा नाम गोरक्षनाथ रहन गयो र त्यसैलाई पछि गोरखनाथ पनि भनिन थालियो । यस्तो पनि भनिन्छ शिवको रूपमा आएका जोगी मत्स्येन्द्रनाथ थिए । मत्स्येन्द्रनाथरूपी शिवको विघुतबाट उत्पन्न भएका चेला गोरखनाथ थिए (द्विवेदी, त्यही : ४८) । ने.सं. ४५७ को महीरावणवध नाटक ग्रन्थमा वर्णित वुङ्गेश मत्स्येन्द्रनाथको स्तोत्रमा मत्स्येन्द्रनाथलाई वैश्वानर औ प्रेताधिनाथ भनी उल्लेख गरिएबाट तिनको महादेव शिवसँगको तादात्म्यता छर्लङ्गिन्छ । यस कथनबाट माथि उल्लेखित पौराणिक कथनलाई पुष्टि गरेको देखिन्छ (शुरभ, २०३३ : ७७) ।

खासगरी पौराणिक साहित्यले गोरखनाथलाई शिवको अवतारको रूपमा चर्चा गरेका छन् । पौराणिक साहित्यमा वर्णित कथाअनुसार शिव पार्वतीबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पृथक् भई गोरखनाथको अवतार लिई पर्वत क्षेत्रमा तपस्यामा लिन भए । यस अवस्थामा मत्स्येन्द्रथनाथले शिवको अवतार कहाँ भएको छ भनी समाधिमा बसी हेर्दा गोरखनाथ उनका सामुन्नेमा प्रकट भई गोरखनाथको गुफामा योगासनमा बसेको देखाए (सुवेदी, त्यही : ४५-४६) । यसरी पौराणिक साहित्यमा गोरखनाथलाई शिवको अंशको रूपमा प्रस्तुत गरेको पाइन्छ । गोरखामा गोरखनाथको उत्पत्ति पश्चात् द्रव्य शाहले नयाँ गाउँ बसालेर राखेको गाउँको नाम गोरखा रहन गयो भन्ने प्राचीन परम्परा आजसम्म विद्यमान छ । आजसम्म पनि उक्त स्थानमा कनफट्टा योगीहरूको उपस्थितिले त्यसबेला भएका सिद्ध गोरखनाथको महत्त्वलाई स्मरण गराउँछ । विभिन्न धार्मिक ग्रन्थहरूमा गोरखनाथको अलौकिक शक्ति र उनका दार्शनिक विचारलाई प्रस्तुत गरिएको पाइन्छ । यसरी धार्मिक दृष्टिकोणबाट गोरखनाथ अनादिकालदेखि नै यस पृथ्वीमा विचरण गरिरहेको व्याख्या गरिएको पाइन्छ । गोरखनाथको जन्म कहाँ भएको थियो त्यो पनि टुङ्गो लागेको छैन । उपलब्ध परम्परा, मान्यता, सम्प्रदायगत साहित्य र किंवदन्ती आदि सामग्रीले अनेक प्रकारका अनुमानको बाटो फराकिलो पारेका छन्, जसले गर्दा अन्वेषकहरूले आफ्नै अनुकूलको जन्मस्थान गोरखनाथका लागि प्रस्तुत गरेका छन् । एक जना विद्वानले गोदावरीका किनारको कुनै चन्द्रागिरी नामक स्थानमा गोरखनाथको जन्म भएको थियो भन्ने विचार व्यक्त गरेका छन् (योगी, १९२४ : २३) । नेपालको राष्ट्रिय अभिलेखालयमा अर्वाचीन कालको 'गोरक्ष सहश्र' नामको एउटा सानो पुस्तकमा प्राप्त भएको श्लोकले दक्षिण दिशामा कुनै वडव नामक देश छ, त्यही महामन्त्रको प्रसादबाट महाबुद्धिज्ञानी गोरखनाथ प्रादुर्भाव भएका थिए भनेको छ (वागची, १९३४ : ६४) । सम्भवतः यस उक्तिले पनि यसभन्दा लगत्तै पहिले चर्चा गरेको कुरालाई नै पुष्टि गर्दछ । गोरक्ष सहश्र नामक स्तोत्रको श्लोकमा उल्लेख भएको वडव सम्भवतः गोदावरी कै किनारको कुनै ठाउँको नाम होस् । बृग्गसका अनुसार गोरखनाथको जन्म पञ्जाबमा भएको थियो (वृग्गस, सन् १९७३ : २२८) । बङ्गालीहरूको विश्वासअनुसार गोरखनाथ बङ्गालमै उत्पन्न भएका थिए । नेपाली परम्पराअनुसार गोरखनाथ पञ्जाबबाट नेपाल आएका थिए । ब्रिग्गसले प्राप्त गरेको सुचनाअनुसार गुरु गोरखनाथ झेलम पञ्जाबबाट गोरखपुर आएका थिए । नासिकका योगीहरूको विश्वास अनुसार गोरखनाथ पहिले नेपालबाट पञ्जाब आएका र त्यसपछि नासिकतिर लागेका हुन् । ग्रियर्सनले गोरखनाथलाई पश्चिमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिमालयका थिए कि भन्ने अनुमान गरेका छन् । ग्रियर्सनले गोरखनाथलाई आर्यावलोकितेश्वरको प्रभावबाट उकासेर नेपाललाई शैव बनाएको धारणा व्यक्त गरेका छन् (द्विवेदी, त्यही : ९७) । गोरखनाथको जन्मस्थान दिन विभिन्न श्रोतहरूको बिचमा एकरूपता भएको देखिँदैन ।

गोरखनाथ वंशको बारेमा अहिलेसम्म टुङ्गो लागेको छैन । जनकलाल शर्माले गोरखनाथको वंशका बारेमा अनभिज्ञता प्रकट गरेका छन् । द्विवेदीले गोरखनाथलाई ब्राह्मण कुलको मानेका छन् (द्विवेदी, त्यही : ९७) । गोरखनाथले आफ्नो सम्प्रदायगत सिद्धान्तको प्रतिपादनको लागि अनेक ग्रन्थको रचना गरेका थिए कि भन्ने अनुमान हुन्छ । तर ती रचनामा धेरै फेरबदल पनि भएका हुन सक्छन् । अतः अन्वेषकलाई तिनमा कुन मूल रचना हो र कुन क्षोपक हो त्यो छुट्याउन निकै कठिन हुन सक्दछ । जुन रचना गोरखनाथका नाममा दर्ता भएका छन्, तिनमा केही गोरखनाथकै हुन सक्दछन् तर सबै रचना प्रामाणिक छैनन् भन्ने कुरा स्वतः सिद्ध छ । गोरखनाथका नाममा पाइने रचनाका आधारमा अनेक विद्धानले गोरखनाथको समय निर्धारण गर्ने प्रयत्न गरेका छन् । जर्ज ग्रियर्सनले गोरखनाथको कुराकानी कविर दाससित भएको वर्णन युक्त रचनाको आधार लिएर गोरखनाथलाई ईसाको चौधौँ शताब्दी तिरका हुने अनुमान गरेका छन् (द्विवेदी, त्यही : ९७) । यस्ता रचनाको ऐतिहासिक मूल्य त्यति रहेको देखिँदैन । यस्ता रचनाले गोरखनाथको अन्य सम्प्रदायगत प्रचारमा भने कुनै बाधा देला जस्तो अनुभव हुँदैन । यस्ता कुरा गोरखनाथमा मात्र सीमित छैनन् र अन्य महापुरुषका साथ पनि जोडिएका हुन्छन् । अतः जर्ज ग्रियर्सनले गोरखनाथलाई जुन प्रमाणको आधारमा ईसाको चौधौँ शताब्दीतिरका हुने अनुमान गरेका छन् त्यो सत्य नभएर विक्रमको दशौँ शताब्दी हुन धेरै सम्भव छ (शर्मा, त्यही : १७) । नाथ सम्प्रदायका अन्वेषकका अनुसार गुरु गोरखनाथको आविर्भाव विक्रमको दशौँ शताब्दीमा भएको हो (द्विवेदी, त्यही : ९६) ।

महाराष्ट्रका प्रसिद्ध सन्त र नाथ सम्प्रदायका एक आचार्य ज्ञानदेवले आफ्नो वेदान्त ग्रन्थ अमृतानुभवमा गुरु परम्परा प्रस्तुत गरेका छन् । उनको अनुसार ज्ञानदेवका दाजु निवृनिनाथ गैनीनाथका शिष्य थिए । गैनीनाथ गोरखनाथका शिष्य थिए । ज्ञानदेवको जन्म सम्वत् १३८५ मा भएको थियो । उनले सम्वत् १४०७ मा २२ वर्षको उमेरमा जीवित समाधि लिएका थिए ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अतः गोरखनाथको समय १३८५ भन्दा पहिले भएको होला भनी अनुमान गर्न सकिन्छ (गौड, १९९५) । अर्को प्रसङ्ग अनुसार हर्षको समय (६०५-६५० ई) मा गोरखनाथ अस्तित्त्वमा आएको देखिदैन साथै शङ्कराचार्यको समयमा पनि उनको अस्तित्त्व देखा पर्दैन । प्रसिद्ध योगाचार्य सिद्ध मत्स्येन्द्रनाथ पनि शङ्कराचार्यको समय भन्दा (७८८-८२० ई.) पूर्व भएका भए अवश्य नै शङ्कराचार्यको चर्चाको विषय बन्दथे । यसकारण पनि ८२० ई. सन् भन्दा पछि नै मत्स्येन्द्रनाथ तथा गोरखनाथको जन्म एवं ख्याती मान्नमा ऐतिहासिक पक्षले साथ दिन्छ (कोइराला, २०५२ : ४२) । यसरी आद्य शङ्कराचार्यका पूर्ववर्ति वा समकालिक भए अवश्य नै शङ्कराचार्यद्वारा चर्चित हुन्थे र उनको मतको पक्ष विपक्षमा केही न केही उल्लेख गर्दथे । परन्तु त्यो कुरा नपाइनुले पनि गोरखनाथ शङ्कराचार्य पछिका विशिष्ट योगी हुन् भन्नेमा शङ्का छैन । ८४ सिद्ध सम्बन्धी खोज गर्ने भारतीय एवं विदेशी विद्वानहरूले सिद्ध परम्पराको सुरुकाल पालवंशी राजाहरूको उदयकालसँग जोडेका छन् (कोइराला, २०५२ : ४२) । राहुल सांकृत्यायनले पनि गोरखनाथको समय दशौँ शताब्दी हुनसक्ने अनुमान गरेका छन् । किनभने मिनपालाई पालवंशी राजा देवपालको समकालीन मानिएको छ, जसको समय वि.सं. ९०० तिर मानिन्छ । यसरी मिनपा भन्दा गोरखनाथ पछिल्लो समयका मानिन्छन् । यसबाट गोरखनाथको समय नवौं शताब्दी पछि हुनसक्ने अनुमान गर्न सकिन्छ । उता आचार्य शुक्लजीले गोरखनाथको समय पृथ्वीराज चौहानको समयभन्दा पछि भएको अनुमान गरेका छन् । लोकभाषामा लेखिएका गोरखपन्थी ग्रन्थहरूको समय पनि विक्रमको पन्ध्रौं शताब्दी तिर मानिन्छ (शुरभ, २०३३ : ७५) । अतः पृथ्वीराज चौहानको समय बाह्रौं शताब्दीतिर भएकाले गोरखनाथको समय पनि त्यही समयको आसपास भएको अडकल काट्न सकिन्छ । लक नामक विद्वानले (लक, १९८० : ४२८) गोरखनाथको समय नवौं शताब्दीदेखि बाह्रौं शताब्दी बिचको मानेका छन् । यसरी अन्वेषकहरूले गोरखनाथको समय दिने क्रममा प्रस्तुत गरेका विचारहरूमा एकरूपता पाइँदैन । अतः अहिलेसम्मको अनुसन्धानमा गोरखनाथको ठिक-ठिक समय भन्न सकिने प्रमाण फेला परेका छैनन् । तथापि गोरखनाथ ऐतिहासिक व्यक्तिहरूको रूपमा चिरपरिचित छन् ।

गोरखनाथको समय दिने क्रममा अधिक विश्वासिलो आधार पुरातात्त्विक प्रमाणलाई प्रस्तुत गर्न सान्दर्भिक होला । भारतस्थित एलौराको मन्दिरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको महोयोगीको रूपमा भित्तेचित्र रहेको छ। उक्त शिवको कानमा ठुला-ठुला कुण्डल धारण गरेको देखिन्छ। यस मन्दिरलाई आठौँ शताब्दी तिरको मानिएको छ (वृग्गस, सन् १९७३ : २४८)। यसैगरी सोमनाथको १२८७ ईस्वी सम्वत्को एक अभिलेखमा गोरखनाथको उल्लेख गरिएको छ (वृग्गस, त्यही : २४८)। यसबाट गोरखनाथको समय तेह्रौं शताब्दीभन्दा पहिले होला भनी अनुमान गर्न सकिन्छ। यसले गोरखनाथ एक ऐतिहासिक व्यक्तित्व थिए भन्ने आधार मिल्दछ।

गोरखनाथका अनुयायीहरूलाई गोरखपन्थी र दर्शनी नामले चिनिन्छ तर बढी लोकप्रिय शब्द कन्फट्टा हो (वृग्गस, त्यही : १)। कनफट्टा योगीहरूले स्फटिकको सेतो वाली आफ्नो कानमा लगाउने हुनाले तिनीहरूलाई सजिलै चिन्न सकिन्छ। वास्तवमा गोरखनाथको समयदेखि नाथ सम्प्रदाय बढी प्रभावकारी भएको देखिन्छ। ८५० ई. देखि १२०० ई. को बिचमा उनको धर्मले उत्तराखण्ड र काश्मीरसमेत सम्पूर्ण उत्तरी भारतमा अत्यन्त प्रसिद्धि प्राप्त गरिसकेको थियो। काश्मिरमा गोरखनाथलाई शिवको एउटा अवतार मानियो। नाथ सम्प्रदायमा योगमाथि विशेष बल दिइएको छ। समाधि लिनु, रोट चढाउनु, अग्नि/ज्योति जलाउनु यस सम्प्रदायका योगीहरूका प्रमुख विशेषता हुन्। तिनीहरूका भनाइअनुसार सिद्धि प्राप्त भएपछि योगीको ज्योति दियो/बत्ती र घिउ बिना नै बल्दछ र उनको शरीर जलस्नान बिना नै शुद्ध हुन्छ। जसलाई ज्ञान प्राप्ति हुन्छ, ऊ निर्मल भएर आउँछ र अन्तमा उसलाई गोरखनाथ (महड ज्ञान र परमानन्दको) अनुभूति प्राप्त हुन्छ (पाण्डेय, २०३५ : १३९)।

भारत तथा नेपालमा गोरखनाथका मठहरू स्थापना भएका देखिन्छन्। यसै शिलशिलामा गोरखपुरमा रहेको गोरखनाथको मठ पनि एक मानिन्छ। मठको नामबाट नै गोरखपुर शहरको नामाकरण भएको बुझिन्छ। यसबाट गोरखपुरले गोरखनाथको ऐतिहासिकतालाई स्मरण गराएको भान हुन्छ। गोरखपुरको गोरखनाथ मठको ऐतिहासिकतालाई केलाउँदा हालको मुख्य मन्दिरलाई मस्जिदको रूपमा मुगल सम्राट अलाउद्दिन खिलजीले (१२९६ : १३१६ ई. सन्) मस्जिदको रूपमा परिणत गराएका थिए। पुनः अर्को मन्दिर गोरखनाथ मन्दिरको समीप निर्माण गरियो। यसलाई पनि औरङ्गजेवले (१६५९-१७०७ ई. सं.) मा मस्जिदको रूपमा बदलेको थियो (वृग्गस, सन्

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१९७३ : ८६) । गोरखनाथको मठलाई मुगल सम्राटबाट समय-समयमा नष्ट गरेको बुझिन्छ । गोरखनाथको तेस्रो मन्दिर बुद्धनाथले निर्माण गराएका थिए । हाल रहेको मन्दिर १८०० ईस्वी सन्मा निर्माण सम्पन्न भएको हो । मुख्य मन्दिर गोरखपुर शहरको पश्चिम भागमा अवस्थित छ । अर्थात् रेल्वे स्टेसनदेखि उत्तरमा पुरानो गोरखपुरमा रहेको छ ।

गोरखनाथको अन्तिम समय गोरखपुरमा बितेको थियो । यही स्थानमा नै गोरखनाथको देहान्त भएको विश्वास गरिन्छ । एकथरीले पञ्जाबमा गोरखनाथको देहान्त भएको थियो भन्ने धारणा राखेका छन् । तर, केहीले उनलाई आजसम्म जीवितै रहेको कुरामा विश्वास गर्छन् (वृग्गस, त्यही : ८६) गोरखनाथको अन्तिम समयको बारेमा अध्ययन गर्न पुरातात्त्विक स्रोत प्राप्त भएमा यस विषयमा थप बल मिल्ने थियो ।

नाथ सम्प्रदायले नेपाललाई उर्वर भूमिको रूपमा उपयोग गरेको देखिन्छ, किनभने नेपालमा प्राचीनकालदेखि नै विभिन्न सम्प्रदायहरू फैलिएर आफ्नो अस्तित्त्व कायम गरेको थाहा हुन्छ । गोरखनाथको सम्बन्धमा नेपालमा प्रशस्त अनुश्रुतिहरू प्रचलनमा आएको बुझिन्छ । नेपालमा प्रचलित वंशावलीले साताँै शताब्दीतिर नाथ सम्प्रदायले राजकीय सम्मान प्राप्त गरेको चर्चा गरेका छन् (लम्साल, त्यही : ५०) तर अन्य सम्प्रदायसरह शैव उपासनासँग सम्बन्धित नाथ सम्प्रदाय पनि प्राचीनकालदेखि नै नेपालमा प्रचलित भएको पाइन्छ । ईशाको छैटौँ शताब्दी ताकाका यस सम्प्रदायबारे अभिलेखात्मक प्रमाणहरू पाइन थाल्दछन् । वि.स.. ५६० को भस्मेश्वरको अभिलेखमा नाथेश्वरको उल्लेख पाइन्छ । उक्त अभिलेखलाई जगदिशचन्द्र रेग्मीले नाथ सम्प्रदायसँग सम्बद्ध मान्नु भएको छ (रेग्मी, २०३० : ९३) तर नाथ सम्प्रदायको इतिहास केलाउँदा छैठौँ शताब्दीतिर पुग्न सकिने आधार देखा पर्दैन । वि.सं. ६०४ को पशुपति मृगस्थली शिवलिङ्ग अभिलेखमा पनि नाथेश्वरको उल्लेख पाइन्छ (वज्राचार्य, २०३० : १७५) । नाथेश्वरको उल्लेख गर्ने अर्को अभिलेख जिष्णुगुप्त र ध्रुवदेवको आदेश्वर अभिलेख हो (वज्राचार्य त्यही : ४१२) । तर नाथ सम्प्रदायको इतिहास अध्ययन गर्दा आठौँ शताब्दीपछि मात्र यस सम्प्रदायको उदय भएको देखिन्छ ।

मध्यकालीन नेपालमा नाथ सम्प्रदाय अस्तित्त्वमा रहेको आधार प्राप्त अभिलेखबाट पुष्टि हुन्छ । मध्यकालीन नेपालमा नाथ सम्प्रदायको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास जान्ने श्रोतहरूमा ताम्रपत्र, सुवर्णपत्र, शिलालेख आदि छन् । काष्ठमण्डपमा रहेका ताम्रपत्र र स्वर्णपत्रहरूमा मध्यकालीन नाथ सम्प्रदाय सम्बन्धी विवरणहरू परेका छन् । यी ताम्रपत्रहरूमा नायकनाथ, देवगोरक्ष, जोगीवालानाथका साथै नाथ सम्प्रदायका कतिपय नियमहरू उल्लेख भएको पाइन्छ (क्षेत्री र खतिवडा, २०५४ : ८७) । काष्ठमण्डपमा रहेको जयस्थिति मल्लको पालाको ने.सं ४९९ (१३७९ ई.) को ताम्रपत्रमा प्रारम्भ मै देव गोरक्षको उल्लेख गरिएको छ (रेग्मी, २०३० : ८२) । शिखरपुरी अर्थात् वि.सं. १४४८ को फर्पिङको अभिलेखमा 'गोरक्ष पादुकाभ्या नमः' भन्ने वाक्यांश परेको छ । उक्त अभिलेखमा अचित्यनाथ योगीले गोरखनाथको पाषाणपादुका स्थापनन गरेको अभिलेखिक प्रमाणबाट थाहा हुन्छ (ज्ञवाली, २०३६ : ३८) । फर्पिङमा भएको गुफालाई गोरखनाथ गुफा भन्ने गरिन्छ । आजसम्म पनि फर्पिङ दक्षिणकाली क्षेत्रमा गोरक्षनाथ सम्प्रदायका अखडाहरू छन् । त्यस अखडामा स्थापित पात्र देवतालाई शिवरात्रीमा मृगस्थलीको गोरक्षमठ र जनै पूर्णिमामा गोसाइकुण्डमा मेला भर्न लैजाने परम्परा छ । फर्पिङको यो गोरखनाथ गुफासँग कुसुलेहरूको सम्बन्ध रहेको छ (गुरुङ, २०६७ : १५) । यसबाट कुसुलेहरू प्राचीनकालदेखि त्यस स्थानमा अस्तित्त्वमा रहेको बुझिन्छ । जयस्थिति मल्लको पालामा नाथ सम्प्रदायका योगीहरू गोसाईंकुण्डको मेला भरेर आएपछि काष्ठमण्डपमा चक्रपूजा गरेर भोज खाने चलन थियो (वज्राचार्य, २०३३ : ४९) । काठमाडौँमा सेतो मत्स्येन्द्रनाथको रथयात्रा असनमा आइपुगेपछि गोरखनाथ सम्प्रदायका कनफट्टा योगीहरूले चक्र पूजा गर्ने परम्परा छ । चक्रपूजा भनेको नवयोगी अथवा श्री यन्त्रको पूजा हो । श्री यन्त्रको नौ वटा त्रिकोणलाई नवयोगी अथवा नवशक्तिको रूपमा मानिन्छ (गुरुङ, २०६७ : ८९) । यसैगरी अर्को महत्त्वपूर्ण ताम्रपत्र काष्ठमण्डपमा रहेको छ । यसको तिथि ने.सं. ५८५ (१४६५ ई.सं.) रहेको छ । उक्त अभिलेखमा गोरखनाथको स्तुती काष्ठमण्डपको वर्णन र तत्सम्बद्ध जोगीहरूको वर्णन गरिएको छ । उक्त अभिलेखबाट नाथ सम्प्रदायको दर्शनबारे थाहा पाइन्छ । अभिलेखमा गौढ देशबाट आएका चैतन्यनाथ योगीद्वारा कान्तिपुरमा जग्गा किनेर नाथ सम्प्रदायका जोगीहरूलाई चक्र (भण्डार) दिने व्यवस्था गरिदिएका थिए (थापा, २०२५ : ३४) । यस भनाइबाट नाथ सम्प्रदायको प्रभाव भारतमा पनि यथेष्ट मात्रामा परेको देखिन्छ । यसैगरी इटुम्बहालको वि.सं. १४३९ (१५१७) ई.सं.को शिलालेखमा मदनरामलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथ सम्प्रदायको अनुयायी भनिएको छ (वज्राचार्य, २०२२ : ३६)। यसबाट मध्यकालमा शासक वर्गले समेत नाथ सम्प्रदायलाई सम्मान गरेको पाइन्छ । काठमाडौं उपत्यकामा नाथपन्थी योगीहरूको सम्मान भएको प्रमाणस्वरूप पाटन क्वोत्बहाल टोलमा प्राप्त ई. सं. १६१७ गोरखपन्थी योगी अमृतनाथले केही जमिन किनी जोगीहरूलाई भोज खुवाउन राखेको गुठीको महत्त्वपूर्ण स्थान रहेको देखिन्छ (ज्ञवाली, २०३६ : ४४)।

काष्ठमण्डपलाई नेपालको प्राचीन स्मारकको रूपमा लिने गरिन्छ । हुन पनि यस सतलले अहिलेसम्म लामो इतिहास सङ्गालेर बसेको छ। यस सतलको बारेमा मध्यकालमा ११८७ देखि ११९६ ई. सम्म शासन गर्ने राजा गुणकामदेवले ठूलो सतल र सुवर्ण प्रणाली बनाएको अनुश्रुति केशर पुस्तकालयमा रहेको संक्षिप्त गोपालवंशावलीमा टिपिएको पाइएकोले काष्ठमण्डपको प्रसिद्ध सतल त्यसैबेला बनेको विश्वास गरिन्छ (रेग्मी, १९६५ : १९३-१९४)। नाथ सम्प्रदायमा प्रचलित एक आख्यानमा यो काष्ठमण्डपको स्थापना नाथ सम्प्रदायका एक जोगी लोयीपादले गरेका हुन् भन्ने विवरण पाइन्छ (सिंह, २००७ : ६१)। इतिहास शिरोमणि बाबुराम आचार्यले काष्ठमण्डपलाई उपत्यकास्थित पुराना स्मारकहरूमध्ये सबैभन्दा पुरानो मान्नु भएको छ (शुरभ, २०३३ : ७७)। हुन पनि नेपाली परम्परा अनुसार काष्ठमण्डपलाई सबभन्दा प्राचीन सतलको रूपमा मान्दै आइरहेको पाइन्छ। यस स्मारकमा गोरखनाथको पदमासनमा विराजमान मूर्ति विद्यमान छ । यो मूर्ति काष्ठमण्डपमा रहनुले यस स्मारकको प्राचीन गौरवलाई बढाएको देखिन्छ। यस स्मारकमा कुसुलेहरूले पारम्परिक रूपमा निवास गर्दै आइरहेको पाइएकाले यो स्मारकलाई कुसुलेहरूको मठको रूपमा रहेको देखिन्छ। सायद कुसुलेहरू चौरासी सिद्धमध्ये पैतिसौं सिद्ध कहलिएका सिद्ध कुसुलिपाका अनुयायीहरूको सन्तान होलान् भनी अनुमान गर्न सकिन्छ । यसबाट कुसुलेहरूको पारम्परिक इतिहास बुझ्न सकिन्छ। कुसुलेहरूले गोरखनाथको मन्दिर संरक्षण गर्ने र व्यवस्थित राख्ने भार बोकेको देखिन्छ (शुरभ, त्यही : ७७)। यी कुसुलेहरू प्राचीन पाशुपत अर्न्तगत कापालिक मतका अनुयायीहरू हुन्। ने.सं. ४९९ (ई. १३७९) को जयस्थिति मल्लको पालाको काष्ठमण्डपको ताम्रपत्रको आधारमा गौतम वजु वज्राचार्यले त्यस समयमा काष्ठमण्डप कापालिक धर्मका अनुयायीहरूको हातमा पऱ्यो । ती कापालिकहरू हरेक वर्ष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोसाइकुण्डमा मेला भर्न जान्थे र त्यताबाट फर्केर आएपछि चक्रपूजा गरी भोज खान्थे (वज्राचार्य, २०३३ : ४९) । उक्त ताम्रपत्रमा श्री दरसनको उल्लेख भएको आधारमा गौतम वज्र वज्राचार्यले ती कापालिकको स्थानीय नाम दरसन रहेको मानी हाल कुसुले भनिने एक थरी समूहलाई तिनै कापालिक भक्तानुयायीका सन्तान मान्नु भएको छ । वर्तमान समयमा नेवार समुदायमा कापालीहरूको अस्तित्त्व कायम रहेको देखिन्छ । तर, हाल यस स्मारकको जिर्णोद्वार पछि कुसुलेहरूलाई अन्यत्र सारियो । यसरी प्राचीनकालदेखि नै कुसुलेहरूको नाथ सम्प्रदायसँग अभिन्न सम्बन्ध गाँसिएको प्रष्ट हुन्छ ।

काठमाण्डौ उपत्यकामा साहित्यिक स्रोत तथा अभिलेखिक प्रमाणका अतिरिक्त पुरातात्त्विक श्रोतले नाथ सम्प्रदायको लोकप्रियतालाई झल्काएको छ । उपत्यकामा भएका गोरखनाथका मूर्तिहरूले आजसम्म पूर्वमध्यकालदेखि मध्यकालसम्म ख्याति प्राप्त गरेको थाहा हुन्छ । लिच्छविकालमा गोरखनाथका मूर्तिहरू प्राप्त हुन सकेको छैन । त्यसैले प्राचीन कालको नाथ सम्प्रदायको इतिहास निर्माण गर्न कठिन हुन गएको बुझिन्छ । काष्ठमण्डपमा रहेको गोरखनाथको मूर्ति नेपाली मूर्तिकला जगत्को इतिहासमा छुट्टै स्थान ओगट्न सफल भएको छ । प्रस्तरमा निर्मित गोरखनाथको मूर्ति नित्य पूजाले गर्दा अङ्ग प्रत्यङ्गको बनोटमा परिवर्तन भएको देखापरेको छ । पद्मासनमा बसेको गोरखनाथको मूर्तिमा लामो जटाको प्रयोग गरिएको छ । गोरखनाथको मूर्तिको कानमा कुण्डल र गलामा योग सूत्रले विभूषित भएको पाइन्छ । यस मूर्तिको शैलीलाई अध्ययन गर्दा यसको निर्माण तिथि पूर्वमध्यकाल हुन सक्ने अनुमान गर्न सकिन्छ (थापा, त्यही : ३९) । यसैगरी थापाथलीमा गोरखनाथको मूर्ति पद्मासनमा अवस्थित छ तर काष्ठमण्डपमा रहेको मूर्तिको तुलनामा यहाँको मूर्तिमा परिस्कृत भएको पाइँदैन । साथै यहाँका मूर्तिमा लालित्यको अभाव पाइन्छ । यसरी पूर्वमध्यकालमा बनेका मूर्तिहरूमा सादापन पाइन्छ । थापाथलीमा भएको मूर्तिको अनुमानित समय तेह्रौं चौधौं शताब्दीको हुनसक्ने अनुमान गरिएको छ । काष्ठमण्डप तथा थापाथलीमा रहेका गोरखनाथका मूर्तिभन्दा भिन्न प्रकारको गोरखनाथको मूर्ति पशुपति अर्थात् गौशालाभन्दा पूर्वतर्फ अवस्थित छ । यहाँ सिद्ध गणहरूसहित नागको आसनमा पद्मासनमा बसेका गोरखनाथको प्रस्तर मूर्ति स्थापना गरिएको छ । गोरखनाथका आरम्भिक मूर्तिहरूको तुलनामा यस मूर्तिमा परिवर्तनका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्केत देखा परेकाले उक्त मूर्तिको अनुमानित समय सत्रौं शताब्दीको हुन सक्छ। यसरी यी मूर्तिहरूले नेपालमा पूर्वमध्यकालदेखि मध्यकालसम्म नाथ सम्प्रदायको लामो इतिहासलाई संस्मरण गराएको बुझिन्छ। वास्तवमा यी मूर्तिहरूले मध्यकालको नाथ सम्प्रदायको प्रसिद्धिलाई झल्काएका छन्।

पशुपति क्षेत्रको मृगस्थली एउटा सिद्धहरूको स्थलको रूपमा चीर परिचित छ। यसरी मृगस्थलीमा सिद्ध गोरखनाथले तपस्या गरेको बुझिन्छ। मृगस्थलिमा नाथ सम्प्रदाय सम्बद्ध गोरखनाथको मन्दिरमा उनको पादुका स्थापना गरिएको छ। यही पादुकालाई गोरखनाथको प्रतीक सम्झी पूजा गर्ने चलन छ।

काठमाडौं उपत्यका बाहिर दोलखामा नाथ सम्प्रदायको परिचय दिने सामग्रीहरू प्राप्त भएका छन्। जसअनुसार दोलखाको भिमेश्वर मन्दिरको भण्डारमा भगवन्त नाथको नाम उल्लेख भएको एउटा ताम्रपत्र प्राप्त भएको छ। वि.सं. १८३१ को उक्त ताम्रपत्रमा भगवन्त नाथको प्रशस्ति कुँदिएको छ। यी भगवन्त नाथ पृथ्वीनारायण शाहका समकालीन थिए। जसले नेपाल एकीकरणको अभियानमा पृथ्वीनारायण शाहलाई परोक्ष रूपमा सहयोग पुऱ्याएका थिए। यसबाट दोलखा भेकमा नाथ सम्प्रदायको प्रभाव भएको प्राप्त प्रमाणहरूबाट पुष्टि हुन्छ।

नेपालमा नाथ सम्प्रदायले प्रसिद्धि कमाएको स्थल दाङ पनि एक हो। दाङ शब्द राजस्थानी भाषामा पहाडको होचो श्रेणीको रूपमा प्रयोग भएको छ। हुन त जनश्रुतिमा थारु राजा दङ्गीबाट नै दाङ शब्द बनेको भन्ने भनाइ पनि पाइन्छ तर दाङमा थारु राजा दङ्गीको ऐतिहासिकतालाई सिद्ध गर्ने प्रमाणहरू फेला पार्न सकिएको छैन। तर, दाङले निर्दिष्ट स्थानको रूप लिएको देखिन्छ। दाङ जिल्लाको सदरमुकाम घोराहीदेखि १ किमि दक्षिण पूर्वमा अवस्थित चौघेरा नामक स्थानमा रतननाथको मठ रहेको छ। यस मठको स्थापना सिद्ध रतननाथबाट भएको विश्वास गरिन्छ। रत्न परिक्षक राजा गोरखनाथबाट दीक्षा लिई रतननाथ योगीको नामले संसारभर प्रसिद्धि कमाएका थिए (योगी, २०१६ : ३)। यसरी रतननाथले गोरखनाथबाट प्रदत्त अमरपात्रलाई दाङ चौघेरामा स्थापना गरी नाथ सम्प्रदायको विजारोपण गरेको विश्वास गरिन्छ। उनी नाथ सम्प्रदायको प्रचार प्रसारको सिलसिलामा पेशावर, काबुल कन्धहार, पञ्जाब आदिसम्मको यात्रा सम्पन्न गरेका थिए। नाथ सम्प्रदायको प्रसिद्धिबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभावित भई शाह वंशका राजाहरूबाट रतननाथको नित्य नैमित्तिक पूजाको लागि गुठीको व्यवस्था गरिदिएको बुझिन्छ । आजसम्म पनि चौघेराको सिद्ध रतननाथ मठले उनको अमरगाथा गाइरहेको छ । अझ भन्नु पर्दा यो मठ नाथ सम्प्रदायको गहनाको रूपमा रहेको छ ।

चौघेराको अतिरिक्त रतननाथको मन्दिर दाङ जिल्लाको विजौरी गाउँ विकास समिति वडा नं. ६ थानगाउँमा रहेको छ । यहाँ हिउँदे दरबार विजौरीमा रहेको र गर्मीको समयमा विश्राम गर्न छिल्लिकोटमा दरबार र मन्दिर रहेको थियो । विजौरीमा दरबारको भग्नावशेषको रूपमा चारैतिर पर्खाल रहेको देखा पर्दछ । थानगाउँमा रतननाथको मन्दिरसँगै भैरवको मन्दिर रहेको छ । यहाँ पूजा गर्ने योगी पुजारीले आफूलाई राजगुरु भन्ने गर्दछन् । गुठी संस्थानले पुजारीलाई वि.सं. १९९८ सम्म केही रकम प्रदान गरेको थियो (वुलर, १९९३ : ३५) । यहाँ गोरक्ष पादुका सहितको पादपृष्ठमा सानो शिवलिङ्ग स्थापना गरिएको छ । तर आजकाल यो मन्दिर निकै जिर्ण अवस्थामा रहेको देखिन्छ ।

फलावाङ्ग राज्यमा रतननाथको रीतिरिवाज बढी जीवित भएको देखिन्छ । फलावाङ्ग राज्यको हिउँदे राजधानी तुलसीपुरमा थियो । फलावाङ्गी राजाको दरबार राणा शैलीमा निर्मित भएको बुझिन्छ । केही वर्ष अघिसम्म यो दरबार सरकारी भवनको रूपमा रहेको थियो । यो दरबार रतननाथ मन्दिरसँगै रहेको छ । केही वर्ष अघि बालक नाथले रतननाथलाई समर्पित गरी शिखर शैलीको मन्दिरको निर्माण गराएका थिए । योगी परिवारले छ देखि सात पुस्तासम्म अर्थात् वि.सं. १९८३ सम्म मन्दिरको रेखदेख गरेका थिए । अहिले तीन भाइले मन्दिरको उत्तरदायित्व बाँडेका छन् (वुलर, १९९३ : ३५) । रतननाथको पूजा जाडो याममा तुलसीपुरमा र गर्मी याममा फलावाङ्गमा सम्पन्न गरिन्थ्यो । बैसाख महिनामा दुई जना पुजारी रतननाथको चरण पादुका लिई ६ घण्टा पैदल यात्राका साथ फलावाङ्ग पुग्दथे । मंसिर महिनामा ती पुजारी तुलसीपुरमा फर्कन्थे । फलावाङ्गमा दुईटा दरबार थिए एउटा नेवारी शैली र अर्को राणा शैलीको । प्राचीन दरबार नेर रतननाथको ईटाद्वारा निर्मित प्यागोडा शैलीको मन्दिर थियो । यसका साथै भैरवको मन्दिर उक्त क्षेत्रभित्र निर्माण गरिएको थियो । फलावाङ्गमा रतननाथका पुजारीले ६ महिना रही दशैं चाड सम्पन्न गर्दथे । सल्यानका राजाले रतननाथप्रति श्रद्धा राख्दथे भन्ने कुरा वि.सं. १८६९ को एउटा पत्रबाट थाहा हुन्छ । उक्त पत्रमा फलावाङ्गका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रतननाथमा परापूर्वदेखि लागि आएको नैमित्तिक पूजा खर्च छुट्याइएको छ (योगी, त्यही : ४४९) । तत्कालीन समयमा सल्यानी राजाले रतननाथलाई श्रद्धाको पात्रको रूपमा स्थान दिएको बुझिन्छ । यसै मठका प्रसिद्ध योगी भगवतनाथ सल्यानी राजाका निकै विश्वासी योगी थिए । यसरी सल्यानमा नाथ सम्प्रदायको प्रसिद्धि फैलिएको ऐतिहासिक कागजपत्रहरूले प्रष्ट पारेका छन् ।

नाथ सम्प्रदायले आफ्नो प्रभाव कायम राखेको स्थान प्यूठान पनि एक हो । अठारौं शताब्दीको आरम्भमा निर्मलनाथ योगी थिए । उनले शरीर त्याग गरेपछि त्यस ठाउँले सिद्ध देवको स्थानको रूपमा प्रसिद्धि कमायो । तिनताका प्यूठानका राजाद्वारा उक्त स्थानको पूजाको निम्ति १७०३ ईस्वी गुठीको व्यवस्था गरिदिएका थिए । उक्त गुठीको बेहोरा ताम्रपत्रमा लेखी कर्णाली किनारका केहि जग्गा गुठीको रूपमा राखिदिएको बेहोरा परेको देखिन्छ । यसबाट प्यूठान क्षेत्रमा नाथ सम्प्रदायको महत्त्वलाई बुझी राजाबाट श्रद्धाभाव भएको उदाहरण देखापर्दछ ।

पश्चिम नेपालको जुम्ला प्रदेश पनि नाथ सम्प्रदायको एक महत्त्वपूर्ण स्थलको रूपमा रहेको देखिन्छ । चन्दननाथ जुम्ला प्रवेश गरेर धानको खेतीबारे मानिसहरूलाई सिकाए । त्यहीबेला गोरखनाथको धर्म पश्चिमी नेपालमा पनि फैलियो (पाण्डेय, २०३५ : १३९) । जुम्लामा प्रचलित जनश्रुति अनुसार चन्दननाथ गोरखपन्थी योगी भएको अनुमान हुन्छ (ज्ञवाली, २०३६ : ३८) । कर्णाली प्रदेशमा खस मल्लहरूको प्रभाव समाप्त भएपछि बलिराज वि.सं. १४५५ तिर राजाको रूपमा देखापरेका थिए । चन्दन बलिराजलाई राजतिलक लगाइदिएको विश्वास गरिन्छ (योगी, २०२२ : ३२) । यसबाट चन्दननाथको समय पन्ध्रौं शताब्दीतिर भएको बुझिन्छ । वास्तवमा चन्दननाथ एक ऐतिहासिक पुरुषको रूपमा रहेको विश्वास गरिन्छ । जुम्लास्थित चन्दननाथको मन्दिरमा कुनै खास मूर्ति छैन । एक जोर चरणपादुका मन्दिरभित्र राखिएको छ र मानिसहरू यसलाई देवताको प्रतीक मानेर पूजाआजा गर्दछन् ।

मध्यकालदेखि नै दुल्लु-वैश्वानर क्षेत्रका समस्त तीर्थस्थल नाथ सम्प्रदायका योगीहरूका हातमा छन् । तिनीहरूले अग्नि ज्वाला र गोरखनाथको पूजाआजा गर्दछन् (पाण्डे, २०३५ : १३९) किनभने यी मन्दिरहरू गोरखनाथ अथवा मत्स्येन्द्रनाथसँग सम्बन्धित छैनन् । गोरखनाथ सम्प्रदायको महत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भएको स्थान पाल्पा जिल्लास्थित वटुकनाथ भैरव रहेको स्थान पनि एक हो । सेनवंशका शासक मणिमुकुन्द सेनको शासनकालमा वटुकनाथ भैरवको उत्पत्ति भएको विश्वास गरिन्छ । प्रचलित जनश्रुति अनुसार वटुकनाथ भैरवले मणिमुकुन्द सेनलाई सपनामा मेरो मूर्ति कसैले नदेख्ने ठाउँमा राखी नित्य धुप-दीप पूजा चढाउन अविवाहित कनफट्टा जोगीलाई लगाउनु भन्ने आदेश भएछ । सोही मुताविक मुकुन्द सेनले सोही व्यवस्था बाँधिदिएका थिए (सिंह, २०४३ : ५७) । यसबाट वटुकनाथ भैरवका पुजारी नाथ सम्प्रदायको योगी रहेको बुझिन्छ । यो परम्परा आजसम्म पनि कायम रहेको थाहा हुन्छ । यसरी हेर्दा नाथ सम्प्रदायले पश्चिम नेपालको महत्त्वपूर्ण स्थान जहाँ सेनवंशको शासन थियो, उक्त स्थानमा प्रभाव कायम राखेको प्रष्ट हुन्छ । भैरवका पुजारी नाथ सम्प्रदायका योगी हुनु महत्त्वपूर्ण पक्ष हो । नाथ सम्प्रदायका योगीले भैरवको पूजा गर्ने परम्पराबाट नाथ सम्प्रदायलाई भैरवसँग सम्वन्धित भएको देखिन्छ किनभने भैरवलाई शिवकै रूपमा पूजा गर्ने प्राचीन परम्परा विद्यमान रहेको छ ।

मध्यकालमा सुर्खेत उपत्यकामा नाथ सम्प्रदायको निकै प्रभाव थियो । योगी नरहरी नाथले आफ्नो बर्दियादेखि जुम्लासम्मको यात्रा विवरणमा लाटीकोइली नामक स्थानमा एउटा भग्न शिवालय फेला पारेका थिए । उक्त शिवालयमा प्राप्त भएको अभिलेखमा श्री शाके १५०४ श्री सम्वत १६३९ (१७१७ ई सन्) बैशाख शुक्लपक्ष त्रयोदशी गुरुवारे शिला स्थापना एवं आत्मनाथ श्री गोरखनाथक बालक राजा पुराण शाही मानसाही राज्य मठमा वाराणसी के थवइ किन्छ भन्ने व्यहोरा उल्लेख गरिएको छ । यस भनाइबाट वाराणसीबाट आएका नाथपन्थी आत्मनाथबाट गोरखनाथको उल्लेख गरी शिला स्थापना गरेको बुझिन्छ । सुर्खेतको लाटीकोइलीस्थित लटेश्वर महादेव थानको पुजारी पनि नाथ सम्प्रदाय कै जोगीहरू हुनु सुर्खेत उपत्यकामा नाथ सम्प्रदायको प्रभाव रहेको बुझिन्छ (योगी, २०१३ : १३) । यसबाट सुर्खेत उपत्यकामा पनि नाथ पन्थी योगीहरूको एउटा केन्द्र थियो भन्ने कुरा अवगत हुन्छ ।

डोटीको दिलिपेश्वर मठ पनि नाथ योगीहरूको आधिपत्यमा छ । शक सं. १५७० तिर रैकाडयू पहाडी शाहको शासनकालको बेलामा मन्धिरनाथ यस मठको पीर भए । श्री ५ गिर्वाणयुद्ध विक्रम शाह देवले पनि वि.सं. १८६३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मा यस मठको सञ्चालनको लागि एउटा गुठी राखिदिएका थिए । त्यसबेला महन्त लौगनाथ यस मठको मठाधीस थिए (योगी, २०२२ : ७४४) । यसबाट डोटी क्षेत्र पनि नाथ पन्थीहरूको प्रभावमा रहेको बुझिन्छ । त्यसैले समस्त पश्चिमि क्षेत्रहरूमा नाथ सम्प्रदायले प्रभाव जमाएको यस क्षेत्रको इतिहासबाट प्रष्ट हुन्छ ।

कुनैपनि महान् कार्यमा अग्रसर भएका महापुरुषहरूले सफलता प्राप्त गर्नको लागि अनेकौं उपायहरू अपनाउने गर्दछन् । नेपाल एकीकरणको अभियानमा पनि पृथ्वीनारायण शाहले साम, दाम, दण्ड, भेद जस्ता सबै उपायहरूको अवलम्बन गर्दथे । यसै शिलशिलामा उनले धर्म प्रिय समाजलाई प्रभाव पार्ने उद्देश्यले योगी, सिद्ध, तान्त्रिक, सिद्ध लामासमेतलाई हात लिएका थिए । अगस्ति सिद्ध र खड्गसिद्धि मनकामना सिद्ध आदिसँगको सम्बन्ध जस्ता कुरा पनि यस प्रसङ्गमा भुल्न सकिदैन (ढुङ्गेल, २०४३ : ७५) । यसैले उनको भगवन्तनाथसँग धेरै नजिकको सम्बन्ध भएको कुरा ऐतिहासिक कागजपत्रबाट थाहा हुन्छ । नाथ सम्प्रदायका योगीहरूले पृथ्वीनारायण शाहको समयमा ठूलो सम्मान प्राप्त गरेका थिए । जसमा सिद्ध भगवन्तनाथको नाम अग्रपङ्क्तिमा रहेको छ । भगवन्तनाथ सल्यान तर्फका सिद्ध थिए भन्ने कुरा ऐतिहासिक कागजपत्रबाट थाहा हुन्छ । सिद्ध भगवन्तनाथको पृथ्वीनारायणसँग पहिलो भेट वि.सं. १८२० मा भएको बुझिन्छ, किनभने वि.सं. १८२० मा चौबिसीहरूको आक्रमणमा प्रत्याक्रमण गरी विजय प्राप्त गरी फर्कंदा शूरप्रताप शाहसँगै सन्त भगवन्तनाथ पृथ्वीनारायण शाह कहाँ पुगेका थिए भन्ने कुरा वंशालीमा उल्लेख गरिएको छ । यसै समयमा पृथ्वीनारायण शाहले सिद्धको व्यक्तिबाट प्रभावित भई भगवन्तनाथलाई सम्मानपूर्वक पालकीको सवारी दिएका थिए भन्ने कुरा गोरखा वंशावलीमा उल्लेख छ (पन्त नयराज र अरू, २०२५ : ८५४-१०७०) । पृथ्वीनारायण शाहको समयताका र केही पछिसम्म पनि यस्ता योगी सिद्धहरूलाई गोसाई भनिन्थ्यो । यस्ता गोसाईहरू पूर्वदेखि पश्चिमसम्मका राज्य रजौटाहरूमा यत्रतत्र फैलिएका थिए । त्यसैले यिनीहरूबाट धेरै राजनीतिक फाइदा लिन सकिने कुरामा पृथ्वीनारायण शाहलाई विश्वास थियो । तिनताका चौविसि राज्यहरूलाई कजाउन बाइसीलाई आफ्नो पक्षमा मिलाउने कुटनीति पृथ्वीनारायण शाहको थियो । यही कामको चाँजोपाँजो मिलाउन सल्यान क्षेत्रमा सिद्ध भगवन्तनाथलाई पृथ्वीनारायण शाहले आदरका साथ राखेका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थिए (ढुङ्गेल, त्यही : ७६) । सिद्ध भगवन्तनाथले पनि वडामहाराजले राखेको अनुरूप नै नेपाल राष्ट्रको एकीकरणमा ठूलो मद्दत पुऱ्याएका थिए । धर्म संरक्षणमा सदा तत्पर रहेका नेपालका राजाहरूबाट योगीहरूका गुठी विर्ताको संरक्षण मात्र नगरी उनीहरूलाई अनेक जातको मण्डल्याइ प्रदान गरिएको थियो । सल्यानका राजा कृष्ण शाहका समकालीन सिद्ध भगवन्तनाथ नामक गोरखपन्थी योगीलाई १७७० इस्वी सम्वत्मा अधिराज्य भएका जोगीहरूको मण्डल्याई दिइयो (योगी, २०२२ : ४४९) । राजा श्री कृष्ण शाहले पनि महन्त भगवन्तनाथसँग एउटा धर्मसन्धी गरेका थिए । यसबाट नाथ योगीहरूको कत्तिको मान्यता र महत्त्व थियो भन्ने कुरा सजिलैसँग अनुमान गर्न सकिन्छ ।

नेपालको एकीकरणका सन्दर्भमा पृथ्वीनारायण शाहको गोरखनाथसँग भेट भई उनीबाट आशीर्वाद प्राप्त गरी नेपाल एकीकरण सम्भव भएको कथा उल्लेख भएको पाइन्छ (योगी, २०२० : ९५) तर पृथ्वीनारायण शाहको सल्यानका सिद्ध भगवन्तनाथसँग नेपालको एकीकरणको अभियानको क्रममा भेट भएको ऐतिहासिक रूपले पुष्टि भएको छ । शाहवंशले सुरु देखि नै गोरखनाथलाई सम्मान गर्दै आइरहेको थाहा हुन्छ । शाह राजाहरूले गोरखनाथमा छँदा र नेपालभरी शासन गर्दा गोरखनाथलाई निकै मान्यता दिएका थिए (रेग्मी, २०३९ : ८६) । गोरखा दरबार मुन्तिरको गुफा, गोरखनाथ गुफाको रूपमा प्रसिद्धि कमाएको छ । यस गुफामा गोरखनाथले साधना गरेको विश्वास गरिन्छ । त्यसैले यो गुफाको सम्बन्ध सिद्ध गोरखनाथसँग रहेको छ । पौराणिक साहित्यमा पनि यही गुफामा नै गोरखनाथको उत्पत्ति भएको कथा जोडिएको छ । यस्ता धार्मिक आख्यानलाई पुष्टि गर्ने लिखित सामग्रीको अभाव रहेको छ । द्रव्यशाहका पालादेखि गोरखाका शाह वंशका राजाहरूलाई गोरखनाथबाट आर्शिवाद प्राप्त भएको विश्वास छ (गुरुङ, त्यही : ८९) । गोरखनाथको नामबाट गोरखा नाम हुनु ऐतिहासिक रूपले कम महत्त्वको मानिन्न । हैमिल्टनले गोरखनाथलाई शाह वंशका परिवार देवता नै थिए र गोरखपन्थी यी राजघराना काठमाण्डौंमा सर्नुभन्दा अगाडि राजाहरूलाई पारलौकिक ज्ञान र शिक्षा दीक्षा पनि प्रदान गरिराखेका थिए भनेका छन् (हेमिल्टन, ई. १८१६ : २४४) ।

पृथ्वीनारायण शाहको समयमा वि.सं. १८२६ मा गोरखनाथलाई २१९$^{३/४}$ रोपनी जग्गा गुठी चढाएको थाहा हुन्छ । त्यसबेला कान्तिपुरमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथका मठहरू यत्रतत्र छरिएर रहेका थिए । त्यसैले गोरखनाथका गुठीहरू पनि कान्तिपुरमा पर्याप्त मात्रामा रहेको बुझिन्छ । वास्तवमा त्यसबेला गोरखपन्थीहरूको प्रभाव कान्तिपुरमा बढी भएको थाहा हुन्छ । पृथ्वीनारायण शाह पछिका राजाहरूबाट आफ्नो मुद्रामा गोरखनाथ नाम उत्कीर्ण गराउनु नाथ सम्प्रदायको प्रभावको एउटा गतिलो प्रमाण हो । शाहवंशको समयमा नाथ सम्प्रदायले तत्कालीन अभिलेखमा महत्त्वपूर्ण स्थान ओगटेको बुझिन्छ । हुन त लिच्छिवीकालमै गोरखाको धार्मिक महत्त्व कायमै थियो । लिच्छिवी शासकहरू गोरखादेखि परिचित रहेको तथ्य उनीहरूद्वारा स्थापित शिलालेखबाट थाहा हुन्छ । त्यसैले राजनीतिक दृष्टिले गोरखाको महत्त्व बढ्नुभन्दा पहिले धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्व बढिसकेको थियो । उक्त स्थानमा गोरखनाथले महत्त्वपूर्ण स्थान प्राप्त गरेपछि यस क्षेत्रको धार्मिक महत्त्व अझ बढ्न गयो । गोरखामा लिच्छवीकालका दुई अभिलेख प्राप्त भएका छन् । तीमध्ये पहिलो अभिलेख शिवदेव द्वितीयको सम्वत् १२२ को हो । गोरखनाथ गुफाको ढोकै नेर ठूलो घण्टा पछाडि यो शिलालेख रहेको छ । यस अभिलेखबाट गोरखामा लिच्छिवीहरूले केन्द्रबाट सोझै शासन गर्दथे भन्ने बुझिन्छ, किनभने यहाँ सामन्त राजाहरूको उल्लेख गरिएको छैन । अर्को कुरा लिच्छवीकालमा नेपाल राज्य उपत्यकामा मात्र सीमित थिएन भन्ने कुराको पुष्टि हुन्छ ।

लिच्छवीकालमा गोरखाको नाम के थियो ? बिचको भाग अस्पष्ट हुनाले थाहा पाउन सकिएको छैन । त्यसैले गोरखा नामाकरण त्यसबेला भइसकेको थिएन कि भन्ने अनुमान हुन्छ (वज्राचार्य, २०३० : ५२५) । यस अभिलेखमा वज्र भैरवको उल्लेख आएको छ । गोरखा दरबारभन्दा प्राचीन उपल्लो कोटमा वज्र भैरवस्थान अहिलेसम्म छ । त्यहाँ राजकीय कारण पूजा गोरखनाथका पुजारीद्वारा अहिले पनि हुन्छ । तर वज्र भैरवको प्राचीन मूर्ति भने अहिले बचेको छैन । केही ढुङ्गाहरू एकत्रित पारिएको स्थानलाई नै वज्र भैरवको मूर्ति भनी पूजा गरिन्छ (वज्राचार्य, त्यही : ५२६) । बौद्ध धर्ममा वज्रयान सम्प्रदायको जन्म भएपछि यसको नेपाली भूमिमा व्यापक रूप लिएको देखिन्छ । अंशुवर्माको समयमै यसको प्रवेश नेपालमा भइसकेको देखिन्छ (वज्राचार्य, त्यही : ५२६) । यस अभिलेखबाट नेपालको पहाडी भेगमा पनि वज्रयानको प्रचार भइसकेको थियो भन्ने कुरा यस अभिलेखबाट प्रष्ट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ तर स्मरणीय यो छ कि शिवदेव द्वितीयको यस अभिलेखमा नाथ सम्प्रदायको बारेमा परिचय दिने प्रसङ्गहरू उल्लेख भएको देखिँदैन । त्यसैले उनको समयमा नाथ सम्प्रदाय नेपाली भूमिमा अस्तित्त्वमा आएको देखिँदैन । जयदेव द्वितीयको गोरखाको अभिलेखमा संवत देखापरेको छैन । यो अभिलेख गोरखा दरबार पूर्वतिर अलि तल ओर्लेपछि हनुमान भञ्ज्याङमा पुगिन्छ । त्यहाँ चौतारा नेर गोरख पादुका भएको पहराको मुन्तिर यो शिलालेख पश्चिमतिर फर्काएर राखिएको छ । यस अभिलेखको माथिको भागमा पनि बिचमा निकै अंश खिइएको छ । यसकारण यस अभिलेखमा मुख्य विषय के परेको थियो, बुझ्न नसकिने भएको छ । यस अभिलेखमा सर्वदेव पद देखिएका हुनाले यस भेकमा अरू पनि देवताहरू त्यसबेला थिए भन्ने सङ्केत पाइन्छ (वज्राचार्य, २०३० : ५७९) । जयदेव द्वितीयको यस अभिलेखबाट कुन कुन देवताहरू गोरखामा थिए । त्यसबारेमा उक्त अभिलेखबाट खुल्न सकेको छैन । यसरी लिच्छवीकालमा गोरखामा धार्मिक गतिविधिहरू प्रारम्भ भइसकेको अभिलेखका प्रसङ्गबाट थाहा हुन्छ ।

गोरखामा नाथ सम्प्रदायको प्रभावलाई नियाल्दा शाहवंशको शासनकाल पनि महत्त्वपूर्ण मानिन्छ । शाहवंशबाट विभिन्न समयमा गोरखनाथ गुफामा अभिलेख स्थापना गरिएको बुझिन्छ । यसैक्रममा सुवर्ण प्रभाले राखेको गोरखनाथ गुफाको घण्टाको अभिलेखमा श्री सम्वत् १८५८ मा श्री गोरखाका गोरखानाथ प्रिति गरी श्री श्री ५ महारानी सोम प्रभावती देवीका पुत्र दुई श्री रणध्वज शाह र समरशेर शाहसहित भै घण्ट चढाएको बेहोरा परेको छ (वैद्य, र व्रजाचार्य, २०२९ : २६) । यस्तैगरी गोरखनाथ गुफाको ढोकानेर ठुलो घण्टा पछाडी लिच्छिवीकालको शिलालेखको तल्लो भागमा वि.सं. १८५९ उल्लेख छ (वज्राचार्य र श्रेष्ठ, २०३७ : ३४९) । उक्त अभिलेखमा गोरखाका डिङ्गा, सुवेदार, खरिदार आदि मिली गोरखनाथको गुफानेर पर्खालको निर्माणको उल्लेख छ । यस अभिलेखको विवरणबाट गीर्वाणवीरविक्रमको पालामा गोरखाका प्रजाहरूबाट पनि गोरखनाथलाई सम्मानभाव व्यक्त गरेको अभिलेखबाट थाहा पाइन्छ । यसैगरी ललितत्रिपुर सुन्दरीले वि.सं. १८६९ मा एक अभिलेख गोरखनाथ गुफामा कुदाएको देखिन्छ (वज्राचार्य र श्रेष्ठ, त्यही : ५५९) । उक्त अभिलेखमा गोरखनाथलाई खुसी तुल्याउन ठुलो घण्टा चढाएको अभिलेखको विवरणबाट बुझ्न सकिन्छ । यसैगरी साम्राज्यलक्ष्मीले वि.सं.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८९२ को ध्वजाको अभिलेखमा गोरखनाथलाई श्रद्धा प्रकट गरी ध्वजा अर्पण गरेको व्यहोरा परेको छ (वैद्य र वज्रचार्य, त्यही : ३२) । यसबाट शाहवंशबाट गोरखनाथलाई सम्मान गरी अभिलेख स्थापना गरेबाट नाथ सम्प्रदायको संस्कृति गोरखा भेकमा निकै मौलाएको बुझिन्छ । अझ खासगरी गोरखाले नाथ सम्प्रदायको इतिहासमा नयाँ आयाम थपेको देखिन्छ ।

नेपालमा प्रचलित वंशावलीका कथाहरूले सातौँ शताब्दीदेखि नाथ सम्प्रदायले प्रसिद्धि कमाएको चर्चा गरे तापनि यस भनाइको प्रामाणिकता सिद्ध गर्ने स्रोतको कमी भएको देखिन्छ । बरु पूर्वमध्यकालदेखि नाथ सम्प्रदायले नेपाली भूमिलाई अविरल सिञ्चित गरेको बुझिन्छ । पूर्वमध्यकालका अभिलेख तथा मूर्तिहरू नै नाथ सम्प्रदायको अध्ययन गर्ने विषयवस्तु बनेका छन् । त्यसपछिका अर्थात् शाहवंशको शासनकालमा गोरखनाथलाई आदरका साथ आफ्नो अभिलेखमा सम्मानभाव व्यक्त गर्नु नाथ सम्प्रदायको गरिमालाई आत्मसात गरेको बुझिन्छ । यसका अतिरिक्त शाहकालीन मुद्राहरूमा गोरखनाथले स्थान पाउनु नेपाली भूमिमा नाथ सम्प्रदायको महत्त्वलाई प्रष्ट पार्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - दुई
सिद्ध रतननाथको ऐतिहासिकता

२.१. विषय प्रवेश

सिद्ध रतननाथ मठ राप्ती अञ्चल दाङ जिल्ला अन्तर्गत घोराही नगरपालिका वडा नं. ४ चौघेरामा अवस्थित छ। चौघेरास्थित रतननाथ मठ घोराही सदरमुकामदेखि एक किलोमिटर पूर्व दक्षिण कुनामा रहेको छ। यस रतननाथ मठको पूर्वमा सिस्ने खोला, पश्चिममा कटुवा खोला, दक्षिणमा हरिद्वार ग्राम र उत्तरमा डबरी तथा महाभारत पर्वत श्रृङ्खलाहरू पर्दछन्।

दाङको इतिहास अध्ययन गर्दा रोचक प्रसङ्गहरूका सन्दर्भहरू देखापर्दछन्। जसअनुसार प्राचीन कालमा दाङ एउटा सरोबर थियो। त्यस समयमा यो रत्नेश्वर तलाउको नामले चिनिन्थ्यो। समयको क्रमसँगै यस तालको पानी पश्चिमबाट फुटेर बबइ र ऐरावतीद्वार हुँदै निकास भए पश्चात विस्तार विस्तार वस्ती योग्य बन्दै गयो (योगी, २०२२ : ४६८)। यसरी उपत्यका वस्ती योग्य भएपछि मानव क्रियाकलाप सुरु भएको विश्वास गरिन्छ। मानव वस्ती सुरु हुनुपूर्व दाङ घना जङ्गलले भरिपूर्ण थियो। बाक्लो जङ्गल रहेको यस स्थानमा दाङको भौतिक वास्तविकताको परिचय पाइन्छ। प्रागैतिहासिक कालमा दाङ प्राक मानवको बसोवासको दृष्टिले महत्त्वपूर्ण उपत्यका भएको अनुमान हुन्छ। किनभने विभिन्न समयमा प्राप्त पाषाण उपकरणले यस कुराको पुष्टि हुन्छ। यद्यपि विभिन्न समयमा प्राप्त पाषाण उपकरणको परिक्षण हुन बाँकी नै छ। वास्तवमा दाङ मानव जातिका आदिम वस्तीहरू मध्ये एक मानिएको प्रसङ्गलाई कहिल्यै पनि भुल्न सकिँदैन।

दाङ शब्दको नामाकरण कसरी भएको हो ? यस प्रसङ्गमा चर्चा भएका विभिन्न सन्दर्भहरूको उल्लेख गर्नु सान्दर्भिक होला। अतः दाङको नाम संस्कृत भाषाको द्रङ्ग शब्दबाट बनेको हो (सुवेदी, २०५४ : १०५)। त्यसैगरी द्रोण शब्दले पनि पहाडका चेपमा चेप्टो गरी अचेटिएर बनेको जमिन भन्ने बुझिन्छ। त्यही द्रोण शब्दको नेपालीकरण भएर दून शब्द भएकोले चितवनदून, देहरादून, राप्तीदून जस्ता ठाउँका नाम नेपालीकरण भएका छन् (सुवेदी, त्यही : १०५)। यसरी ती दुवै द्रङ्ग र द्रोण शब्दबाट नै दाङ शब्द बन्न गएको अनुमान हुन्छ। त्यसैगरी दाङ शब्दको अर्थ खाम मगर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा मैदान भन्ने बुझाउँछ (सुवेदी, २०५५ : ६९)। राजस्थानी भाषामा पनि दाङको अर्थ होचो श्रेणी भन्ने हुन्छ। हुन पनि दाङ भौगोलिक रूपले मैदान अर्थात् सम्म परेको ठाउँ देखा पर्दछ। यसबाट दाङको भौगोलिक महत्त्व भएको स्थानको रूपमा देखा पर्दछ।

दाङमा रतननाथको ठूलो महिमा कामय भएको देखिन्छ। दाङको चर्चा गर्दा रतननाथ दाङ राज्यको इतिहाससँग जोडिएका छन्। तत्कालीन राजा रत्न परिक्षक चौघेरास्थित रतननाथ मठसँग अभिन्न रूपमा गाँसिएका छन्। त्यसैले प्राचीनकालमा योगीहरू विभिन्न राज्य र मठसँग सम्बन्धित भएको इतिहासको अध्ययनले दर्शाउँछ। यस्ता राजाहरूले ठाउँ-ठाउँमा आफ्नो प्रभाव क्षेत्र कायम गर्ने तर्फ लागेको बुझिन्छ। यस प्रकारको कार्यमा सम्प्रदाय विस्तारको कार्यलाई अगाडि बढाएको देखिन्छ।

दाङजस्तै सम्पूर्ण तराईको भाग सांस्कृतिक रूपबाट उत्तरभारतसँग बढी सम्बन्ध गाँसेको बुझिन्छ। वास्तवमा प्रत्येक धार्मिक स्थलको आ-आफ्नै विशेषता रहेको हुन्छ। दाङ चौघेरास्थित रतननाथ मठ अलग्गै विशेषता लिएर आजसम्म अस्तित्त्वमा रहेको छ। यस्तो महत्त्वपूर्ण धार्मिक स्थलको उत्पत्तिको पछाडि ऐतिहासिक पृष्ठभूमि रहेको छ। सिद्ध रतननाथको ऐतिहासिक परिचय प्रस्तुत गर्न अभिलेख प्रमाणहरू समर्थ भएको देखिँदैन।

त्यसैले रतननाथको इतिहास अध्ययन गर्नका लागि साहित्यिक तथा पारम्परिक जनश्रुतिको खाँचो देखिन्छ। अतः यस्ता श्रोतहरूको आधारमा रतननाथको इतिहास अध्ययन गर्नु कठिन कार्य मानिन्छ। कुनै पनि धार्मिक स्थलको इतिहास अध्ययन गर्न थाल्दा त्यस स्थलसँग सम्बन्धित महापुरुषको परिचय पाउन आवश्यक हुन आउँछ। अतः चौघेरास्थित रतननाथको इतिहास अध्ययन गर्न पारम्परिक जनश्रुतिले लामो परम्परा निर्वाह गरिरहेको पाइन्छ। त्यसैकारण रतननाथको परिचय दिने क्रममा परम्परादेखि चलिआएको जनविश्वासलाई नकार्न सकिँदैन।

दाङ उपत्यका अर्थात् सवारीकोटका राजा रत्न परिक्षक राजाले गोरखनाथ-वाट दीक्षा प्राप्त गरी सिद्ध रतननाथको नामले प्रसिद्धि कमाएको जनकथनले नाथ सम्प्रदायको प्रसिद्धिलाई औँल्याएको छ। सिद्ध रतननाथको बारेमा धेरै कुरा प्रकाशमा ल्याउने काम अझै बाँकी रहे तापनि पछि यहाँ शासन गर्ने शासकहरूले सिद्ध रतननाथप्रति ठूलो श्रद्धा राखेको ऐतिहासिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कागजपत्रहरूले पनि सिद्ध गरेका छन् (शर्मा, २०४३ : १२) । यस आधारबाट पनि दाङ उपत्यकामा नाथ सम्प्रदायका अनुयायी सिद्ध रतननाथको ठूलो महिमा कायम भएको पुष्टि हुन्छ ।

२.२. सिद्ध रतननाथको ऐतिहासिकता :

सिद्ध रतननाथ नाथ सम्प्रदायका अमूल्य रत्न मानिन्छन् । उनले नाथ सम्प्रदायका गहन विचारलाई अन्तराष्ट्रिय स्तरमा प्रतिस्थापित गराउन विभिन्न क्षेत्रको भ्रमण गरेका थिए । नाथ पन्थी योगीहरूको दृष्टिमा रतननाथ श्रद्धाको पात्रको रूपमा पूजित छन् । उनले स्थापना गरेको मर्यादा आजसम्म पनि यस मठको योगीहरूबाट पालना भइराखेको देखिन्छ । रतननाथले दाङको सवारीकोटमा बसी राज्य गरेको प्रचलित जनश्रुतिबाट थाहा हुन्छ । नाथ सम्प्रदायका ग्रन्थहरूमा रत्न परिक्षक गोरखनाथबाट दीक्षा प्राप्त गरी सिद्ध रतननाथको रूपमा प्रशिद्धि कमाएको चर्चा गरिएको छ । सिद्ध रतननाथले गोरखनाथद्वारा प्रदत्त पात्रलाई चौघेरामा स्थापना गरी आफू विभिन्न देशहरू अर्थात् काबुल, कन्दहार आदि स्थानमा विचरण गरी यौगिक चमत्कार देखाएका थिए (योगी, २०१३ : ९) । गोरखनाथले सिद्ध रतननाथलाई पात्र प्रदान गर्नुभएको नाथ सम्प्रदायका ग्रन्थहरूबाट थाहा हुन्छ । आजसम्म पनि रतननाथ मठमा गोरखनाथद्वारा प्रवृत्त पात्र विद्यमान छ । त्यसैले यस पात्रका संस्थापक रतननाथ ऐतिहासिक व्यक्ति हुन् भन्नेमा विवाद गर्ने ठाउँ रहँदैन । तैपनि यिनको निश्चित समय आजसम्म ठोकुवा गर्न सकिएको छैन । सिद्ध रतननाथको मन्दिर र दरबारले दाङ जिल्लाको पूर्व इतिहासको सूचना दिन्छन् (वुलर, जनवरी १९९३ : ३३) । यस मठका नाथ पन्थी योगीहरूले मठमा स्थापित पात्रलाई धार्मिक महत्त्वको रूपमा हेर्ने गर्छन् । सिद्धरतननाथबाट चौघेरामा पात्र स्थापना भइसकेपछि यो स्थल नाथ सम्प्रदायको महत्त्वपूर्ण तीर्थको रूपमा स्थापित भएको बुझिन्छ । त्यसबेलादेखि यहाँ धार्मिक गतिविधिहरू प्रारम्भ हुन थालेको अनुमान हुन्छ । शिवावतार गोरखनाथद्वारा रतननाथलाई पात्र प्रदान गरेको हुनाले त्यसलाई शिव गोरक्षकै स्वरूप सम्झी पात्रदेव भन्ने चलन छ । यस पात्रलाई पाक्षिक रूपमा प्रत्येक दशमीको बेलुकी नयाँ कपडा सुसज्जित गरिन्छ । यसरी कपडा फेरी पहिराउने कार्यलाई 'पोशाकी' भन्ने चलन छ । स्मरणीय यो छ कि रतननाथ मठमा रहेको गोरक्षपात्र रहे को स्थानमा यस मठका पीर बाहेक अन्य व्यक्तिलाई मन्दिरको यस स्थानमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रवेश गर्न निषेध छ। त्यसैले यस पात्रको स्वरूपको बारेमा स्पष्ट रूपमा केही भन्न सकिँदैन।

दाङ राज्यको इतिहास अध्ययन गर्न हामीसँग अभिलेखिक प्रमाणको अभाव रहेको छ। त्यसबेला दाङमा स-साना राज्यको अस्तित्त्व रहेको थियो भन्ने जनश्रुतिबाट थाहा हुन्छ। यी राज्यमा रतननाथको पूजा हुने गर्दथ्यो तर छिल्ली राज्यको अस्तित्त्व भने प्राचीन कालदेखि रहेको थियो भन्ने कुरा इतिहासको अध्ययनबाट थाहा हुन्छ। यस प्रसङ्गमा दाङ राज्यको स्थापना कहिलेदेखि भयो ? यस सम्बन्धमा अभिलेखिक प्रमाणहरू मौन रहेको देखिन्छ। दाङ राज्यमा कुन-कुन देशका राजाहरूले राज्य गरे भन्ने सम्मन्धमा प्रमाणको अभावमा अहिलेसम्म निश्चित टुङ्गोमा पुग्न सकिएको छैन। त्यसैले जनश्रुतिका आधारमा अनेक अनुकल्पना प्रस्तुत भएका छन्। त्यसैले दाङ राज्यको प्रामाणिक इतिहास अहिलेसम्म तयार हुन सकेको छैन।

टेकनाथ गौतमले माणिक्य परिक्षक र रत्न परिक्षकलाई ब्राह्मण राजा मानेका छन्। उनले प्रस्तुत गरेको विचारअनुसार तत्कालीन समयमा सुकौरामा दानसिंह दनुवार नामक थारु राजाले आफ्नो राज्यको भू-भागको आफूबाट मात्र सुरक्षा हुने सम्भव नदेखि हापुरका मणि पाण्डेलाई लगाएर छिल्लीसित मैत्रीसम्बन्ध कायम गरे। छिल्लीका सिपाही, दानसिंहको खर्च मणि पाण्डेको जुक्ति लगाएर स-साना भुरे राज्यलाई मासे। सवारीकोटका आसपासको सानो भू-भागको थपाला राज्य मणि पाण्डेलाई दिए। यो सवारीकोट राज्य दानसिंह दनुवारको राज्य भित्र पर्दथ्यो। दाङको पहाडी भागमा शासन चलाउन त्यहाँकै वासिन्दालाई नाइके बनाउने चलन थियो। त्यस्ता नाइकेले प्रशासन गर्ने क्षेत्रलाई त्यसबेला थपाला भनिन्थ्यो। पछि त्यस्ता थपाला पनि स्वतन्त्र राज्यको रूपमा उपस्थित हुने मौका हेर्दथे (सुवेदी, त्यही: १०७)। असन्तुष्ट मणि पाण्डेले छिल्लीका राजा मेधबहादुरको देहान्त पछि आफूलाई स्वतन्त्र राजा माणिक्य परिक्षक भनेर घोषणा गरे (गौतम, २०५० : ५९) कतै फेरी (योगी, २०१३ : ९-११) सवालाख झारखण्डमा (दाङ देउखुरीदेखि देवीपाटनसम्म) माणिक्य परिक्षकले राज्य गर्दथे भन्ने उल्लेख छ। तर योगीहरूको भनाइ केवल अनुमान जस्तो लाग्छ।

माणिक्य परिक्षक पछि उनका छोरा रतन पाण्डे रत्न परिक्षक नामले राजा भए। उनी बाबुभन्दा पनि प्रभावशाली र महत्त्वाकांक्षी थिए।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यिनले देवीपाटनमा गै शिक्षा लिएका थिए र नाथ सम्प्रदायी योगीबाट प्रभावित भएका थिए। उनले आफ्ना अधिनका भू-भागमा अन्न कर उठाउन पाउने स्वीकृति लिएका थिए। सवारीकोटका राजाले लगाएको यो अन्न करलाई थारुहरू 'कटाला' भन्ने गर्दथे। केही समयपछि सुकौराका अधीन मौजाहरूबाट कटाला आएन। सो अन्न कर सुकौरा राज्यले रोकेको थाहा पाएपछि थारु राज्यसित रतन पाण्डेको सम्बन्ध बिग्रियो। रतन पाण्डेले छिल्लीको समेत सल्लाहले सुकौरा दरबारमा एक्कासी आक्रमण गराए र राजालाई थुने वा मार्न लगाए। यसरी आफूलाई छिल्ली बाहेक दाङको केही मैदानी भाग र देउखुरीको राजा घोषित गरे। उनले दाङको केही मैदानी भाग र देउखुरीको पश्चिम तर्फको सीमित भाग छिल्ली राज्यमा थपिदिए। त्यसबेलासम्म रत्न परिक्षक प्रौढ भैसकेका थिए। उनका सन्तान पनि थिएनन्। राजा बन्न नहुने बाहुन म राजा हुनु उचित थिएन भन्ने पछुतो पनि भयो होला। उनले नाथ सम्प्रदायमा दिक्षित हुने विचारले बभ्राङबाट सिंहवंशी राजकुमार झिकाई आफ्नो राज्यको राजा बनाएर आफूले नाथपन्थको दीक्षा लिए। त्यसपछि रतननाथको रूपमा भारततिर लागे। जहाँ उनी निकै ठूला सिद्ध पुरुष भएर चम्के (गौतम, त्यही : ६२)। रत्न परिक्षक योगी भएका हुनाले र उनका रानीहरू केतकी र भानुमतीका कोखबाट सन्तान नजन्मेकाले गद्दी चलाउन सिंहवंशीय राजपुतको खोजी गरी बभ्राङबाट ल्याएर राखे (सुवेदी, २०५४ : १०७)। बभ्राङी वंशावलीमा पनि सिंहवंशीय बभ्राङी राजा शक्ति सिंहका कान्छा छोरा दलि सिंहलाई बभ्राङबाट दाङको राजगद्दीमा ल्याएर बसालेको कुरा उल्लेख छ (सुवेदी, त्यही : १०७)।

दलि सिंहलाई वि.सं. १५५० मा बभ्राङबाट दाङ ल्याई राज्यारोहण गराएको हुनाले राजा रत्न परिक्षक योगी भएपछि रतननाथ भएको समय पनि जानकारी भएको छ। दलि सिंह दाङमा राजा भएको समय वि.सं. १५५० भएको हुनाले राजा रत्न परिक्षक नाथ सम्प्रदायमा दीक्षा लिएको त्यही समयको आसपास भएको अनुमान हुन्छ। योगीज्यूले भने राजा रत्न परिक्षक पछि सिद्ध रावललाई उत्तराधिकारी बनाएको उल्लेख गरेका छन् (योगी, २०३२ : ३६)। दाङमा राज्य गर्ने राजाहरूको चारवटा वंशावली प्रस्तुत गर्नुभएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.सं.	वंशावली-१	वंशावली-२	वंशावली-३	वंशावली-४
१	मानिकपारख	दंगिशरण	दलि सिंह (वि.सं. १५५०)	दान सिंह
२	रतनपारख	लघु दङ्गी	सिकन्दर सिंह	माणिक्य परिक्षक
३	दाङिशरण	अपर दङ्गी	मावा सिंह	रत्न परिक्षक
४	तुइ दाङ	चित्तल दङ्गी	देवा सिंह	उरग सिंह
५	उपर दाङ	अङ्गार दङ्गी	अनुप सिंह	माधव सिंह
६	चित्तल दाङ	मगर दङ्गी	उद्योत सिंह	अजय सिंह
७	अङ्गार दाङ	सारग दङ्गी	तेज सिंह	तेज सिंह
८	मङ्गर दाङ	उरग सेन	नवल सिंह (१८२०)	ववड सिंह
९	सरिङ दाङ	माधव राज	दलेल सिंह	नवल सिंह
१०	उरग सेन	मदालसारानी	दान बहादुर सिंह (१८४३)	
११	माधव राज	माणिक्य परिक्षक	दीर्घराज सिंह	
१२		रत्न परिक्षक		

पहिलो वंशावलीमा मनिक पारखु र रतन पारखुलाई पहिलो र दोस्रो पुस्ता, दोस्रो वंशावलीमा माणिक्य परिक्षक र रत्न परिक्षकलाई ११ औं र १२ औं पुस्तामा, तेस्रो वंशावलीमा दलि सिंहलाई प्रथम पुस्तामा राखी त्यसभन्दा माथिका राजाको नाम हटाइएको छ। चौथो वंशावलीमा माणिक्य परिक्षक र रत्न परिक्षकलाई दोस्रो र तेस्रो पुस्तामा राख्नु भएको छ। माथि उल्लेख गरिएका वंशावलीहरूबाट नामहरूको सम्बन्धमा निकै अन्यौलता छाएको पाइन्छ। वंशावलीमा उल्लेख गरिएका नामहरूमा कतै मानिक पारखु, रतन पारखु कतै माणिक्य परिक्षक र रत्न परिक्षकको नाम उल्लेख गरिएको छ। यस्ता वंशावलीहरूबाट रत्न परिक्षकको वंश कसैसँग जोड्न सकिने आधार देखा पर्दैन। सुवेदीजीले प्रस्तुत गर्नुभएको वंशावलीमा दङ्गीशरणको वंशजमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माणिक्य परिक्षक र रत्न परिक्षकको नाम जोडिएको छ। वंशावलीको आधारमा नामहरू पढ्दा कुनै ठोस निस्कर्षमा पुग्न सकिँदैन। किनभने वंशावलीमा उल्लेख गरिएका राजाहरूको नाममा एकरूपता पाइँदैन। प्रस्तुत वंशावलीमा दानसिंह दनुवारपछि माणिक्य परिक्षक र रत्न परिक्षकको नाम वंशावलीमा ४ मा उल्लेख गरिएको छ। जबकी दानसिंह दनुवारसँग माणिक्य परिक्षक मिली अनेकौं भुरे राजाहरूलाई हराएको इतिहासबाट थाहा हुन्छ। अर्कातर्फ दानसिंह दनुवारले नै माणिक्य परिक्षकलाई सवारीकोटको थपाला राज्य प्रदान गरेको चर्चा टेकनाथ गौतमले प्रस्तुत गरेको आख्यानमा चर्चा भएको पाइन्छ।

योगीजीले रतननाथको चर्चा गर्ने प्रसङ्गमा रत्नपुरी नगरीमा राजा मणिक पारखुका छोरा रतन पारखुलाई सवालाख झारखण्डका राजा भनी उल्लेख गरेका छन् (योगी, त्यही : ४६९)। कर्णाली प्रदेशका मल्ल राजाहरूले एक लाख पच्चीस हजार पर्वतमाथि अधिकार गरेकाले त्यो राज्यलाई सवालाख साम्राज्य भनिन्थ्यो। त्यही सवालाखलाई 'सपादलक्ष शिखरी साम्राज्य' पनि भनिएको छ (सुवेदी, १७-२५)। सवालाख शब्दको रूप विग्रँदै सवालिक वा सिवालिक पर्वत माला भन्न थालिएको झलक आउँछ। जसलाई सवालाख झारखण्ड (वनजङ्गल) पनि भनिन्थ्यो। झारखण्ड भन्नाले घना जङ्गल वा झारपातले टन्न भन्ने हुन्छ (सुवेदी, त्यही : १०६)।

यस प्रसङ्गलाई विचार गर्दा मणिक पारखु नै माणिक्य परिक्षक र रतन पारखु नै रत्न परिक्षक हुन् भन्ने बुझिन्छ। रत्न परिक्षकले सुकौराको थारु राज्यमा आक्रमण गरेको इतिहासमा चर्चा गरेको पाइएकाले सुकौरामा राज्य गर्ने थारु राजाहरूको वंशावलीमा माणिक्य परिक्षक र रत्न परिक्षकलाई समावेश गरिनु प्रामाणिक रूपले राजनैतिक घटनाक्रमबाट मिल्न आएको देखिँदैन। बरु थारु राज्य सवारीकोटको मातहतमा आएपछि सवारीकोट राज्यका यी दुवै राजाहरूलाई थारु राज्यको वंशावलीमा समावेश गरिएको हुन सक्दछ। इतिहासको अध्ययनबाट सवारीकोट, छिल्ली आदि अलग राज्यको रूपमा रहेको देखा पर्दछ। वास्तवमा भन्ने हो भने नाथ सम्प्रदायका कनफट्टा योगीहरूका ग्रन्थमा दाङ राज्यको महिमाको गुणगान गरिएको पाइन्छ।

सिद्ध रतननाथको सम्बन्धमा अनेक कथाहरू यहाँ प्रचलित छन्। यी कथाहरू श्री नाथ मेघमाला ग्रन्थमा पनि उद्धृत गरिएका छन्। रत्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिक्षकले सिद्धि प्राप्त गरेको यसप्रकार छ। दाङका प्रख्यात राजा माणिक्य परिक्षकका पुत्र सवालाख झारखण्ड (वनखण्ड) का राजा रत्न परिक्षकलाई एक दिन शिकार खेल्न मन लाग्यो। शिकार खेल्न वनमा जाँदा एउटा मृग देखापऱ्यो। उनले सो मृगलाई वाण हाने। उक्त वाणको चोटले मृग आक्रान्त भई भाग्न थाल्यो। राजा पनि उक्त मृगको पछि पछि दौडन थाले। हरिण घाइते अवस्थामा दौडँदै नजिकै समाधिमा बसेका गोरखनाथको समीपमा पुगी लड्यो। गोरखनाथले **राजन ! अहिंसा परमो धर्मः** जीव हिंसा गर्नु हुँदैन, पाप लाग्दछ भन्नु भयो। तर राजाले एक जीवले अर्को जीव मारेमा पाप पुण्य केही छैन भनेछन्। गोरक्षनाथले राजालाई सम्झाउँदै जसले मरेकालाई जिउँदो गर्न सक्दछ त्यसले मार्न पनि सक्दछ। तिमीले के मृगलाई जिउँदो गर्न सक्दछौ ? यस पछि राजा नाजवाफ भए। गोरखनाथले आफ्नो योगको प्रभावले कमण्डलुको पानी उक्त मृगलाई छर्कंदा मृगले पुनर्जीवन प्राप्त गऱ्यो। गोरखनाथले रत्न परिक्षकलाई उपदेश दिए। उनको उपदेश अनुसार जसको छाती छैन, नङ्ग्रा छैन, चुच्चो छैन, प्वाँख पनि छैन तर जो हाँस दिनरात हिँडिरहन्छ, हे राजन् ! त्यस जनावरलाई मार जसको रगत पनि छैन, मासु पनि छैन, इत्यादि भनेर प्राणमय प्रणवबोधिनी हंस गायत्रीको दीक्षा दिएर राजा रत्न परिक्षकलाई अमृत पात्र प्रदान गरी योगी रतननाथ नाम राखिदिनु भयो। अमृतमय पात्रदेवताको आराधना गरेर योगी रतननाथ सिद्ध भए। त्यसबेलादेखि नै रतननाथ नामले चिनिन थाले (योगी, त्यही : ४६८)। सिद्ध रतननाथले गोरखनाथद्वारा प्रवत्त पात्रलाई रत्नपुरी चौघेरामा स्थापना गरी रतननाथ काबुल, कन्धहार, जल्जलावाद, आदि स्थानमा योगिक चमत्कार देखाई भ्रमण गर्दथे। रतननाथका नामबाट स्थापित अनेक अखडाहरू अहिलेसम्म कायम छन् भन्ने सुनिन्छ। सिद्ध रतननाथले वि.सं. ८०९ मा सिद्धि प्राप्त गरेको एउटा श्लोकमा उल्लेख भएको पाइन्छ (योगी, त्यही : ५२४)। तर गोरखनाथको समय नवौं शताब्दी देखि बाह्रौं शताब्दी सम्म हुन सक्ने अनुमान गरिएको हुँदा गोरखनाथ भन्दा रतननाथ धेरै अघिका हुन् भन्ने देखिन्छ। यसबाट माथि चर्चा गरिएको सन्दर्भ मिल्न आएको देखिँदैन।

सिद्धहरूमा रतननाथलाई अग्रणी स्थान दिइएको छ। रतननाथको सम्बन्धमा प्रथलित जनश्रुतिबाट रतननाथले सिद्धि प्राप्त गरेपछि आफूलाई पात्र देवताको पूजामा संलग्न गराएको चाल पाइन्छ। गोरखनाथले रतननाथलाई प्रदान गरेको भनिएको पात्रलाई दाङको चौघेरामा स्थापना गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तीनलाई पात्र देवता भनिन्छ ।

रतननाथका बारेमा प्रचलित आख्यानहरूबाट उनको व्यक्तित्वको बारेमा प्रकाश पारेको बुझिन्छ । यस्ता आख्यानहरूले रतननाथको प्रसिद्धिलाई उजागर गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको बुझिन्छ । रतननाथलाई ऐतिहासिक व्यक्तित्वको रूपमा परिचित गराउन यस्ता सन्दर्भहरू सहायक सिद्ध भएका छन् । गोरखनाथको प्रमुख चेलाको रूपमा रतननाथ भएको विश्वास गरिन्छ । गोरखनाथको सम्बन्धमा यस्तो पनि भनिन्छ कि उनले उनान्सय कोटी राजा महाराजालाई आफ्नो चेलाको रूपमा स्वीकारेका थिए । रतननाथको विषयमा विभिन्न ग्रन्थहरूमा उनको प्रसिद्धि बारेमा विभिन्न सन्दर्भहरू प्रस्तुत भएको पाइन्छ । रतननाथलाई विभिन्न साहित्यिक ग्रन्थ तथा किंवदन्तीहरूले दाङ उपत्यकाको इतिहाससँग जोड्ने गरेका छन् । सिद्धरतननाथ मठको सवारीकोटसँग प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । सवारीकोट राज्यको राजनितिक इतिहासबाट रतननाथको वर्षे राजधानी चौघेरामा र हिउँदे राजधानी सवारीकोटमा रहेको बुझिन्छ ।

चौघेरामा रतननाथको मठ स्थापना हुनु पछाडि जङ्गलको पृष्ठभूमि रहेको बुझिन्छ । वास्तवमा दाङ छिल्ली र फलावाङ्ग राज्य धार्मिक तथा सांस्कृतिक दृष्टिले एक अर्कासँग सम्बन्धित छन् । चौघेरा नामक स्थानमा गोरक्ष पात्र देवताको स्थापना भएको जनश्रुतिबाट बुझ्न सकिन्छ । सिद्ध रतननाथ र गोरखनाथको भेट जङ्गलमा भएको लोकोक्तिहरू यस यस भेगमा प्रचलित छन् । त्यस्तै स्वरूपको जनश्रुतिबाट फलावाङ्ग तथा छिल्ली राज्यमा रतननाथको स्थापना भएको अनुमान हुन्छ । त्यसैले यी राज्यमा पौराणिक अर्थात् जनश्रुति एकअर्कासँग सम्बन्धित हुन गएका छन् । यस्ता जनश्रुतिबाट रतननाथको महत्त्वलाई दर्शाउन एक महत्त्वपूर्ण पक्ष मानिन्छ ।

यस क्षेत्रमा प्रचलित जनश्रुतिलाई बोलिएरले यसरी प्रस्तुत गरेकी छन् (बोलिएर, १९९३ : ३३) जसअनुसार एक पटक फलाबाङका राजाले बदेललाई दरबारको बगैंचामा देखे । उनले त्यस बँदेलमाथि बाण प्रहार गरे । त्यो घाइते बँदेल थर्कोटको डाँडामा पुग्यो । त्यस ठाउँमा बदेलको शरीरबाट रगत खसी पोखरी देखापऱ्यो । त्यस ठाउँमा राजा पुग्दा बँदेल तुलसीपुरको जङ्गलमा पुगी झाडीमा लुक्यो । राजा पुनः तुलसीपुरमा पुग्दा बँदेल छिल्लीगाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुगी लुक्यो । छिल्लीगाउँमा पुनः रगतको पोखरी देखापऱ्यो । राजा छिल्लीको जङ्गलमा पुग्दा बँदेल पचरुखाको जङ्गलमा पुग्यो । राजा बँदेललाई अनुसरण गर्दै पचरुका पुगे । राजाले त्यस ठाउँमा आफ्नो सामु एक योगी उभिएको देखे । योगीले आफ्नो शरीरमा गहना पहिरिनुका साथै वाण हातमा लिएका थिए । योगीको सामुन्ने रगत बगिरहेको थियो । राजाले यस अवस्थाबाट छुटकारा पाउन योगीसँग क्षमा याचना गरे । रतननाथले राजालाई भने 'जुन ठाउँमा मेरो रगत चुहिएको छ त्यस ठाउँमा मेरो मन्दिर निर्माण गरी गुठी स्थापना गर ।' त्यसै अनुसार थानगाउँ र तुलसीपुरमा मन्दिरको निर्माण भयो । थानगाउँको मन्दिर प्रायः भग्न अवस्थामा रहेको छ । यस जनश्रुतिबाट तिनै राज्य चौघेरा, थानगाउँ र तुलसीपुरमा रतननाथको मन्दिर स्थापना भएको बुझिन्छ । वास्तवमा रतननाथको सम्बन्ध सवारीकोटसँग, थानगाउँको सम्बन्ध छिल्ली राज्यसँग र तुलसीपुरको सम्बन्ध फलावाङ राज्यसँग रहेको थियो भन्ने विचार बोलिएरको रहेको छ । यी मन्दिरहरू राजाहरूका शीतकालीन दरबारमा रहेको आधारबाट बोलिएरले रतननाथलाई तत्कालीन राजाहरूका इष्ट देवताको रूपमा स्वीकार्दै राजदरबारमा स्थापना रहेको र राजाहरूले नै आफ्नो क्षेत्रभित्र गुठी प्रदान गरी रतननाथको सम्बर्द्धन गरेको कुरालाई प्रस्तुत गरेकी छन् (बोलिएर, त्यही : ३३-४५) । यस कथनबाट नाथ सम्प्रदायले दाङ छिल्ली तथा फलावाङ राज्यमा प्रसिद्धि कमाएको प्रष्ट हुन्छ । वि.सं. १८७८ मार्ग शुदीको पत्रमा सल्यानी राजाले ६-७ पुस्ता अगाडिदेखि नै कमलनाथलाई रतननाथका आख्यानमा 'दाङ सवारी भन्याको जग्गा गुल्जार गर' भनी मोहर दिएकोमा सो थामिदिएको प्रसङ्ग रहेबाट रतननाथको स्थापनाको इतिहास यस भन्दा अगाडि अर्थात् सोह्रौं शताब्दीसम्म जान सकिने अनुमान गर्न सकिन्छ (शर्मा, २०७१ : ३०) । यसका साथै वि.सं. १८६६ को पत्रमा '....चौघेरा रतननाथका थानमा दैदस्तुर अघि पनि मोहर भई आउँदा सोही बमोजिम दिनु भयाको हो .....।' (योगी, त्यही : ४१२) भन्ने प्रसङ्गबाट यसभन्दा अगाडिदेखि नै रतननाथको महल देखापरिसकेको थियो भन्न सकिन्छ । यसरी दाङ छिल्ली तथा फलावाङ राज्यमा रतननाथको स्थापना हुनु पछाडि जङ्गलको पृष्ठभूमि रहेको अनुमान हुन्छ । अतः पारम्परिक जनश्रुतिहरूले यस क्षेत्रमा नाथ सम्प्रदायको स्थापनाले यसको महत्त्वलाई दर्शाएको छ । बाह्रौं शताब्दीदेखि कनफट्टा योगीहरू नेपालको खाल्डोमा मात्र होइन पश्चिम पहाडमा समेत शक्तिशाली भएको कुराको अनुमान हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ज्ञवाली, २०१९ : २५८) । त्यसैले बाह्रौँ शताब्दीको दशकपछि नेपालमा नाथ सम्प्रदायको प्राबल्य भएको बुझिन्छ ।

रतननाथको सम्बन्धमा अनेक किंवदन्तिहरू यहाँ प्रचलित छन् । यी किंवदन्तिहरू श्री नाथ मेघ मालाग्रन्थमा उद्धृत गरिएको छ । यसअनुसार रतननाथ पहिले कनिपाव नाम गरेका व्यक्ति थिए । गोरखनाथले कनिपावलाई श्राप दिनुभयो । कनिपावले श्रापको मोचन कहिले होला भनी प्रार्थना गर्दा गोरखनाथले दीन दुःखी भएका कनिपावलाई यदि तिमीले म मा भक्ति राख्यौ भने तेस्रो जन्ममा फेरि सिद्धावस्था पाउने छौ । यसरी श्रीनाथको वचन सुनेर कनिपाव योगको प्रभावले आफ्नो शरीर त्यागेर अर्को नयाँ शरीर धारण गरी झारखण्डमा राज्य गर्ने माणिक्य परिक्षकको दरबारमा पुगी बालक रूप धारण गरी बिना गर्भ कनिपाव राजा माणिक्य परिक्षकको अगाडि प्रकट भए । आफ्ना अगाडि प्रकट भएका दिव्य बालकलाई प्राप्त गरेर पुत्र जन्मोत्सव मनाई बालकको नाम रत्न परिक्षक राखे (योगी, त्यही : ९) ।

रतननाथको सम्बन्धमा उल्लेख भएका कथनबाट सवारीकोटमा राज्य गर्ने माणिक्य परिक्षकले चौघेरालाई राजधानी बनाएका थिए । उनका बृद्धावस्थामा पैदा भएका पुत्र रत्न परिक्षकको विवाह गरियो । ती विवाहिता पत्नीका नामहरू भानुमती र केतकी थियो । रत्न परिक्षकले आफ्नो राजपाट त्यागी सिद्धि प्राप्त गरेको चर्चा पाइन्छ (योगी, त्यही : १०७) । यसबाट सिद्ध रतननाथको बारेमा प्रचलित साहित्यिक ग्रन्थ तथा जनश्रुतिहरूबाट पनि उनी गोरखनाथका प्रमुख चेलाको रूपमा देखिन्छन् । रतननाथले गोरखनाथबाट प्राप्त गरेका अमृतमय वाणीलाई मानव सेवामा समर्पित गरेका थिए ।

चौघेरास्थित रतननाथ मठको धार्मिक सम्बन्ध पाटनेश्वरी मन्दिरसँग रहेको देखिन्छ । पाटन शब्द संस्कृतको पट धातुबाट बनेको हो, जसको अर्थ गिर्नु भन्ने हुन्छ । देवीपाटनलाई पातालेश्वरी पनि भनिन्छ (वृग्गस, सन् १९७३ : ९०) । रतननाथ योग साधनाको लागि तुलसीपुरस्थित पाटनदेवीमा नित्य जाने गर्दथे । चौघेरास्थित रतननाथको धार्मिक सम्बन्ध पाटनेश्वरी मन्दिरसँग छ । पाटनदेवी पीठ दाङ चौघेराबाट ७५ किलोमिटिर दक्षिण दिशामा पर्दछ । रतननाथ योग साधनाको लागि पाटनदेवीमा नित्य जाने गर्दथे भन्ने विश्वास गरिन्छ । आजकाल तुलसीपुर भारतको बलरामपुर जिल्लामा पर्दछ । पाटनेश्वरी देवी मन्दिरको स्थापना रतननाथबाट भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो भन्ने विश्वास गरिन्छ । आजसम्म पनि चौघेरा रतननाथ मठको अधीनमा यहाँको पूजाविधि चलाइआएको छ (शर्मा, त्यही, १४) । पन्ध्रौं शताब्दीमा यस मन्दिरको तहस नहस मुगल सम्राटबाट भएको थियो । (वृग्गस, त्यही : ९२) आजभोलि देखापर्ने मन्दिरको स्वरूप भने समय समयमा जीर्णोद्वार गरी बनाइएको हो । भनिन्छ कि सतीदेवीको दायाँ हात पतन भएको स्थल हो भनी विश्वास गरिन्छ (वृग्गस, त्यही : ९०) । भनिन्छ कि यो एकाउन्न पीठमध्ये एक हो ।

सिरीया नदीको तीरमा रहेको देवीपाटनलाई कोही पृथ्वी माताले भूमिनन्दिनी सीतालाई ग्रहण गरेको ठाउँ भन्दछन् । अर्को एक जनश्रुति अनुसार योगी रतननाथ र पाटेश्वरी गुरु गोरखनाथका चेला तथा चेली हुन् भन्ने छ (मानन्धर, २०४६ : १५) । रतननाथ नित्य साधनाको लागि पाटनसम्म जाने आउने गर्ने भएकाले वा अरू कारणले हो पात्रदेवलाई प्रत्येक वर्ष फागु पूर्णिमाको भोलिपल्ट रतननाथ मठका पीर तथा अन्य पुजारीहरूले उक्त पात्रलाई पाटनदेवी पीठसम्म पुऱ्याउने चलन छ । त्यहाँ पात्रदेवको धुमधामकासाथ स्वागत सत्कार गरिन्छ । यसै उपलक्ष्यमा यहाँ मेला लाग्ने परम्परा छ । यहाँ पात्रदेव रहने अवधिभर पाटेश्वरीको पूजासमेत रतननाथ मठकै पीर तथा पुजारीबाट गरिने परम्परा छ । यहाँ चढाइएका सम्पूर्ण भेटी चौघेरा मठकै हुने परम्परा कायमै रहेको देखिन्छ (मानन्धर, त्यही : १५) । पात्रदेव रहने अवधिभर पाटेश्वरीका महन्तबाट चौघेरा मठका सबै योगीहरूलाई विशेष सत्कारका साथ राख्ने प्रचलन छ । पाटनमा एक पक्षभर बसी पात्रलाई फिर्ता ल्याउने प्रचलन छ । यस प्रकारको प्राचीन परम्पराले रतननाथको पाटेश्वरीसँग घनिष्ट सम्बन्ध भएको देखाउँछ । अर्को शब्दमा भन्ने हो भने शाक्त पीठ र शैव पीठको धार्मिक सामन्जस्यता कायम भएको विश्वास गरिन्छ । अतः यस रतननाथ मठले प्राचीनकालदेखिको सांस्कृतिक निरन्तरतालाई अक्षुण रूपमा आजसम्म निर्वाह गरिरहेको देखिन्छ ।

पाटनदेवीको प्रामाणिक रूपले उल्लेख भएको एक खण्डित अभिलेखलाई योगी नरहरीनाथले वि.सं. ७०० को भनी उल्लेख गर्नुभएको छ । उक्त अभिलेखको प्रारम्भमा 'श्री पाटेश्वर्यै नमः' र त्यसको तल 'श्री गोरष जोगी' भन्ने उल्लेख पनि छ (योगी, त्यही : ५२६) । यसअनुसार त गोरखनाथको प्रसिद्धि सातौं शताब्दीतिरै कायम भएको भने देखा पर्दछ । तर त्यसमा भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डित अभिलेखले पाठ राम्रोसँग पढ्न नसकिएको यस मन्दिरको प्राचीनता सातौं शताब्दीसम्म लाग्न कठिन छ। तर उक्त अभिलेखमा गोरखनाथ भन्ने शब्दबाट प्राचीनकालदेखि गोरखनाथ मठसँग उक्त शाक्त पीठको सम्बन्ध कायम भएको देखापर्दछ। पाटनेश्वरीको यस प्रकारको महत्त्व पछितिर पनि कायम भएको ऐतिहासिक प्रमाणहरू पाइन्छन्। वि.सं. १८९६ को एउटा लालमोहरमा पाटनेश्वरी देवीको अगाडि ७ वटा श्री लगाइएको छ (योगी, त्यही : ५२६)। यसले गर्दा यसको महत्त्वको अनुमान लगाउन सकिन्छ।

एक अर्को प्रसङ्गमा वाके रावल र उनका सन्तानहरूले थारु सेनाको बलमा एउटा राज्यको आर्जन गरी भारतको तुलसीपुरलाई राजधानी बनाई शासन गर्न लागे। यसको साथै तिनीहरूले पाटनदेवीको नामले इस्टदेवीको स्थापना गरेका थिए। त्यहाँ राजा प्रजा मिली प्रत्येक नवरात्रीमा देवीको पूजा गर्ने चलन चलाए (रेग्मी, २०४४ : ३१)। यस प्रसङ्गबाट पनि पाटनदेवीको अस्तित्त्व प्राचीनकालदेखि रहेको बुझिन्छ। यसबाहेक वाके रावलको बारेमा थप कुरा जान्न सकिएको छैन।

रतननाथलाई ऐतिहासिक व्यक्तित्वको रूपमा परिचित गराउन तत्सम्बन्धी सामग्रीलाई केलाउनु पर्ने आवश्यकता देखिन्छ। रतननाथ दाङ धर्तीका उपज थिए। त्यसैले उनको दाङसँग घनिष्टतम सम्बन्ध रहेको देखिन्छ। रतननाथलाई दाङको सबै समुदायले आदरका साथ हेर्ने गर्छन्। दाङका थारु समुदायमा कनफट्टा, जोगी, महन्त र भगत जस्ता थरहरूबाट रतननाथसँग सम्बन्ध भएको देखाउँछ। यस्तो पनि भन्ने गरिन्छ कि परापूर्व कालमा एउटा नाथ योगीले थरुनीलाई साध्या अर्थात् मुद्राको रूपमा ग्रहण गरेका थिए। त्यसैकारण कनफट्टा, जोगी, महन्त र भगत कहलाउने थारुहरू आज पनि रतननाथको पूजा आदरको दृष्टिले गर्दछन् तर यो प्रथा अब क्रमश : हराउँदै गइरहेको पाइन्छ (शर्मा, २०३९ : ४००)। वि.सं. १९०८ को ऐतिहासिक कागजमा थारु योगीको प्रसङ्ग आएकोले प्राचीनकालदेखि थारु जनजातीको रतननाथसँग सम्बन्ध भएको विश्वास गरिन्छ (योगी, त्यही : ४९८)। यसबाट थारुहरूको सम्बन्ध रतननाथसँग भएको हुनाले पनि रतननाथलाई ऐतिहासिक व्यक्तित्वको रूपमा परिचित गराउन सकिने आधार तयार भएको छ।

रतननाथ ऐतिहासिक महापुरुषको रूपमा देखापरेका थिए भन्नका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि खोजकर्ताहरूको भनाइलाई आधार मान्नुपर्दछ। ती अनुसन्धान गर्ने व्यक्तिहरूका खोजबाट हामी रतननाथको ऐतिहासिकतालाई सिद्ध गर्न सक्दछौं। यस्ता खोजकर्ताहरूको प्रयत्नबाट रतननाथलाई ऐतिहासिक व्यक्तित्वको रूपमा चिनाउने प्रयत्न भएको देखिन्छ। इतिहासमा रतननाथलाई विभिन्न धार्मिक गुरु र ऐतिहासिक व्यक्तित्वसँग सम्बन्ध भएको चर्चा गरिएको पाइन्छ। रतननाथले इसाको सातौं शताब्दीमा मक्कामा हजरत मुहम्मदसँग सम्बन्ध स्थापित गरेको चर्चा पाइन्छ। साथै रतननाथले इसाको सातौं शताब्दीमा मक्कामा पैगम्बरका साथ रहेको उल्लेख गरिएको छ (योगी, १९८४ : २२८)। यस भनाइबाट रतननाथको समय गोरखनाथ भन्दा अगाडि देखा पर्छ तर गुरु परम्परामा गोरखनाथका चेला रतननाथ भएकाले माथिको भनाइमा सत्यता देखिदैन। यस्तै जनकलाल शर्माले (२०३९ : ४००) दशौं शताब्दी पछि राजा रतननाथ नामका योगीको राज्य दाङ देउखुरीमा थियो भनी चर्चा गरेका छन्।

रतननाथको सम्बन्धमा भारतमा पनि थुप्रै आख्यानहरू प्रचलित रहेको पाइन्छ। ती आख्यानहरूबाट भारतका महत्त्वपूर्ण व्यक्तित्वसँग रतननाथको सम्पर्क भएको बुझिन्छ। भारतको भरिण्डामा प्रचलित जनश्रुति अनुसार मोहम्मद गोरीले पृथ्वीराज चौहानसँग युद्ध गर्दा रतननाथसँग सहयोग मागेका थिए। रतननाथले मोहम्मद गोरीको विजयको भविष्यवाणी गरेका थिए (योगी, त्यही : २३२)। उक्त घटनाको समय ई.सम्वत् ११९१ तिर मानिन्छ। यस प्रसङ्गबाट रतननाथको मुगल सम्राटसँग सुमधुर सम्बन्ध कायम भएको देखापर्छ। यसैले इस्लाम धर्मावलम्बीको गुरुको रूपमा पनि रतननाथ पूजित भएको पुष्टि हुन्छ। यसैगरी राजस्थानको नाथ योगीहरूको गुरु परम्परामा रतननाथको समय सम्वत् ८०९ दिइएको छ (चतुर्वेदी, वि.सं. २००८ : ६०)। डा. रागेय राधवले (१९६३ : २९) भने गोरखनाथको समय नवौंदेखि दशौं शताब्दी हुन सक्ने विचार व्यक्त गरेका छन्। त्यसैले राजस्थानको नाथ योगीहरूको गुरु परम्परामा रतननाथको समय गोरखनाथभन्दा अगाडि देखापरेको छ। त्यसैले रतननाथको सन्दर्भमा दिइएको समय मेल खाँदैन। अर्कोतर्फ नेपालमा प्रचलित गोरखनाथ सम्बन्धी कथामा मत्स्येन्द्रनाथ सातौं शताब्दीमा नेपालमा आगमन भएको चर्चा पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अरबी इतिहासकार इब्न हजरले आफ्नो ग्रन्थ इसावमा रतननाथको प्रसिद्धि सुनी खुरसानबाट अनकौं तीर्थयात्रीहरू रतननाथ कहाँ पुगेको चर्चा गरेका छन् । ती तीर्थयात्रीहरूमा काजी नुरुद्दिनले रतननाथसँग वार्ता गर्ने अवसर प्राप्त गरेको उल्लेख भएको पाइन्छ । इब्न हजरको समय सोह्रौं शताब्दीताकाको मानिएको छ (योगी, त्यही : २२९) । रतननाथको समय दिने क्रममा अरबी इतिहासकारको प्रसङ्ग विचारणीय छ, किनभने रतननाथले आफ्ना सन्तान नभएको हुँदा बझाङबाट राजकुमार ल्याई गद्दीमा बसालेको इतिहासमा उल्लेख गरिएको छ । ती बझाङबाट ल्याइएका राजकुमार दलिसिंह थिए । उनी १५ औं शताब्दी तिर गद्दीमा बसेका देखिन्छन् । यसबाट अरबी इतिहासकारको समय र दलिसिंहलाई गद्दीमा बसालेको समयमा केही साम्यता भएको देखिन्छ ।

नेपालमा प्रचलित जनश्रुतिसँग मिल्दोजुल्दो जनश्रुति पेशावरमा प्रचलित भएको पाइन्छ । उक्त जनश्रुतिमा रतननाथलाई नेपालको राजवंशका कुमार तथा गोरखनाथको कृपापात्र दीक्षित शिष्यको रूपमा उल्लेख गरिएको छ (योगी, त्यही : २२९) । यसरी नेपाल तथा भारतमा प्रचलित जनश्रुतिहरूले रतननाथको सम्बन्धमा मिल्दोजुल्दो धारणा व्यक्त गरेको बुझिन्छ ।

कनिंघमले भटिण्डामा प्रचलित जनश्रुतिको आधारमा रतननाथलाई भटिण्डाका राजा वैनपालका महामन्त्री भनेका छन् । यसैगरी भारतमा प्रचलित एक जनश्रुतिमा रतननाथलाई चौहान क्षेत्रीय पनि भनिएको छ (योगी, त्यही : २२९) । भारतमा प्रचलित जनश्रुतिहरूबाट रतननाथको प्रभाव भारतमा भएको कुरा स्पष्ट हुन्छ । त्यहाँ प्रचलित जनश्रुतिहरूले क्षेत्रीय भन्नु रतननाथलाई भारतमै पैदा भएको सङ्केत गरेको छ । तर नेपालमा प्रचलित गाथा जनश्रुतिहरू तथा नाथ सम्प्रदायका ग्रन्थबाट रतननाथको पावन भूमि दाङ नै हो । यस कुरालाई कसैले नकार्न सकेको देखिँदैन ।

डा. पिताम्बर दत्त वड्थवालले 'अवलि सिलुक' र 'काफिरबोध' जस्ता ग्रन्थहरूलाई रतननाथको रचना मानेका छन् । रतननाथले संङ्कीर्णता र बाह्य आडम्बरलाई खण्डन गरी परमात्मालाई मान्नु पर्ने कुरामा जोड दिएको पाइन्छ (योगी, त्यही : २२९) । रतननाथले रचना गरेका ग्रन्थहरू आजसम्म प्राप्त हुन सकेको छैन तर डा. पिताम्बरले चर्चा गर्नुभएका ग्रन्थहरूको प्रसङ्गबाट रतननाथले रचना गरेको ग्रन्थको नाम अवलिसुलक इस्लाम धर्मको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ हो भन्ने बुझिन्छ । यसबाट रतननाथले साम्प्रदायिकता, जातपात तथा छुवाछुतलाई प्रश्रय दिएको देखिँदैन । वास्तवमा उनी समाज सुधारक थिए । समाजमा प्रचलित कुरीति, कुप्रथा तथा जातीय सङ्कीर्णतालाई खुलेर विरोध गरेको उनका स्रम्बन्धमा खोजी गरी व्यक्त गरेका विचारबाट थाहा हुन्छ ।

रतननाथले अन्तिम जीवन कहाँ बिताएका थिए ? त्यसबारेमा प्रमाणको अभावले भन्न कठिन छ तर अनन्तः योगीले भने रतननाथले खुरसान, काबुल आदिको यात्रा गरी १३ औं शताब्दीतिर पञ्जाब पटियाला क्षेत्रको भरिण्डा रेलवे स्टेशनबाट तीन माइल टाढा समाधिस्थ भएको चर्चा गरेका छन् (यो गी, १९८४ : २२९) । उक्त स्थानमा नाथ सम्प्रदायका योगी तथा मुस्लिम समुदायले प्रतिवर्ष तीर्थयात्रा गर्ने परम्परा छ । यसबाट रतननाथको अन्तिम समय भरिण्डामा व्यतित भएको देखिन्छ । उनी सिद्ध भएको कारणले कुनै एक ठाउँमा बसेको देखिँदैन । उनले आफ्ना विचारलाई फैलाउने क्रममा विभिन्न स्थानको भ्रमण गरेको देखिन्छ । उनी एक स्थानमा मात्र रहेर आफ्ना विचारलाई प्रचार गरेको देखिँदैन । तर रतननाथले १५ औं शताब्दीतिर बझाङका सिंहवंशी राजकुमारलाई आफ्नो उत्तराधिकारी बनाएको थाहा भएको हुनाले माथि उल्लेखित प्रसङ्गहरूबाट थाहा हुन्छ । त्यसैले रतननाथले १३ औं शताब्दीमा देहत्याग गरेको कुरा घटनाक्रमबाट मिल्न आएको देखिँदैन । यसरी रतननाथको निधन भएको समय अहिलेसम्म खोजीको विषय बनेको छ ।

विभिन्न साहित्यिक ग्रन्थ तथा अनुश्रुतिको अध्ययनबाट रतननाथको ऐतिहासिकतामा सन्देह गर्ने ठाउँ देखिँदैन । रतननाथको सम्बन्धमा खोजी गर्ने इतिहासकारहरूले उनको समय कसैले सातौं शताब्दी, आठौं शताब्दी, ११ औं शताब्दी, १२ औं शताब्दी, १३ औं शताब्दी तथा १५ औं शताब्दी सम्मको समय दिएको देखिन्छ । त्यसैले यिनको तिथिको सम्बन्धमा एकमत भएको देखिँदैन । चौघेरास्थित रतननाथको गुरु गोरखनाथलाई मानिआएको परम्पराबाट पनि गोरखनाथका चेला रतननाथ हुन् भनी निश्चित गर्न सकिन्छ । त्यसैले रतननाथ गोरखनाथभन्दा पछिल्लो समयका हुन् भन्ने कुरामा दुइमत नहोला ।

रतननाथको मूल वासस्थान दाङको चौघेरा नै भएको नाथ सम्प्रदायका ग्रन्थहरूबाट थाहा हुन्छ । यसै स्थानबाट रतननाथ धर्म प्रचार गर्न विभिन्न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठाउँको भ्रमण गर्दथे। धर्म प्रचारको सिलसिलामा रतननाथ कन्धहारका बादशाहको देशमा पुगे। जहाँ उनी सुकेको रुखमुनि ध्यानमा लिन भए। सिद्धका प्रभावबाट त्यस रुखमा नयाँ पालुवा पैदा भयो। बगैँचाको मालीले आफ्नो बादशाहलाई हरियालीका बारेमा सुनाउँदा बादशाहले पत्याउन सकेनन्। सिद्ध योगको प्रभावले दरबारका मुसलमान स्त्री रूपमा परिणत भए। त्यसपछि मालीको सल्लाहबाट रतननाथको शरणमा पुगे। सिद्धका यस्ता अमृतरूपी मधुर वाणीले बादशाहको देश गुन्जीत भयो। त्यसपछि योगीश्वर रतननाथले श्रृङ्गीनाद बजाउँदा एकै क्षणमा स्त्री रूपबाट छुटकारा प्राप्त गरे। यसरी रतननाथले बादशाहलाई शिक्षा प्रदान गरी स्वधाम चौघेरामा फर्किएको कुरा श्री नाथ मेघमाला ग्रन्थको तेस्रो अध्यायमा उद्धृत गरिएको छ (योगी, त्यही : ५१८)। रतननाथ मठका मठाधीसलाई आजसम्म पीर भन्ने चलन छ। सम्भवतः रतननाथ आफ्ना विचारलाई प्रचार गर्ने सिलसिलामा इस्लामहरूको देशमा पुग्दा पीरको उपाधि ग्रहण गरेको हुन सक्दछ। 'पीर' शब्द नेपाली भाषाको शब्द भएको लाग्दैन। बरु यो पीर शब्द फारसी भाषाबाट आएको शब्द होला भन्ने अनुमान गरिन्छ (खा मस्तफा, १९७७ : ३८०)। नाथ सम्प्रदायमा पीर शब्दलाई आजसम्म अङ्गीकार गरेको हुँदा प्राचीनकालदेखि नाथ सम्प्रदाय र इस्लाम धर्मावलम्बीको बिचमा गहिरो सम्बन्ध स्थापना भएको अनुमान हुन्छ। अतः यो पीर शब्द जनमानसमा भिजेको देखिन्छ। इस्लाम धर्मावलम्बीले रतननाथको पूजा भक्ति भावले गर्दछन्। त्यसैले राजस्थान, पेशावर, कन्दहार, काबुल, आदि स्थानमा रतननाथका मठहरू कायम रहेका छन्। ती ठाउँहरूमा आजसम्म पनि रतननाथले बाँधेको मर्यादा यथावतै रहेको छ।

वास्तवमा रतननाथ सबै धर्मावलम्बीहरूको बिचमा श्रद्धाको पात्रको रूपमा स्थापित भएका छन्। त्यसैले त इस्लाम धर्मका अनुयायीहरूले रतननाथलाई हाजी रतनको नामले पुकार्छन्। आजसम्म पनि इस्लाम धर्मावलम्बीहरू मक्का मदिनामा तीर्थ गरेर आएपछि हाजीको उपाधिले सम्मानित गर्ने परम्परा छ। रतननाथको प्रभाव सिङ्गो हिन्दू संस्कृतिमा मात्र नपरी इस्लाम धर्ममा गहिरो छाप परेको देखिन्छ। दाङलाई नाथ सम्प्रदायको मूल थलोको रूपमा चयन गरेका रतननाथको प्रसिद्धि टाढा टाढासम्म फैलिएको ज्ञात हुन्छ। त्यसैले त विभिन्न ग्रन्थहरूमा दाङलाई रतननाथको आशीर्वाद प्राप्त भएको भनी चर्चा गरेका छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी रतननाथ मानवताका पुजारी थिए। रतननाथले आफ्नो जीवन मानव सेवामा समर्पित गरेको बुझिन्छ। मानवलाई उन्मुक्ति दिन रतननाथले आफ्नो जीवन उत्सर्ग गरेका थिए। यस्ता सिद्ध पुरुषमा नै युगलाई हाँक्न सक्ने क्षमता पैदा भएको बुझिन्छ। रतननाथले आफ्ना विचारमा नातपात तथा बाह्य आडम्बरलाई प्रश्रय दिएको देखिँदैन। बरु उनले समस्त मानवको भलाइको लागि वसुधैव कुटुम्बकमको नारालाई अगाडि सारेको बुझिन्छ। त्यसैकारण रतननाथ नाथ सम्प्रदायको पथ प्रदर्शकको रूपमा युगौं युगसम्म यस पृथ्वीमा चम्किरहेका छन्। उनले देखाएको त्यागमय जीवन मानवजगतको प्रेरणाको खानी बनिरहेको छ। यस्ता सिद्ध पुरुषका विचारहरूलाई मानवमात्रले संस्मरण गरेमा समस्त मानवको भलाई हुने निर्विवाद सिद्ध हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - तीन

सिद्ध रतननाथ मठमा रहेका योगीहरूको सङ्गठनात्मक स्वरूप

३.१. विषय प्रवेश :

सिद्ध रतननाथ मठ नाथ सम्प्रदायसँग सम्बन्धित मठ हो। यो मठ अन्य सम्प्रदायको निम्ति त्यत्तिकै आस्थाको केन्द्रको रूपमा स्थापित भैसकेको छ।

रतननाथ मठका संस्थापकका बारेमा अगिल्लो अध्यायमा चर्चा भइसकेको छ। यस मठको स्थापना भएदेखि यहाँ धार्मिक गतिविधिको सुरुवात भएको विश्वास गरिन्छ। यहाँको पूजा पद्धतिको सुरुवातको इतिहास कहिलेदेखि सुरु भयो भन्न सकिँदैन तर मठमा प्रमुखको रूपमा पीर रहने प्राचीन परम्परा छ। त्यसैले रतननाथ मठमा पीरको स्थान सर्वोपरी रहेको छ। यस मठमा रहेका पात्रदेवताको पूजा गर्ने पीरको चयन गर्ने प्राचीन परिपाटी विद्यमान रहेको देखिन्छ। यसका साथै कालभैरवका पुजारी तथा यस स्थानमा प्रज्ज्वलन भएको धुनीको आगोको रेखदेखको लागि नाथपन्थी योगीहरूको छनौट गर्ने प्राचीन परिपाटी विद्यमान रहेको देखिन्छ। यस मठमा नाथपन्थी योगीहरूमध्येबाट विभिन्न पदको चयन गरिन्छ। ती चयन गरिएका योगीहरूले मठको प्रमुखको रूपमा रहेका पीरलाई पूजा तथा अन्य कार्यहरूमा सहयोग पुऱ्याउँछन्। अतः यस मठको वर्तमान सङ्गठनात्मक स्वरूपको बारेमा यथासम्भव विवेचना गरिन्छ। सङ्गठनात्मक स्वरूप नै रतननाथ मठको अभिन्न अङ्गको रूपमा रहेको छ। सङ्गठनात्मक स्वरूपबाट नै रतननाथ मन्दिरको कार्यदिशालाई निर्धारण गरेको हुन्छ।

३.२. पीर :

सिद्ध रतननाथ मठमा पीरको स्थान महत्त्वपूर्ण राख्दछ। जसले मठमा सर्वाधिक महत्त्वपूर्ण पद ओगटेर बसेको प्रतीत हुन्छ। पीरलाई सिद्ध रतननाथको प्रतिनिधिको रूपमा मान्ने चलन छ। फाल्गुण कृष्ण एकादशीको दिन बाह्रपन्थीमध्ये कुनै योग्य व्यक्तिलाई सर्वसम्मतिबाट पीर पदवी दिई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चयन गरिन्छ। पीर हुनको लागि अविवाहित हुनुपर्दछ। यहाँका योगीहरू सबैले कान चिरेर कुण्डल धारण गर्दछन् र काषाय वस्त्र पहिरन्छन्। त्यसरी चयन गरिएका पीर अर्को वर्ष फाल्गुण कृष्ण एकादशीसम्म रहने गर्छन्। पीरको कार्य पात्रदेवको नित्य पूजा कार्यमा संलग्न रहनु हो। यसबाहेक मठमा रहेका अन्य योगीलाई धार्मिक कार्यमा संलग्न गराई मर्यादा कायम गराउनु पीरको दायित्व मानिन्छ।

पीरको दायित्वहरूमा आर्थिक दायित्व पार्न एक हौं। ऐतिहासिक कागजपत्रहरूले किटानका साथ पीरलाई आर्थिक दायित्व सुम्पेको पाइन्छ। २०१२ सालको ऐतिहासिक कागजपत्रले आर्थिक दायित्व सुम्पेको छ (योगी, त्यही : ५१३)। पीरले सिद्ध रतननाथ मठको नाममा रहेको सातवटा गाउँको आम्दानीबाट नै पात्रदेवको पूजा खर्च चलाउने गर्छन्। यी सात गाउँ सम्वत् १८८३ को कागजपत्रमा पात्रदेवको पूजाको लागि छुट्याइएको थियो (योगी, त्यही : ४९३)। यही प्राचीन परम्पराको अनुसरण गर्दै वर्तमान समयसम्म रतननाथ मठका पीरबाट जग्गाको आम्दानीको उपयोग गर्दै पात्रदेवको नित्य पूजाको कार्य सम्पन्न गर्नु पर्दछ

रतननाथ मठमा पीरको चयन बाह्रपन्थी योगीहरूमध्येबाट हुने गर्दछ। बाह्रपन्थीहरूबाट नै मठमा रहेका योगीहरूको आचरणको अनुगमन गर्ने अधिकार प्रदान गरिएको हुन्छ। त्यसैले बाह्रपन्थी नाथ सम्प्रदायमा शक्तिशाली निकायको रूपमा मान्ने गरिन्छ।

मुख्यतः गोरखनाथी बाह्र शाखामा विभाजित छन्। बाह्रपन्थीको उद्गम सम्बन्धमा स्वयम् गोरखनाथले परस्पर विच्छिन्न नाथपन्थीको सङ्गठन गरी तिनलाई बाह्र शाखामा विभाजन गरेका थिए। ती बाह्र पन्थ निम्न प्रकार छन्। सप्तनाथी, धर्मनाथी, रामपन्थ, नरेश्वरी, कन्हड, कपिलानी, वैराख, माननान्थी, आइपन्थ, पागलपन्थ, धजपन्थ र गङ्गानाथी (द्विवेदी, त्यही : १०) यसरी प्रत्येक पन्थको विशेष स्थान छ। जसलाई यिनीहरूले आफ्नो पुण्य क्षेत्र मान्ने गर्छन्। यसको साथै प्रत्येक पन्थले कुनै पौराणिक देवता या सिद्धलाई आफ्नो आदि प्रवर्तक मान्ने गर्छन्।

गोरखनाथको बाह्रपन्थी शाखा बारेमा प्रचलित जनश्रुति अनुसार शिवले बाह्रपन्थ चलाएका थिए र गोरखनाथले पनि बाह्रपन्थ चलाएका थिए। यी दुवै दल आपसमा झगडा गर्दथे। यसैले स्वयम् गोरखनाथले आफ्नो ६ तथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवको ६ पन्थलाई जोडी आजकाल प्रचलित बाह्रपन्थीको निर्माण गरे (द्विवेदी, त्यही : १२) । यस्तै बाह्रपन्थीको बारेमा प्रचलित आख्यान अनुसार शिवका १८ पन्थ थिए र गोरखनाथका बाह्रपन्थ थिए । शिवको बाह्रपन्थ र दोस्रो मतको ६ पन्थलाई जोडी आधुनीक बाह्रपन्थी शाखाको निर्माण गराएका थिए (ब्रिग्गस, त्यही : ६३) । यसरी बाह्रपन्थीको प्रसङ्गमा प्रचलित आख्यानहरूमा बेग्लाबेग्लै सन्दर्भहरू देखा परे तापनि बाह्रपन्थीको सङ्गठन गर्ने सिद्धहरूमा गोरखनाथ रहेका छन् । आजकाल बाह्रपन्थीमा निम्नलिखित पन्थ कायम रहेका छन् (द्विवेदी, त्यही : १३) । सतनाथ, रामनाथ, धरमनाथ, लक्ष्मणनाथ, दरियानाथ, गङ्गानाथ, वैराग, रावल, जालन्धरीया, आइपन्थ, कपिलानी, र धननाथ । यी बाह्रपन्थीहरूमा नाथ पन्थी योगीहरू कुनै एक बाह्रपन्थीसँग सम्बन्धित भएका हुन्छन् तर प्राचीन कागजपत्रमा साहित्यिक श्रोतमा उल्लेख गरिएको भन्दा बेग्लै प्रकारको चर्चा भएको पाइन्छ । जसअनुसार मेचीदेखि महाकालीभरका स्थानका बाह्रपन्थी योगीहरूले सम्वत् १९८१ (योगी, त्यही : ५२६) सालको काजगपत्रमा धर्मलोभ भै साह्रै वेथिति हुन गएको हुनाले जोगी जातको थिति थामी पाउन संयुक्त रूपमा बिन्तीपत्र तत्कालीन श्री ५ को सरकारमा चढाएको देखिन्छ । उक्त कागजपत्र अनुसार (योगी, त्यही : ५२६) बाह्रपन्थी निम्न छन् : डोटी दिपायलका काशीनाथ जोगी, दैलेख शिरस्थानका महन्त प्रयागनाथ जोगी, अछाम वैजनाथका पुजारी टीकानाथ योगी, पाल्पा भैरवथानका पुजारी वैजनाथ जोगी, दाङ चौघेरा स्थानका दमनाथ जोगी, थापाथलीका महन्त जगतीनाथ जोगी, नयाँ मुलुक वागेश्वरीका महन्त कृष्णनाथ जोगी, गोरखाका पुजारी बलदेवनाथ जोगी, वैतडी गोलगाउँ बस्ने आदिनाथ जोगी, जुम्ला भैरवस्थानका पुजारी अमृतनाथ जोगी र थिर्मुगनाका गङ्गानाथ जोगी ।

नाथ सम्प्रदायमा बाह्रपन्थीको महत्त्वपूर्ण स्थान छ । सो कुरालाई प्रष्ट पार्नको लागि मन्दिर निर्माणसम्बन्धी कार्यमा बाह्रपन्थीको विशेष हात रहेको थाहा हुन्छ । सो अनुसार सम्वत् १८९१ (योगी, त्यही : ४९७) को कागज अनुसार चौघेरा रतननाथको मन्दिर बाह्रपन्थीले निर्माण गराउन थाल्दा काठ चुन जहाँ जे जे पाइन्छ सो पुऱ्याइदिने काम गर भनी गुठीका रैतीलाई लेखेको कागजबाट थाहा हुन्छ । यसबाट बाह्रपन्थीको कार्य क्षेत्र बारेमा थाहा हुन्छ । साथै बाह्रपन्थीलाई सम्वत् १९५० मा (योगी, त्यही : ५०९) मठको मरमत गर्ने अभिभारा सुम्पीएको देखिन्छ । यसरी बाह्रपन्थीलाई ऐतिहासिक कागजपत्रमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समेत विशेष दायित्व सुम्पेको हुनाले नाथ सम्प्रदायमा बाह्रपन्थीको महत्त्व अत्यधिक रहेको प्रष्ट हुन्छ ।

बाह्रपन्थीको अधिकार क्षेत्रभित्र सामाजिक दण्डको क्षेत्रमा पनि उत्तिकै अधिकार रहेको देखिन्छ । सम्वत् १९६१ (योगी, त्यही : ५१२) को कागजपत्रमा चौघेराका पीरले भ्रष्ट भएकी महिलाले पकाएको खाना खाएकाले बाह्रपन्थीले सजाय तोकेको देखिन्छ । यसले गर्दा पीरभन्दा माथिल्लो स्थान बाह्रपन्थीको भएको बुझिन्छ । बाह्रपन्थीले चाहेमा प्रायश्चित गराई पुनः नाथ सम्प्रदायमा फर्काउन सक्ने प्रावधान थियो । यसबाहेक सम्वत् १९६७ (योगी, त्यही : ४८४) को ऐतिहासिक कागजपत्रमा भण्डारी, पुजारी तथा मानभाउले चढाएको धर्मपत्रमा बाह्रपन्थीले चलाएको स्थितिलाई पालना गराउन पीरले सजाय दिएमा हामी मन्जुर छौं भन्ने व्यहोरा उक्त ऐतिहासिक कागजमा उल्लेख गरिएको छ । यस्ता ऐतिहासिक कागजपत्रमा बाह्रपन्थी तथा पीरका अधिकार क्षेत्रलाई निर्दिष्ट गरिएको छ । ऐतिहासिक महत्त्व बोकेको कागजपत्रहरू रतननाथ मठका अमूल्य निधि मानिन्छन् ।

३.३. भण्डारी

रतननाथ मठमा पीरपछि भण्डारीको महत्त्वपूर्ण स्थान रहेको छ । भण्डारीलाई चयन गर्दा पीरकै विधिबाट गरिन्छ । भण्डारीको काम मूल मन्दिरको उत्तरतर्फको कक्षमा स्थित कालभैरवको नित्य रूपले पूजा कार्यमा संलग्न रहनु हो । तर सम्वत् १८७५ को ऐतिहासिक कागजमा (योगी, त्यही ४९३) भण्डारीलाई प्रत्येक वर्ष बैशाख महिनामा तुलसीपुरस्थित पाटेश्वरीदेवीबाट प्रसाद दाङ चौघेरामा ल्याए बापत् निजलाई तीन रुपैयाँ आठ आना दुई पैसा दस्तुर दिनुपर्ने र दस्तुर सल्यान बस्ने भारदारबाट उठाइ लिनु भन्ने उल्लेख छ । उक्त कागजपत्रबाट १८७५ सालसम्म भण्डारीको काम पाटनदेवी कहाँ प्रसाद लिन जाने मात्र थियो । साधारणतया भण्डारीले मन्दिरमा पूजा गर्नको लागि पूजा सामग्री जुटाइदिने कार्यमात्र गरेको देखिन्छ । पूजा सामग्री जुटाइ दिए बापत् निजलाई खेत वा मन्दिरमा चढाएका पैसाको केही भाग दिने व्यवस्था भएको बुझिन्छ । तर यस मठमा भण्डारी नै भैरवका पुजारीको रूपमा रहेका देखिन्छन् । सम्भवतः सम्वत् १८७५ पछि कुनै कारणवश भण्डारीबाट पूजा गर्नुपर्ने परम्परा बस्यो होला । अर्कोतर्फ यस मठमा संलग्न सम्पूर्ण व्यक्ति नाथ सम्प्रदायका भएकाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै भण्डारी पदको श्रृजना भएको हुन सक्छ। आजकाल वैशाख महिनामा यस रतननाथ मठका सबै योगीहरू पाटनेश्वरी जाने गर्छन्। त्यहाँबाट फर्कने क्रममा भण्डारीले नै पाटनेश्वरीको प्रसाद ल्याउने परम्परा चलेको देखिन्छ। अतः यस मठमा भण्डारीको कार्यसञ्चालन गर्न नाथ सम्प्रदायमा दीक्षा लिएको अनिवार्य मानिएको छ।

३.४. पुजारी

रतननाथ मठको सङ्गठनात्मक ढाँचामा भण्डारीको स्थानपछि पुजारी देखापर्छन्। बाह्रपन्थीमध्ये कुनै सुयोग्य व्यक्तिलाई फाल्गुण कृष्ण एकादशीमा पुजारीको रूपमा चयन गरिन्छ। चयन गरिएका पुजारीले मूल मन्दिरको दक्षिणतर्फको कक्षमा रहेको पात्रदेवताको नित्य नैमित्तिक पूजाको कार्यमा संलग्न रहनु पर्दछ (योगी, विजयनाथसँगको अन्तवार्ताको आधारमा)। सम्वत् १८८४ (योगी, त्यही : ४९४) को कागजपत्रमा पुजारी पात्रदेवको नित्य नैमित्तिक पूजाको कार्यमा संलग्न रहने उल्लेख गरिएको छ। रतननाथ मठस्थित पात्रदेवको पूजा गर्नको लागि सम्वत् १८८४ भन्दा अघि परदेशी जोगी पनि सामेल हुने चलन थियो तर उक्त १८८४ पछि देशी जोगीलाई नै पूजाको कार्यभार सुम्पिएको देखिन्छ किनभने परदेशी जोगीलाई जनी गर्दा स्थान बिग्री उजाड हुन जाँदा स्वदेशी जोगीलाई नै पुजारीको काम सुम्पन नितान्त आवश्यक देखियो तर हाल आएर भने रतननाथ मठमा रहेका पात्रदेवको पूजाको लागि स्वदेशी जोगी तथा परदेशी जोगी दुवै रहन सक्ने व्यवस्था भएको पाइन्छ।

वस्तुतः मठमा रहेका देवताको पूजा गर्ने कार्यमा मात्र पुजारी संलग्न भएको पाइन्छ। तर यस मठमा रहेका पुजारीको काम पूजासँग मात्र सीमित नरही मठको चल अचल सम्पत्तिको संरक्षण गर्ने दायित्व पनि थपिएको ऐतिहासिक कागजबाट देखिन्छ। रतननाथ मठमा चढाउन ल्याएका जग्गा जमिन, सुन, चाँदी, भाँडा सात दिनमा उर्दि गर्नु भनी सम्वत् १९४३ (योगी, त्यही : ४८४) को कागजमा उल्लेख गरिएको छ। उक्त कागजबाट मन्दिरको चल अचल सम्पत्तिको संरक्षण गर्ने दायित्व सुम्पिएको बुझिन्छ तर हालको व्यवस्थाअनुसार पात्रदेवको पूजा कार्यमा मात्र रतननाथ मठका पुजारी संलग्न भएको पाइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

३.५. सिराने

सिराने भन्ने शब्दबाट भैरवको पूजा गर्ने विषयवस्तुसँग साम्यता राख्दैन तर पनि यहाँको परिपाटीअनुसार मन्दिरको उत्तरतर्फको कक्षमा स्थित कालभैरवको पूजा गर्न सिरानेलाई सुम्पिएको छ । सिरानेको चयन बाह्रपन्थीमध्ये कुनै नाथ योगीलाई सर्वसम्मतिबाट चयन गरिन्छ (योगी, त्यही : ५२६) । सिरानेको कार्य भैरवको पूजाको अतिरिक्त केही देखिँदैन । नाथ सम्प्रदायसँग मठ सम्बद्ध भएको हुँदा भैरवको पुजारी नाथ पन्थी योगी हुनु स्वभाविकै हो । पाल्पामा स्थित भैरवको पुजारी पनि नाथ पन्थी योगी रहेका छन् । त्यसैले भैरव नाथ सम्प्रदायसँग सम्बद्ध रहेको देखिन्छ । गोरखा उपल्लोकोटमा केही ढुङ्गाहरू थुपारिएको ठाउँलाई वज्रभैरवको स्थान मानिन्छ र त्यहाँ गोरखनाथका पुजारी कनफट्टा योगीहरूद्वारा पूजा गरिन्छ (गुरुङ, त्यही : ९०) । यसबाट भैरवलाई नाथ सम्प्रदायका योगीहरूले पूजा गर्ने प्राचीन परिपाटी भएको देखिन्छ । सिरानेको प्रसङ्गबारे चर्चा गरिएका प्राचीन काजगपत्रहरू प्राप्त भएको छैन । तर रतननाथ मठमा सिरानेलाई उचित जिम्मेवारी दिन यहाँको अलग्गै विशेषताको रूपमा रहेको मान्न सकिन्छ । सिरानेले दैनिक कार्यमा भैरवको पूजाको लागि ऋतु अनुसारका फूल टिप्नु हो ।

यस मठमा वर्तमान समयसम्म बाँधिएको स्थिति बमोजिम नित्य दिनको अढाइ बजे पात्रदेवताका पुजारी कालभैरवका पुजारी र सिराने मठदेखि पूर्वतर्फ रहेको सिस्ने खोलामा भैरवलाई स्नान गराउनको लागि आवश्यक जल लिन जान्छन् । यसबाहेक सिरानेको अन्य कार्य केही देखिँदैन । सिराने भन्ने शब्द पुजारी भन्ने शब्दसँग सम्बन्धित भएको देखिँदैन । बरु यो सिराने रतननाथ मठको परिप्रेक्षमा भैरवको पूजा गर्न नै चयन गरिएको पद देखिन्छ ।

३.६. धुनी जोगी

धुनी भन्ने शब्दले आगोको धुनी भन्ने बुझाउँछ । रतननाथ मठमा अविच्छिन्न रूपले बलिरहेको धुनीको संरक्षण गर्न पाँच जना धुनी जोगीको व्यवस्था भएको देखिन्छ । सम्वत् १९१० सम्म परदेशी जोगी रहन्थे (योगी, त्यही : ४९८) । सम्वत् १९१० भन्दा पहिले परदेशी जोगीले रतननाथको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टहल गर्दथे तर १९१० देखि घरवारी जोगीले व्यथिति गरी मठको मर्यादा कायम नरहेकाले पीर, भण्डारी, पुजारी र धुनी जोगी परदेशी वस्नु भनी स्पष्ट किटानका साथ उल्लेख गरिएको छ। यसैले सम्वत् १९१० देखि रतननाथको सेवा गर्न परदेशी जोगी सामेल रहने तथ्य देखिएबाट रतननाथ मठमा समय समयमा व्यथिति भई बन्देज बाँध्नु पर्ने स्थितिको सृजना भएको रहेछ। हाल आएर पीरले धुनी जोगीलाई चयन गर्ने गर्छन्। तर धुनी जोगीको समायवधि निश्चित हुँदैन (अन्तवार्ताको आधारमा)। यस मठमा वर्तमान समयमा धुनी जोगीको अटूट परम्परा रहेकाले मठमा रहने धुनीको लामो परम्परा रहेको अनुमान हुन्छ। यस्तो पनि भनिन्छ कि रतननाथ मठभित्र बलेको धुनी निभेको खण्डमा ज्वालाजीबाट बत्ती लिएर मात्र बाल्ने परम्परा छ (शर्मा, त्यही : १२)।

धुनी जोगी आफ्नो कर्तव्यदेखि च्यूत हुन गएमा बाह्रपन्थीमा चलि आएको स्थिति बमोजिम सजाय हुन्थ्यो (योगी, त्यही : ४८६)। यसरी बाह्रपन्थीको नियम बमोजिम धुनी जोगीलाई सजाय दिने परम्परा भएको देखिन्छ। त्यसैले रतननाथ मठमा प्राचीन मर्यादालाई पालना गराउन योगी समुदायको विशेष भूमिका रहेको बुझिन्छ।

यस मठको कालभैरवको कक्षमा अखण्ड धुनी लगाइएको हुन्छ। यसलाई संरक्षण गर्ने जिम्मा धुनी जोगीको रहेको हुन्छ। मठमा पीरले नै धुनीको लागि काठको समुचित व्यवस्था गरेका हुन्छन्। ऐतिहासिक कागजपत्रमा सरकारी तवरबाट धुनीको लागि बेग्लै प्रबन्ध भएको बुझिन्छ (योगी, त्यही : ४८६)। २००८ सालमा चौघेरा रतननाथ मठका गुठीका रैतिहरूले रतननाथ देवताको अखण्ड धुनीको लागि मौजाको नगदी तथा जिन्सी रतननाथ मठलाई दिने भनी प्रतिज्ञा पत्र लेखी सो मठमा चढाएका थिए। उक्त प्रतिज्ञा पत्रअनुसार गुठीका रैतीले परापूर्व कालदेखि चलिआएको स्थिति बमोजिम धुनीको लागि चाहिने नगदी तथा जिन्सी बुझाउने रहेको स्पष्ट हुन्छ। यसरी यस रतननाथ मठमा धुनीको परम्परा अविच्छिन्न रूपले आजसम्म चलिरहेको देखिन्छ।

३.७. मान भाउ

रतननाथ मठमा मान भाउ पद सम्मानित मानिन्छ। अतः मान भाउ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पदले यस मठमा बेग्लै स्थान ओगटेको देखिन्छ । वि.सं. १९२० को कागजमा मान भाउ रतननाथको पूजामा संलग्न रहेको देखिन्छ । साथै उक्त कागजमा गोसाइलाई रतननाथको पूजा सञ्चालन गर्नको लागि मान भाउ पदमा पदोन्नति गरेको देखिन्छ (योगी, त्यही : ५००) । यसैगरी १९२६ सालसम्म चौघेराका जोगीको देहान्त भए पछि रतननाथको पूजा चलाई थानको मालको संहार गर्न भनी उक्त कागजमा उल्लेख गरिएको छ । (योगी, त्यही : ४८४) यसबाट सरकारी तवरबाट मान भाउलाई रतननाथको पूजा गर्ने अभिभारा सुम्पेको थाहा हुन्छ । यसका साथै मान भाउलाई नाथ सम्प्रदायका योगीहरूबाट रकम उठाउने अभिभारा सुम्पेको पाइन्छ । सम्वत् १९०७ (योगी, त्यही : ११३) को लालमोहरमा मान भाउलाई रतननाथको पूजाको लागि योगीहरूबाट रकम उठाउने आर्थिक दायित्व प्रदान गरिएको बुझिन्छ । यस्तै सम्वत् १९४७ (योगी, त्यही : ४८४) को कागजमा रतननाथको पूजा गर्न सर्वचन्द्रायण उठाउने अभिभारा मान भाउलाई सुम्पिएको देखिन्छ । तर सर्वचन्द्रायणको बारेमा उक्त कागजबाट खुल्न सकेको छैन । सम्भवतः यो एक प्रकारको कर हुन सक्दछ । यसबाट ऐतिहासिक कागजपत्रमा मान भाउको कार्य क्षेत्रमा धार्मिक तथा आर्थिक पक्ष रहेको छ । तर आजकाल मान भाउको रतननाथको पूजासँग सम्बन्धित नभई आर्थिक पक्षसँग मात्र सम्बन्धित भएको देखिन्छ ।

३.८. गोसाई

गोसाई शब्दको अर्थ शब्दकोशमा सन्यासी र त्यागीहरूलाई गरिने एक प्रकारको सम्बोधन भन्ने हुन्छ (पराजुली, त्यही : ३५८) । यस रतननाथ मठमा गोसाई पदले बेग्लै महत्त्व बोकेको प्रतीत हुन्छ । गोसाई पदको चयन सम्बन्धमा ऐतिहासिक कागजपत्रको आवश्यकता पर्दछ । सम्वत् १८७९ (योगी, त्यही : ४९३) को कागजमा स्पष्ट रूपमा गोसाई पदको उल्लेख भएको छ । उक्त कागजमा कुमालेले निर्माण गरेको घडा ल्याउनु पर्ने देखाएको छ । यसबाट गोसाईलाई श्रमिकको रूपमा चर्चा गरेको देखिएकोले उनीहरू नाथ सम्प्रदायसँग सम्बन्ध भए नभएको निश्चित गर्न सकिँदैन । किनभने पीर, भण्डारी, पुजारी आदि पदहरूको अस्तित्त्व थियो तर ती पद धारण गर्ने व्यक्तिहरूले गोसाईलाई स्पष्ट रूपमा कार्यक्षेत्र तोकेको देखिँदैन । यसरी गोसाईलाई श्रमिकको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

काम गराउन सम्भवतः उनीहरू नाथ योगीको स्तरभन्दा तल्लो स्तरको भएको अनुमान हुन्छ। अर्को तर्फ गोसाईलाई सम्वत् १८६९ (योगी, त्यही : ४८५) को कागजमा योगीहरूको बिचमा झगडा भएमा न्याय सम्पादन गर्ने अभिभारा सुम्पेको देखिन्छ। गोसाईलाई जिम्मेवारी दिने क्रममा मान भाउ पदमा पदोन्नति गर्नु पनि गोसाईको महत्त्वलाई स्वीकार गरेको अनुमान हुन्छ। सम्वत् १९२० को ऐतिहासिक कागजमा गोसाईलाई पूजाआजा चलाउने अधिकार प्रदान गरिनु माथिल्लो पदमा उनीहरूको अधिकार क्षेत्रमा बृद्धि गर्नु पनि हो (योगी, त्यही : ४९२)। यसबाहेक गोसाईले योगी समाजमा विकृति देखापरे प्रायश्चित गराउने अधिकार प्राप्त गरेका थिए जसलाई स्पष्ट पार्ने क्रममा सम्वत् १९०८ (योगी, त्यही : ५००) को कागजमा गोसाईलाई सामाजिक दण्ड दिने विशेष अधिकार प्रदान गरिएको थियो। यसरी गोसाईहरूले तत्कालीन समयमा आफ्नो प्रतिष्ठा कायम गरेको ज्ञात हुन्छ। वास्तवमा गोसाईलाई महत्त्वपूर्ण पदहरूमा पदोन्नति गर्नु निश्चय पनि समाजमा उनीहरूले आर्जन गरेको प्रतिष्ठा हुनसक्छ। तर हाल यस रतननाथ मठमा गोसाई पदको अस्तित्त्व देखापर्दैन।

३.९. मठका संरक्षक

वर्तमान समयमा यस सिद्ध रतननाथ मठको संरक्षकको व्यवस्था गरिएको छ, जसले मठमा रहेका पीरलाई समय समयमा राय सल्लाह दिने गर्दछन्। हाल यस मठमा नाथ सम्प्रदाय कै योगीले संरक्षकको पद ग्रहण गरेका छन्। मठमा आइपर्ने समस्यालाई निरूपण गर्नु मठको संरक्षकको प्रमुख दायित्व रहेको हुन्छ। उनको रायलाई मठमा रहेका योगीहरूबाट पालना गरेको देखिन्छ (अन्तवार्ताबाट)। संरक्षकले मठमा रहेका पीरलाई सम्मान गर्नुपर्दछ किनभने पीर नै यस मठको प्रतिष्ठित पदमा रहेका हुन्छन्। मठका संरक्षकको जिम्मामा चल अचल सम्पत्तिको जिम्मा रहेको हुन्छ। मठमा सञ्चालन गरिने नित्य पूजाका साथै अन्य पर्वमा रकमको चाँजोपाँजो संरक्षकबाट नै मिलाउनु पर्ने हुन्छ।

३.१०. पूजा पद्धति निर्देशक

यस रतननाथ मठमा पूजासम्बन्धी कार्यमा सल्लाह दिन निर्देशकको व्यवस्था गरिएको छ। यो व्यवस्था केही वर्षदेखि मात्र सुरु भएको मानिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा पद्धति सिकाउनको लागि स्थानीय एक वृद्ध नाथ पन्थी योगीलाई सो अभिभारा सुम्पिएको छ। सो पूजा पद्धति चयन गर्नमा पीरको भूमिका महत्त्वपूर्ण रहन्छ। पीरले चयन गर्दा मठमा रहेर काम गरिसकेको तथा अनुभवी व्यक्तिलाई प्राथमिकता दिएका हुन्छन्। उक्त चयन गरिएका पूजा पद्धति निर्देशकले प्रतिदिन पीर तथा पुजारीलाई पूजा गर्ने विधिहरू सिकाउँछन्, किनभने पूजा गर्दा त्रुटि नहोस् भन्ने तिर बढी ध्यान पुऱ्याइएको हुन्छ। यसबाहेक उक्त पूजा पद्धति निर्देशकको अन्य कार्य केही देखिँदैन।

३.११. चित्रकला प्रदर्शनी व्यवस्थापक

मठको मध्य भागमा अवस्थित एक भवनमा शाहवंशका राजपरिवारका चित्रहरूलाई चित्रकला प्रदर्शनी व्यवस्थापकद्वारा सजाइएको छ। उक्त चित्रलाई संरक्षण गर्ने दायित्व व्यवस्थापक कै रहेको हुन्छ। त्यसैले यस मठमा नाथ पन्थ कै एक योगीले व्यवस्थापकको जिम्मा लिएका छन्।

३.१२. पुस्तकालय व्यवस्थापक

सिद्ध रतननाथ मठमा पुस्तकालय भवन मूल मन्दिरदेखि केही कदम पर रहेको छ। उक्त पुस्तकालयमा करिब आठ हजार जति पुस्तहरू सुरक्षित रहेका छन्। त्यहाँ रहेका पुस्तकहरू धार्मिक विषय वस्तुसँग सम्बद्ध भएको पाइन्छ। रतननाथ मठका पीरद्वारा पुस्तकको समुचित प्रबन्ध मिलाउन एउटा व्यवस्थापकको चयन गरिन्छ। चयन गरिएका व्यवस्थापकले पुस्तकहरूको संरक्षण गर्नुपर्दछ।

३.१३. कोठारी

मठमा रहेका नाथ पन्थी योगीहरूलाई प्रतिदिन भोजन गराउनको निम्ति पीरले कोठारीको चयन गर्दछन्। ती कोठारीको जिम्मामा भोजन सामग्री रहेको हुन्छ। कोठारीले प्रतिदिन भोजन पकाउनको लागि खाद्य सामग्री भान्सेलाई दिने गर्छन्। उक्त कार्य गरे बापत् कोठारीलाई वर्षको अठार मुरी धान दिने व्यवस्था छ। पीरले चयन गरेका ती कोठारीको समयावधि तोकिएको हुँदैन। उनलाई पीरले चाहेमा कुनै बेला पनि हटाउन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सक्दछन् (अन्तवार्ता) ।

३.१४. बहिदार

रतननाथ मठमा बहिदारको पनि व्यवस्था भएको पाइन्छ । पीरले नै बहिदारको चयन गर्दछन् । बहिदारले पीरले खर्च गरेका बिल भर्पाइलाई दुरुस्तसँग राख्नु पर्दछ । पीरले समय समयमा मठको आय-व्यय सम्वन्धमा जानकारी लिन चाहेमा बहिदारले बुझाउनु पर्ने हुन्छ । मठको जमिनबाट प्राप्त आम्दानीबाट नै नित्य पूजाको साथै भण्डारा तथा वार्षिक पर्वहरू सम्पन्न गरिन्छ । तसर्थ मठको आय-व्यय दुरुस्त राख्नु बहिदारको प्रमुख जिम्मेवारी रहन्छ । पीरले विश्वास प्राप्त व्यक्तिलाई बहिदारको पदमा नियुक्त गर्छन् ।

३.१५. भान्से

रतननाथ मठमा रहेका योगीहरूलाई भोजनको प्रबन्ध सम्पन्न गर्न एउटा भान्सेको व्यवस्था गरिएको छ । मठमा रहेका योगीहरूमध्येबाट नै भान्सेको चयन गरिन्छ । भान्सेले प्रतिदिन भोजन बनाई योगीहरूलाई भोजन वितरण गर्नु प्रमुख कार्य हो । भान्सेलाई भोजन पकाए बापत् वार्षिक अठार मुरी अनाज दिने व्यवस्था गरिएको छ । यसबाहेक भान्सेको अन्य कार्य केही हुँदैन ।

माथि उल्लेख गरिएका सङ्गठनात्मक स्वरूपबाहेक मठमा सु-व्यवस्थित रूपबाट कार्य सञ्चालन गर्नको लागि २०३० सालदेखि सञ्चालक समितिको व्यवस्था गरिएको छ । उक्त सञ्चालक समितिको अध्यक्ष पदमा मठका पीर रहने गर्छन् । पीरबाट मठको वार्षिक आय-व्ययको हिसाब सञ्चालक समितिको बैठकमा पेश गर्नु पर्दछ । सञ्चालक समितिले नियम पुऱ्याई खर्च भएका बिल तथा भर्पाइलाई स्वीकृत प्रदान गर्नु पर्दछ । यस बाहेक सञ्चालक समितिले आन्तरिक तथा सामाजिक विकासका कार्यहरू सञ्चालन गरेको पाइन्छ । यसै सिलसिलामा रतननाथ मठका महेन्द्र बहुमुखी क्याम्पस दाङको भवन निर्माण कार्यका साथै सिद्ध रतननाथ माध्यमिक विद्यालय नारायणपुरको भवन निर्माण कार्य प्रशंसनीय छन् । यसबाहेक गोरक्ष रत्न माध्यमिक विद्यालय चौघेराको स्थापना एवं सञ्चालनका लागि यस मठले गरेको सहयोग प्रशंसनीय छ । त्यसैगरी यस सिद्ध रतननाथ मठले पन्ध्र जना

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निम्न माध्यमिक विद्यालयका छात्रहरूलाई निःशुल्क भोजनको व्यवस्था पनि गरेको छ ।

यसरी रतननाथ मठले आजसम्म पात्र देवताको नित्य पूजालाई निरन्तरता प्रदान गरिरहेको छ । सङ्गठनात्मक स्वरूपबाट यसको वेग्लै पहिचान कायम गरेको छ । सांस्कृतिक धरोहरको रूपमा रहेको यस मठले नाथ सम्प्रदायको इतिहासमा बेग्लै स्थान बनाउन अग्रणी भूमिका खेलेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - चार

सिद्ध रतननाथ मठमा हुने पूजाविधि

४.१. विषय प्रवेश

रतननाथ मठ नाथ पन्थी योगीहरूको प्रमुख मठमध्ये एक हो । यस मठमा पात्रदेवताको स्थापना गरिएको छ । पात्रदेवताको स्थापनाको सम्बन्धमा विभिन्न आख्यानहरू प्रचलित छन् । आख्यानहरूको बारेमा तेस्रो परिच्छेदमा चर्चा गरिसकिएको छ । यहाँ प्रचलित आख्यानमा गोरखनाथले रतननाथलाई अमर पात्र प्रदान गरिएको विश्वास गरिन्छ । यहाँ यो कुरा विचारणीय छ कि रतननाथ ऐतिहासिक व्यक्ति हुन् ।

पात्रदेवताको स्थापना जुनसुकै पृष्ठभूमिमा भए पनि यसको पात्रदेवताको पूजा गर्ने प्राचीन परिपाटी चलिआएको छ । पूजाको सुरुवात कहिलेदेखि भयो भन्ने सम्बन्धमा एउटा प्रश्न खडा हुनसक्दछ तर प्राचीन सामाग्रीको अभावमा यस प्राचीन परम्पराको सुरुवातबारे केही भन्न सकिँदैन ।

सिद्ध रतननाथद्वारा करिब बाह्रसय वर्ष अघि स्थापित यस मठमा समयमा स्थानीय राजा रजौटाहरू एवं शाहवंशीय राजाहरूले पूजा कार्य सञ्चालनार्थ गुठी जग्गा प्रदान गरेका छन् । शाहवंशका तत्कालीन राजाहरूबाट समय समयमा गरिदिएका लालमोहरमध्ये सम्वत् १८६६ को आजसम्म प्राप्त भएको सबैभन्दा प्राचीन कागज हो । उक्त लालमोहरमा नित्य नैमित्तिक पूजाको लागि गुठी मौजाहरूको उल्लेख भएको पाइन्छ (योगी, त्यही : ४९२) । यसका साथै उक्त कागजमा चौघेराका पुजारीलाई पात्रदेवको नित्य नैमित्तिक पूज । गर्न स्थिति बाँधिदिएको पनि उल्लेख छ (योगी, त्यही : ४९२) ।

पीर तथा पुजारीले पात्र देवको पूजा सम्पन्न गर्छन् । खासगरी रतननाथ मठमा पीर नै प्रमुख व्यक्तिको रूपमा रहेका छन् किनभने रतननाथको प्रतिनिधिको रूपमा पीरलाई मान्ने चलन छ । यसैले रतननाथको यस मठमा गद्दी रहेको छ । सिद्ध हुनुभन्दा पहिले रतननाथ राजाको रूपमा रहेका थिए । सिद्धि प्राप्त गरिसकेपछि उनले रतननाथ मठको स्थापना गरी आफ्नो गद्दीलाई निरन्तरता प्रदान गरेका थिए । त्यसैले उनैको सम्झना स्वरूप

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गद्दीको व्यवस्था गरिएको छ। पीरले उक्त गद्दीमा आसन ग्रहण गर्छन्। अतः गद्दीमा पीरले आसन ग्रहण गर्ने हुनाले गद्दीको सम्मानको लागि पीरको आज्ञा सर्वोपरी रहन्छ।

४.२. सिद्ध रतननाथ मठमा हुने परम्परागत पूजा पद्धति

सिद्ध रतननाथ मठमा सम्पन्न हुने पूजा पद्धतिलाई मुख्यतः २ भागमा बाँड्न सकिन्छ, (१) नित्य पूजा र (२) विशेष पर्वपूजाहरू। दाङ जिल्लाको चौघेरामा स्थापित सिद्ध रतननाथको मठ सर्वप्रमुख छ। यस मन्दिरको गर्भगृहमा नानाप्रकारका देवताहरूको मूर्ति स्थापित छन्। दक्षिणतिरको खण्डमा मत्स्येन्द्रनाथ, रतननाथ, गोरखनाथ आदिका मूर्तिका अतिरिक्त पात्रदेवतालाई स्थापना गरिएको छ। उत्तरखण्डमा महाकाल भैरवको मूर्ति स्थापित गरिएको छ। जहाँकहीँ पनि नाथ सम्प्रदायमा तीर्थस्थलहरू छन्, त्यहाँ भिन्न प्रकारले पूजा अर्चना गरिन्छ। यस परिप्रेक्षमा यस सिद्ध रतननाथ मठमा सात्विक विशुद्ध तान्त्रिक पूजा पद्धतिद्वारा अनुष्ठान हुँदै आएको छ। यहाँको पूजा पद्धति शास्त्रीय ग्रन्थहरूमा आधारित नभएको अनुमान हुन्छ। अहोरात्र चल्ने यस पूजा कार्यमा नौ जना नाथ योगी सम्मिलित हुन पर्दछ र सम्पूर्ण विधि विधानद्वारा पूजाको क्रम प्रारम्भ गरी क्रमशः समाप्त गर्नु पर्दछ। यो पूजाको क्रम श्री गोरक्षनाथ मन्दिर गोरखपुर पाटेश्वरी मन्दिर तुलसीपुरसँग पनि सम्बन्धित छ। जब यहाँ पूजा समाप्त हुन्छ, तब पाटेश्वरी मन्दिरमा पूजा प्रारम्भ हुन्छ र जब पाटेश्वरी देवीको पूजा समाप्त हुन्छ तब गोरखनाथ मन्दिर गोरखपुरमा पूजा प्रारम्भ हुन्छ। यसरी अहोरात्र पूजाको क्रम अविच्छिन्न रूपले चल्ने गर्दछ। रतननाथ मठको पूजापद्धति एउटा विशिष्ट किसिमको मानिन्छ।

रतननाथ मठमा पात्रदेवताको पूजा कार्यमा पीर तथा पुजारी संलग्न रहेका हुन्छन्। पूजा सञ्चालन गर्न विधि विधान निश्चित गरिएका छन्। नित्य रात्री ९ बजे श्री नाथ पुजारी र भैरव पुजारी स्नानादिबाट निवृत्त भएर मन्दिरमा प्रवेश गर्दछन्। सर्वप्रथम गुरु गोरखनाथ, नवनाथ, चौरासी सिद्ध, सिद्ध रतननाथजी सहित अन्य देवी देवताहरूको पञ्चामृत, नैवेद्य, गङ्गाजल आदिबाट स्नान गराइन्छ। यसपछि क्रमश : अन्य देवीदेवताको आह्वान गरी प्रतिदिन लगभग सवासात किलो अक्षता, विल्व चन्दन, सवाकिलो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वेलपत्र, सवाकिलो ऋतु अनुसारका पुष्प श्रृङ्गार गरिन्छ। तत्पश्चात् रात्रि ११ बजेदेखि १२ बजेसम्म पात्र देवताको गोप्य पूजा हुन्छ। यसपछि दुवै पुजारी श्रीनाथजीका पुजारीद्वारा सङ्केत सूचक नगाडा बजाइन्छ। काल भैरव पुजारीले पीरजी सहित अन्य पूजक गणलाई उठाउँछन्। यसपछि पीरजी, भण्डारी एवं अन्य पूजकगणबाट शौचादि क्रियाबाट निवृत्त भई स्नान गरिन्छ। यो स्नान क्रिया शीतवर्ष, आदि ऋतुहरूमा पनि अविच्छिन्न रूपले चल्दछ। यसपछि रात्रीको ठीक एक बजे पीरजी एवं श्रीनाथ पुजारी ॐ कार उच्चारण गरी मुख्य मन्दिरमा प्रवेश गर्दछन् र ढोका बन्द गरिन्छ। पीरजी र श्री नाथ पुजारीद्वारा पूजाको सरसामान तयार गरिन्छ। केही क्षणपछि पुजारी मुख्य पूजा कक्षबाट ॐ कार उच्चारण गरी निस्कन्छन् र पूजा सामग्री हातमा लिई मन्दिरको पूर्व-उत्तरमा स्थित कालसेन भैरवको मन्दिरमा जान्छन्। त्यहाँ करिब एक घण्टासम्म पूजा अर्चना गरिन्छ। पुजारीको घण्टीको क्रमसँगै मुख्य मन्दिरमा रहेका पाँचजना नाथ योगीद्वारा घण्टा नगाडा बजाइन्छ। ठीक त्यही अवसरमा पात्रदेवको कक्षमा रहेका पीरले तान्त्रिक विधिपूर्वक पात्रदेवको पूजा गर्दछन्। पात्रदेवका पुजारी कालसेन भैरवको मन्दिरबाट फर्केपछि मुख्य कक्षमा रहेका पीरका साथ पूजा कार्यमा संलग्न हुन्छन्। मुख्य मन्दिरमा पनि घण्टी, नगाडा बजाई पूजा गरिन्छ। यो पूजा कार्य रात्री दुई बजेदेखि सुरु भई तीन बजेसम्म चल्छ र तीन बजे घण्टा नगाडा बजाउने क्रम सकिन्छ। यसको तत्काल भण्डारी र कालभैरवका पुजारी (सिराने) मुख्य मन्दिरको कालभैरवको मूर्ति रहेको कक्षको ढोका बन्द गरिन्छ। यसपछि चार पुजारीहरूबाट विधिपूर्वक पात्रदेवता, कालभैरव सहित अन्य देवी देवताहरूको गोप्य पूजा हुन्छ। ठीक त्यसै समयमा पात्रदेवका पुजारीले पात्रदेवतामा अघिल्लो दिन चढेको चन्दन अक्षता लिई मन्दिरको पूर्व भागमा रहेको श्री सिद्ध वैजनाथको समाधिमा गई चढाउँछन्।

वैजनाथलाई अक्षता चढाउने प्रसङ्ग रोचक छ। जसअनुसार वैजनाथले रतननाथ मठमा जग्गा चढाएका थिए। उनले आफ्नो समाधिमा पात्रदेवलाई प्रतिदिन पूजा गरेको अक्षता चढाउने आग्रह गरेका थिए। तसर्थ उनको सम्झना स्वरूप अक्षता चढाउने प्रचलन आजसम्म चलेको देखिन्छ। यसबाट सिद्ध वैजनाथको लोकप्रियता यस रतननाथ मठमा रहेको देखिन्छ। यी वैजनाथको लोकप्रियता यस रतननाथ मठमा रहेको देखिन्छ। यी वैजनाथको धाम अछाम जिल्लाको साफेवगर नजिकै बुढी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गङ्गाको किनारामा वैजनाथ मठ अवस्थित थियो । त्यस मठलाई बुढी गङ्गाले बगाएकोले हाल नजिकै एक शिवालय बनाई त्यसमा पहिलेका उक्त मठका शिवलिङ्ग स्थापना गरिएको छ (अधिकारी, २०६० : २९५) । पुजारी यहाँबाट पुनः मुख्य कक्षमा फर्कन्छन् र चारजना पुजारीहरूबाट पूजा कार्य प्रातः चार बजेसम्म जारी रहन्छ । यस मठमा पूजा अवधिभर नै पुजारीको मुखमा स्वेत वस्त्रको पट्टी बाँधिएको हुन्छ । श्वेत वस्त्र मुखमा बाँध्नुको अर्थ शुद्धता र कीटाणु मुखभित्र प्रवेश नगरून् भन्ने अर्थ हो । प्रातः ठीक चारबजे दुवै कक्षका ढोकाहरू खुल्दछन् । बिचमा एक घण्टा बाहेक रात्री नौ बजेदेखि बिहान चार बजेसम्म मुख्य मन्दिरको दुवै कक्षका ढोकाहरू बन्द रहन्छन् । यो अवधिलाई "बन्धन परेको" भनिन्छ । बन्धनको खास अर्थ के हो ? खुल्न सकेको छैन । प्रातः चार बजेपछि पीर भण्डारी लगायत श्री नाथजीका पुजारीहरू विश्राम गर्छन् । यसपछि मन्दिरमा रहेका सम्पूर्ण नाथ योगीहरू नित्य कर्मबाट निवृत्त भई गोरखनाथको आरती गर्छन् । सूर्योदयको समयमा बाला सुन्दरी महामाईको कक्षमा देवीका पुजारीद्वारा देवीको नित्य पूजा सम्पन्न गरिन्छ । यसपछि समस्त नाथ योगी एवं अतिथिहरूले जलपान गर्दछन् ।

यसरी पूजा समाप्त हुनासाथ प्रातः कालमा भैरवलाई भोक लाग्दछ । भैरव पुजारीले विधिपूर्वक कायपाली (विशेष पात्र) मा राखिएको नमकिन भोग प्रसादलाई एक हातमा लिन्छन् र अर्को हातमा झारी (विशेष पात्र) लिई योग सूत्रसहित धार लगाउँदै कालभैरवको स्थानमा पुऱ्याउँछन् । सो भोग विधिपूर्वक भैरवलाई अर्पण गरी पुनः गाई, कुकुर तथा कागलाई दिइन्छ । यसपछि पुजारीहरूको जलपान हुन्छ । दिनको दश बजेदेखि एघार बजेसम्म श्री नाथजीको दैनिक भण्डारामा समस्त योगी, अतिथिहरू सहित दुःखी, भिखारीहरूलाई समेत श्री नाथजीको प्रसाद स्वरूप भोजन गराइन्छ । भोजनमा मुसुराको दाल बढी प्रचलित रहेको पाइन्छ । हरेक मङ्गलवार १२ माना पिठोको रोट नैवेद्यका लागि पाक्ने गर्दछ । यो रोट साधु तथा दर्शनार्थीलाई दिने चलन छ ।

भोजनोपरान्त पात्रदेवताका पुजारी र कालभैरवका पुजारीले पूजा कार्यका लागि मन्दिर परिसर भित्र वेलपत्र टिप्छन् । श्री नाथ पुजारी, कालभैरव पुजारी र एक सहयोगी शुद्ध जल लिन झारी लिई नजिकको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिस्ने खोलामा जान्छन्। यस अवसरमा दुवै पुजारीको मुखमा स्वेत वस्त्रको पट्टि बाँधिएको हुन्छ। झारी आएको सूचना दिन केही क्षण अगवानी नामक नगाडा बजाइन्छ। श्री नाथको सन्ध्या पूजा शितकालमा साँझ तीन बजेदेखि छ बजेसम्म र गृष्मकालमा साँझ चार बजेदेखि सात बजेसम्म चल्छ। यो पूजा पनि नगाडा घण्टा सहित रात्रीकालीन एक बजेदेखि चार बजेसम्म गरिने पूजासँग मिल्दो जुल्दो हुन्छ। संध्याकालीन पूजा पनि गोप्य रूपवाटै सम्पन्न हुने गर्दछ। सन्ध्याकालीन पूजा समाप्त भएपछि मुख्य मन्दिरमा दुबै कक्षका ढोकाहरू खुल्छन्। सबै नाथ योगी सहित श्रद्धालु भक्तजनहरूले श्री नाथको दर्शन गर्छन्। एक आपसमा आदेश, आदेश शब्दले अभिवादन गर्छन्। यसपछि समस्त नाथयोगी एवं अन्य अभ्यागत अतिथि साधुहरू मिली श्री नाथको सन्ध्या आरती आदि गर्दछन्। सन्ध्या आरती पश्चात् सबै योगीहरूले भोजन गर्छन्। रात्रीको ठीक नौ बजे रात्रीकालीन पूजाको सङ्केत सूचक नगाजा बजाइन्छ। यसपछि श्री नाथ पुजारी र कालभैरव पुजारी मन्दिरभित्र प्रवेश गर्छन् र ढोका बन्द हुन्छ। यसपछि पूर्वोत्त विधिले पूजा सञ्चालन हुन्छ। (रतननाथ मठका तत्कालीन पीर) यस बाहेक अन्य प्रमुख धार्मिक पर्वहरू पनि मन्दिरमा हर्ष उल्लासका साथ पूजा अर्चना गरी मनाइन्छ।

यस किसिमको परम्परागत पूजा पद्दति बाहेक प्राचीन मर्यादाहरू पनि सुरक्षित रहेका छन्। जसअनुसार पात्र देवता रहेको कक्षमा पीरजी र श्री नाथ पुजारी मध्ये एकजना चौविसै घण्टा अटुट रूपले उपस्थित हुनु पर्दछ। पीरजीलाई आफ्नो कार्यकालभरी मन्दिर परिसरभन्दा बाहिर जान वर्जित छ। पीरजी, भण्डारी आदिले पनि वर्षदिन भरिनै जुत्ता, चप्पल जस्ता साधन प्रयोग गर्दैनन्। मुख्य मन्दिर भित्र गोमूत्र र गोवर लैजान मनाही छ। यसको कारण के हो ? सो बारेमा यस मठका योगीहरूबाट केही प्रष्ट हुन सकेन। यस खालको प्राचीन परम्परालाई सुरक्षित राखिएको छ। यसरी नित्य पूजामा संलग्न रहने योगी समुदाय रातभर पूजामा संलग्न रहने हुँदा दिउसो आराम गर्ने यहाँको अनौठो प्रचलन रहेको छ।

यसरी रतननाथ मठमा नित्य रूपले चलिरहने पूजा पद्धति सर्वाधिक आकर्षणको केन्द्र बनेको छ। वास्तवमा यहाँको पूजाआजा नै पात्रदेवसँग सम्बन्धित रहेको देखिन्छ। यहाँको पूजापद्धति विशुद्ध तान्त्रिक विधिबाट चल्ने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छ। यहाँको मुख्य कक्ष भित्र पीर तथा पुजारी बाहेक अन्य व्यक्तिलाई निषेध गरिन्छ। पूजापद्धति गोप्य रूपमा सम्पन्न गर्ने भएकाले सर्वसाधारणको लागि मुख्य कक्षमा प्रवेश गर्न निषेध गरिएको छ। यस पङ्क्तिकारलाई यहाँ प्रचलित पूजा पद्धति प्रत्यक्ष रूपमा अवलोकन गर्ने अवसर प्राप्त हुन सकेन। जे होस्, यस मन्दिरमा सिद्ध रतननाथका प्रतिनिधि स्वरूप पीर एवं अन्य पुंजारीहरूबाट पात्रदेव लगायतका देवी देवताहरूको विधिपूर्वक गरिने प्राचीन पूजापद्धति र अन्य प्राचीन मर्यादाहरूको जगेर्ना अद्यावधि भइराखेको पाइन्छ। त्यसैले रतननाथ मठ मौलिक परम्पराको संस्कृतिमा आजसम्म हुर्किरहेको छ।

४.३. रतननाथ मठमा हुने नित्य पूजाको लागि भएको व्यवस्था

दाङ चौघेरामा रतननाथद्वारा स्थापना भएको पात्रदेवको नित्य पूजा प्राचीनकालदेखि चल्दै आइरहेको छ। देवी देवताका मन्दिरहरूमा नित्य पूजा र पर्वहरू चलाउन जग्गा गुठी राखिदिने चलन परम्परादेखि चलेर आएको हो। रतननाथ मठको नित्य पूजा चलाउन समय समयमा राजाहरूबाट जारी भएका लालमोहरबाट यस मठको महत्त्वलाई स्वीकार गरेको ज्ञात हुन्छ। यहाँका धेरै प्राचीन ऐतिहासिक प्रमाण फेला पार्न सकिरहेको छैन ता पनि पछिल्ला समयमा ऐतिहासिक पत्रहरूले रतननाथको महत्त्व धेरै पहिलेदेखि भएको देखिन्छ। दाङस्थित रतननाथ मठको पूजा, अर्चना, सदावर्त, भण्डारा आदिको खर्च चलाउन दाङ, सल्यान, फलावाङ, छिल्ली समेतका राजाहरूबाट गुठी राखिएको र अन्नादि अर्पण गर्ने प्रवन्ध भएको उल्लेख पाइएको छ (योगी, त्यही : ४८७-९०)। त्यसैले दाङका रतननाथ मठमा दाङका राजाका पालादेखि रहेको बृहत गुठीलाई पनि नेपाल सरकारबाट थामिएको छ। सोहीअनुसार नेपाल सरकारबाट लेखिएको एक पत्रमा "दाङका श्री रतननाथका मठमा घर, खेत, गाउँ अघिदेखि दाङका राजाले राख्याका मठमा चढाएका घर, खेत, गाउँ जो छ, थामी दियौ" भनिएको छ (योगी, २०१३ : ३०५)।

वि.सं. १८६६ को एक पत्रमा "चौघेरा रतननाथ थानका दै दस्तुर परापूर्वकालदेखि लाग्याको तिनीहरूले तिऱ्याको आजसम्म मोहर भै आउँदा नमिली रह्याको थियो अब फेरि परापूर्वदेखि लियाको दस्तुर नि ..... थानको पूजा गर्नु भनी लालमोहर आयो। "सधा जो रकम तिर्थ्यौ सोही बमोजिम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिर" भन्ने लालमोहरले पनि रतननाथ मठको पूजालाई निरन्तरता दिएको प्रस्ट हुन्छ (योगी, २०२२ : ४९२) ।

रतननाथ मठमा स्थित पात्रदेवताको पूजाको लागि गुठी जग्गाको व्यवस्था भएको देखिन्छ । वि.सं. १८६८ को एक पत्रमा रतननाथ मठका पाँच गाउँहरू उत्तर अम्राई, दक्षिण अम्राई, दुवीचौरा, चाघु, जलौरा रहेका छन् । यस लालमोहरले ती गाउँमा गई टन्टा वेगारी नगर भनी गोरखाली सिपाहीलाई आदेश दिएको देखिन्छ (योगी, त्यही : ४९२) । १८८३ को अर्को पत्रमा अघिदेखिको धनि पानी गरन्या जग्गा र दाङका अमलमा धूपवत्तीका दई दस्तुर अघिदेखि आजसम्म चर्चि आयाको जग्गा थामी बक्सियौं । आजसम्म चर्चि आयको गुठ दाङका अमलमध्ये दुवीचौरा, रतनपुर, जलौरा, उत्तर अम्राई, दक्षिण अम्राई, चाघु, देउपुर गाउँ परापूर्वदेखि आजसम्म चली आएको रीतिस्थिति थामिएको व्यहोरा उक्त लालमोहरमा उल्लेख गरिएको छ (योगी, त्यही : ४९३) ।

रतननाथ मठमा टहल गर्ने टमोटालाई अम्राई मौजाको बाली खानु भनी १८६७ को कागजमा उल्लेख गरिएको पाइन्छ । (योगी, त्यही : ४९२) यस कागजबाट टमोटाले रतननाथको पूजाको लागि पूजा सामग्रीहरू निर्माण गर्दथे भन्ने थाहा हुन्छ । तसर्थ सरकारी तवरबाट टमोटाले वाली खाने छुट पाएको देखिन्छ ।

रतननाथको पूजाको लागि चाहिने सामग्रीहरूमा मृत्तिका घडाको आवश्यकता पर्दथ्यो । तसर्थ सम्वत् १८७९ को लालमोहरमा घडाको उल्लेख भएको पाइन्छ (योगी, त्यही : ४९३) । यसैगरी रतननाथको पूजाको लागि भाँडा बनाउने तीन घर कामीलाई सम्वत् १९०२ (योगी, त्यही : ४९६) को कागजमा गोल झाराको टन्टा नगर भनी उर्दि दिएको देखिन्छ । यसरी रतननाथ मठसँग सम्बन्धित कामी तथा टमोटाले सहुलियत प्राप्त गरेका थिए ।

रतननाथ मठमा सञ्चालन हुने पूजाको सन्दर्भमा उल्लेख भएको व्यवस्था अनुसार १९६७ साल (योगी, त्यही : ५१२) को कागजमा गुठीको जग्गाको आम्दानीले पूजा खर्च चलाई वर्षको १२५।- रुपैयाँ जगेडा राख्नु भन्ने उल्लेख छ तर यो प्रथा आजकल हटिसकेको देखिन्छ ।

यसरी आजसम्म पनि पात्रदेवको नित्य नैमित्तिक पूजाको लागि दाङ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सल्यान, छिल्ली समेतका राजाहरूबाट गुठी राखिएका गाउँहरू नै कायम छन् । ती गाउँका जमिनबाट प्राप्त आम्दानीबाट नै पात्रदेवको पूजाको साथै वार्षिक पर्व पूजाहरू सम्पन्न हुने गर्दछ तर ती गाउँबाट प्राप्त जिन्सी कति हुन्छ सो बारेमा स्पष्ट रूपमा केही भन्न सकिँदैन ।

४.४. सिद्ध रतननाथ मठमा वर्षभरि गरिने धार्मिक कृयाकलाप

रतननाथ मठमा पात्रदेवताको नित्य पूजाको अतिरिक्त वर्षभरिमा विभिन्न पर्व पूजाहरू सम्पन्न गरिन्छ । तसर्थ यहाँ मनाइने पर्वहरूको बारेमा वर्णन निम्न बमोजिम गरिन्छ :

४.४.१ गोरक्ष जयन्ति

यस मठमा मनाइने पर्वहरूमा गोरक्ष जयन्ति पनि एक हो । बैशाख पूर्णिमाका दिन यो पर्व विशेष समारोहका साथ मनाइन्छ । गोरक्ष सिद्ध रतननाथका गुरु गोरखनाथको पावन तिथि मानिन्छ । अतः उक्त दिनमा चौघेरा रतननाथ मठका योगीहरूले बिहान सम्मानपूर्वक गोरखनाथलाई विशेष प्रकारको रोटी चढाउने कार्य सम्पन्न गर्छन् । चढाएको रोटी मठमा दर्शन गर्न आउने श्रद्धालु भक्तजनहरूलाई वितरण गरिन्छ । यस दिन मठका योगीहरूले भजन कीर्तनको कार्यक्रममा भाग लिन्छन् । यसरी गोरखनाथको पावन तिथिलाई नाथ पन्थी योगीहरूले उल्लासमय वातावरणका साथ सम्पन्न गर्दछन् ।

४.४.२ जनै पूर्णिमा

चौघेरास्थित रतननाथको मठमा श्रावण शुक्लपूर्णिमालाई विशेष महत्त्व दिइएको हुन्छ । यस पर्वलाई सम्पन्न गर्न रतननाथ मठको ७ ओटा मौजाबाट प्राप्त आम्दानीबाट नै यहाँ विशाल भण्डाराको व्यवस्था गरिन्छ । ऋषि तर्पणी आउनुभन्दा पहिले बाह्र जना योगीहरूले बाह्र मुरी चामलको रोटी पकाउँछन् । विशेष प्रकारले तयार गरिएको चामलको रोटी कालो रङको बन्ने हुनाले यस रतननाथ मठमा 'कालीरोटी' भन्ने गरिन्छ । ऋषि तर्पणीका दिन पीरले कन्याहरूलाई टीका लगाई विधिपूर्वक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथको पूजा अर्चना गरी कालीरोटीको प्रसाद चढाउने परम्परा छ। कालीरोटीको प्रसाद पात्रदेवतालाई चढाई सकेपछि समस्त साधु, अतिथि एवं सर्वसाधारणको लागि मालपुवाको भण्डारा आयोजना गरिन्छ। उक्त दिनलाई 'कालीरोटी भण्डारा' को नामले समेत पुकार्छन्। यसवाहेक उक्त रोटीलाई पूर्णिमाको दिनपछि सरकारी कार्यालयहरूमा वितरण गर्ने परम्परा रहेको छ। यस प्रसङ्गमा रतननाथ मठमा कालीरोटी वितरण गर्ने परम्परा बारेमा ऐतिहासिक कागज पत्रमा कहिँकतै उल्लेख भएको पाईंदैन तर कालीरोटी वितरण गर्ने परम्परा भने आजसम्म कायमै रहेको पाइन्छ।

४.४.३ दशैं

यहाँ मनाइने पर्वहरूमा दशैं पनि एक हो। यो पर्व पनि यहाँ धुमधामका साथ मनाइन्छ। विशेषगरी बाला सुन्दरीमाई रहेको कक्षमा दशैं पर्व सम्पन्न गरिन्छ। बाला सुन्दरीमाईलाई देवीको रूपमा लिने गरिन्छ। शास्त्रीय पद्धति अनुसार ब्राह्मणद्वारा घटस्थापना गरी जमरा राख्ने दुर्गा सप्तसती पाठ गर्ने गरिन्छ। घटस्थापनाको दिनदेखि जमरा राख्ने कार्यको शुभारम्भ हुन्छ। नाथयोगीहरूले नवरात्रसम्म अखण्ड ज्योति बाल्ने गर्छन्। नवरात्रभरि योगीहरू रातभर जागराम बस्ने गर्छन्। देवी रहेको स्थानहरूमा बलि दिने परम्परा रहेकै देखिन्छ तर यहाँ बलि नदिई नरीवल फोडी बलिको रूपमा देवीलाई चढाइन्छ।

दशमीको दिन पीरले पात्रदेवतालाई टीका चढाएपछि टिकाको कार्यक्रम सुरु हुन्छ। पीरले मर्यादाक्रम अनुसार भण्डारी, पुजारी तथा अन्य योगीहरूलाई प्रसाद स्वरूप टिका लगाउँछन्। यसरी दशैंलाई पर्वको रूपमा स्वीकार गरी धुमधामका साथ मनाउने परम्परा आजसम्म चलिरहेको छ। नाथ सम्प्रदायसँग सम्बद्ध योगीहरूले दशैंलाई पर्वको रूपमा स्वीकार गरी यस पर्वको सांस्कृतिक गरिमालाई निरन्तरता दिनु महत्त्वपूर्ण पक्ष हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४.४.४ पात्रदेवको महास्नान

हरिबोधिनी एकादशी पूर्वको रात्रीमा पात्रदेवको महास्नान पर्व सम्पन्न गरिन्छ। उक्त अवसरमा रोट प्रसाद बनाइनुका साथै सुपामा धान दली बनेका सग्ला अक्षता तयार गरिन्छ। दशमीका रात्री पात्रदेवको महास्नान गराइन्छ। त्यसपछि सम्पूर्ण वस्त्रहरू परिवर्तन गरिन्छन् र पुराना वस्त्रहरू प्रसादको रूपमा वितरण गरिन्छ।

४.४.५ फागु पूर्णिमा

फागु पूर्णिमालाई चीरदाह नामले पनि सम्बोधन गरिन्छ। यस अवसरमा प्रातः काल चीर गाड्ने स्थानमा पुजारी भण्डारी र शिरानेले पूजा गर्ने, पीर, पुजारी, भण्डारी आदिको नामबाट भेटि चढाई कायापाली पूजा गर्ने गरिन्छ र त्यही रात चीरदाह गर्ने गरिन्छ। यसलाई अर्का शब्दमा होली पर्व पनि भन्ने गरिन्छ। होलीको पौराणिक पात्र हिरण्यकश्यपकी बहिनी हुन् भन्ने वर्णन पुराणहरूमा पाइन्छ।

४.४.६ नागपञ्चमी

नागपूजाको परम्परा वैदिककालदेखि चल्दै आइरहेको छ। विश्वका विभिन्न सभ्यताहरूमा नागपूजाको प्रधानता भएको पुष्टि हुन्छ। भनिन्छ कि इजरायलका राजा योधभले नागपूजाको लागि एक मन्दिरको निर्माण गराएका थिए। नागपूजा विशेषतः श्रावण शुक्ल पञ्चमीको दिन प्रत्येक वर्ष गरिन्छ। उक्त दिन पीठोको नाग बनाई मुख्य पूजा कोठाको ढोकामा राखेर दूधको धार दिई पूजा गरिन्छ र नागका चित्रहरूमा समेत पूजा गरी ढोकामा टाँस्ने प्रचलन यहाँ पनि छ। श्रावण महिनामा शुभ साइतको आधारमा ब्राह्मणद्वारा महारुद्री गर्ने प्रचलन पाइन्छ भने औँशीमा नाथजीलाई खीरको भोज लगाइने र खीरको भण्डारा समेत लगाइने भएकाले उक्त औँशीलाई खीर औँशी भनिन्छ।

४.४.७ शिवरात्री

नाथ परम्परामा आदिनाथका रूपमा शिवलाई मानिन्छ। अर्कोतर्फ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिवलाई योगको प्रवर्तकको रूपमा लिने गरिन्छ। नाथ सम्प्रदायका योगीहरूले शिवलाई आफ्नो सम्प्रदायको संरक्षक ठानी भक्तिभाव देखाएको पाइन्छ। शिव हिन्दूहरूका आराध्य देव हुन्। शिवले नै गोरखनाथको अवतार लिएको प्राचीन गाथाहरूमा चर्चा भएको पाइन्छ। किनभने शिवले म नै गोरखनाथ हुँ। मेरै स्वरूप नै गोरखनाथ हो भन्ने विचार व्यक्त गरेका थिए (योगी, २०१६ : ५)। यसले गर्दा नाथ पन्थी योगीहरूले शिवलाई अगाध श्रद्धाको साथ हेर्छन्।

हिन्दूहरूको आराध्यदेव शिवलाई शिवरात्रीमा भक्तिभावले पूजा अर्चना गरिन्छ। यस रतननाथ मठमा पनि शिवरात्री पर्व विशेष कार्यक्रमका साथ सम्पन्न गर्ने प्रचलन छ। यस पर्व मनाउने क्रममा योगीहरू मठको पश्चिमतर्फ रहेको कटुवा खोलामा पुजारी, भण्डारी, शिराने आदि भई बहुमुल्य आभूषणसहित झारी भर्न जाने र शिवको मृतिकाको मूर्ति तयार गरी बाजा गाजाका साथ यस मठमा रहेको बट वृक्षमा विराजमान गराउँछन्। उक्त बट वृक्षमा विराजमान भएका शिवलाई योगीहरूले शिवको पूजा अर्चना गर्छन्। यस अवसरमा श्रद्धालु भक्तजनहरूले पनि शिवको भक्ति भावले पूजा अर्चना गर्छन्। यस अवसरमा मठमा आएका दर्शनार्थीहरूलाई प्रसाद स्वरूप हलुवा वितरण गरिन्छ। यसरी शिवरात्री पर्वमा यस मठमा उल्लासमय वातावरण छाएको हुन्छ।

४.४.८ पीर स्थापना

सिद्ध रतननाथ मठको महत्त्वपूर्ण पर्व पीर स्थापना हो। पीर स्थापनाको सम्बन्धमा उल्लेख भएका प्राचीन ऐतिहासिक कागजहरू प्राप्त हुन सकेका छैनन्। त्यसैले पीर स्थापना कहिले देखि सुरुवात भयो ? त्यसबारेमा कीटानका साथ भन्न सकिएको छैन। अठारौं शताब्दी देखिका ऐतिहासिक कागजपत्रमा रतननाथको उल्लेख भएका कागजहरूबाट यहाँको गतिविधिबारे थाहा हुन्छ। यस रतननाथ मठमा पीर स्थापना विशेष पर्वकासाथ सु-सम्पन्न गर्ने परम्परा छ। प्रति वर्ष फाल्गुण कृष्ण विजया एकादशीदेखि फाल्गुण शुक्लपूर्णिमातक श्रद्धालु भक्तजन एवं नाथ योगीहरूको विशेष जमघट हुने हुँदा यहाँ धार्मिक मेला लाग्दछ। प्रत्येक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष फाल्गुण कृष्ण एकादशीका दिन पीर स्थापना गर्ने प्रचलन रहेको छ। यस उपलक्ष्यमा प्रति वर्ष मठका उत्तराधिकारी मठाध्यक्षको चुनाव भेष १२ पन्थका ब्रह्मचारी नाथ योगीहरू मध्येबाट सर्वसम्मतिले गरिन्छ। पीर चयन गर्दा नैष्ठिक ब्रह्मचारी तथा नाथ सम्प्रदायमा दिक्षित भएको हुनु पर्दछ। यो पद्धति अँगाल्दा १२ पन्थीको महत्त्वपूर्ण भूमिका रहन्छ। नाथ सम्प्रदायमा दीक्षा लिएको प्रतिकात्मक रूप कानमा कुण्डल धारण गरेको हो। यसरी कुण्डल धारण गरेको नाथपन्थी योगीलाई सहजै चिन्न सकिन्छ। मठाध्यक्ष चुनेर सिद्धासन ग्रहण गराउने त्यस कार्यलाई यहाँ पीर स्थापना गर्ने भनिन्छ। यसका साथै अन्य पुजारीहरूको पनि पदस्थापन हुन्छ। यस अवसरमा भारत लगायत देश विदेशबाट पनि योगीहरूको आगमन हुन्छ।

पीर स्थापनाको दिन विशेष विधिद्वारा पात्र देवताको पूजा अर्चना गरिन्छ। श्री गोरखनाथजीको अमरपात्रको पूजा गर्दा मन्त्रहरूमा धेरै इस्लामी शब्द प्रयोग भएको पाइन्छ (योगी, २०६४ : ४)। यसले नाथ सम्प्रदायले इस्लाम भाषाका शब्दलाई आत्मसाथ गरेको देखिन्छ। सर्वप्रथम मन्दिरको ढोका बन्द हुन्छ र पीरजी पुजारीद्वारा शृङ्गारको काम हुन्छ। शृङ्गारको काम सकेपछि मठाध्यक्ष पीरद्वारा दुवै हातमा गोरक्षनाथद्वारा प्रदत्त पात्र देवता (अमरपात्र) लाई विमर्शस्थली (दलिचा) मा ल्याइन्छ र यहाँको कार्यक्रम शुभारम्भ हुन्छ। दलिचामा ल्याइएका पात्रदेवतालाई विधिपूर्वक आसन ग्रहण पीरजीद्वारा गराइन्छ। त्यसपछि हातमा देवताको छडी लिएका वृत्तघोषी (पंख) द्वारा सबै नाथयोगीहरूलाई पालैपालोसँग दलिचामा ल्याएर बसालिन्छ। आमसभा कर्णश्रृत परम्पराद्वारा एउटा सुयोग्य कुण्डलधारण गरेको नैष्ठिक, ब्रह्मचारी पीर अर्थात् मठाध्यक्षको चुनाव हुन्छ। मठाध्यक्षलाई चयन गर्ने कार्यमा बाह्रपन्थीहरू योगीहरूको प्रमुख भूमिका रहन्छ। त्यसैगरी अन्य श्री नाथ पुजारी, कालभैरव पुजारी सहित अन्यको त्यस अवसरमा चुनाव हुन्छ। निर्वाचित चार जनालाई बाह्रपन्थी योगीहरूले माल्यार्पण गर्छन् र कालभैरवको मन्दिरमा लगि अति गोप्य सपथग्रहण गराइन्छ। नव निर्वाचित पीरलाई श्री नाथजीको पोशाकद्वारा सुसज्जीत गरी पद्मासन विधिबाट पीरजी बसेको ठाउँमा ल्याइन्छ। नव निर्वाचित पीरले आसन ग्रहण गरेपछि पुरानो पीरले गद्दी छोड्नु पर्छ। यस अवसरमा पुराना पीरले नयाँ पीरलाई औपचारिक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पोशाक छोडिदिने गर्दछन्। नयाँ पीर गद्दीमा बस्न आउँदा पुरानो पीर गद्दीबाट हट्दै जानुपर्छ। हट्दै गएका पीरको गद्दीमा नयाँ पीरले आसन जमाउँछन् (कृष्णनाथ योगीसँग लिएको अन्तवार्ता)। नव निर्वाचित पुजारी सहित पीरबाट श्री नाथजीको अमर पात्र (पात्रदेव) को पूजा प्रारम्भ हुन्छ। पूजा समाप्त भएपछि नयाँ पीर एवं पुजारीद्वारा पात्रदेवतालाई विधिपूर्वक मन्दिरमा विराजमान गराइन्छ। दलिचामा बसेका सम्पूर्ण योगीहरू स्थिर आसनमा बस्दछन्। केही योगीहरूले धर्मस्नेही जनतालाई पात्रदेवको दर्शन गराउँछन्। विभूति टिका लगाई दिन्छन्।

नयाँ पीरले पदभार ग्रहण गरेपछि यहाँका विधि विधानलाई पालना गर्नुपर्दछ। जसअनुसार नयाँ पीरले वर्ष दिनसम्म जुत्ता चप्पलको प्रयोग गर्नुहुँदैन। यसैगरी यस मठको क्षेत्रभन्दा बाहिर जानुहुँदैन। पीरले पात्रदेवको कक्षलाई छोड्न नहुने। यस बाहेक पीरले वर्जित खानेकुरा तथा गृहस्थ जीवनयापन गर्न नहुने। रतननाथ मठमा चयन गरिएका पीरले एकवर्ष अर्थात् फाल्गुण कृष्ण एकादशीसम्म पात्रदेवको नित्य नैमित्तिक पूजन कार्यमा अहोरात्र निष्ठाका साथ संलग्न रहने विधान छ।

यसरी सिद्धरतननाथ मठमा रहने पीरलाई रतननाथको प्रतिनिधिको रूपमा लिने परम्परा रहिआएको छ, जुन पीरले बाह्रपन्थीहरूले दिएको जिम्मेवारीलाई बहन गर्नुपर्छ। यस चौघेरास्थित रतननाथ मठको पीर स्थापना आफ्नै खालको मौलिक विशेषताले परिपूर्ण छ। यस पीर स्थापना कार्यलाई सांस्कृतिक महोत्सवको रूपमा लिन सक्छौं। नाथ सम्प्रदायको संस्कृतिमा चौघेरास्थित रतननाथ मठको अतुलनीय योगदान रहेको छ। यस्ता सांस्कृतिक धरोहरलाई संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो।

४.४.९ धार्मिक जागरण

सिद्ध रतननाथ मठ धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण मानिएको छ। यहाँ सम्पन्न गरिने धार्मिक तथा सांस्कृतिक परम्परामा नाथ सम्प्रदायका मौलिक विषयवस्तुहरू रहेका छन्। यसै सन्दर्भमा नाथ सम्प्रदायमा दीक्षा लिनका लागि केही नियमहरू रहेका छन्। ती नियमहरूमा विवाहित व्यक्तिले नाथ सम्प्रदायमा दीक्षा लिन सक्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाथ सम्प्रदायमा दीक्षा लिनको लागि सबै जातिलाई ढोका खुल्ला गरिएको हुन्छ। यस्ता दिक्षित व्यक्तिहरूको सामाजिक हैसियत बराबर रहेको हुन्छ। यस सम्प्रदायमा दिक्षित भएका व्यक्तिहरूको खानपिन तथा अन्य उत्सवहरूमा समान अधिकार हुन्छ। यस प्रकारको पारस्परिक सद्भाव कायम भएको हुन्छ। यस सम्प्रदायले सबै वर्ण र जातिका मानिसहरूलाई नाथ सम्प्रदायमा आउन ढोका सधैँ खुल्ला राखेको हुन्छ। यसप्रकार जातिपाति र उचनीचको भावनालाई प्रश्रय नदिएकोले नाथ सम्प्रदाय प्रति सबैको आदर सद्भाव रहेको देखिन्छ। यसप्रकारको छुट्टै मौलिक विशेषता भएको नाथ सम्प्रदायको गरिमामय इतिहास कायम भएको देखिन्छ। यसरी धार्मिक क्षेत्रमा नयाँ जागरण फैलाई सम्प्रदायको इतिहासमा नौलो आयाम थपेको छ।

४.४.१० सिद्ध रतननाथ मठमा पीर स्थापनाको दिन लाग्ने मेला

सिद्ध रतननाथ मठ नाथ सम्प्रदायको प्रमुख तीर्थस्थल हो। यस धार्मिक स्थलमा पात्रदेवताको दर्शन गर्न नाथ पन्थी योगीका साथै अन्य धर्मका श्रद्धालु भक्तजनहरू पनि आउने गर्छन्। यस रतननाथ मठमा फाल्गुण कृष्ण एकादशीका दिन ऐतिहासिक मेला लाग्ने परम्परा रहेको छ। धार्मिक स्थलहरूमा मेला लाग्ने परम्परा ऐतिहासिक पृष्ठभूमिसँग गाँसिएको हुन्छ। तसर्थ यस मेलामा पनि ऐतिहासिकता छिपेको हुन सक्दछ। यहाँ प्रचलित आख्यानमा सिद्ध रतननाथ योग शिक्षाको प्रचार-प्रसारको सिलसिलामा यवनको देशमा पुगेका थिए। उनले त्यहाँ आफ्नो यौगिक चमत्कार देखाई चौघेरामा फर्केर आएपछि उक्त ऐतिहासिक दिनको सम्झनामा मेलाको शुभारम्भा भयो र यसैलाई पीर स्थापना मेलाको नामले पुकारिन थालियो। यस कथनबाट पीर स्थापनासँग मेलाको सम्बन्ध रहेको देखिन्छ। ऐतिहासिक पीर स्थापना मेलालाई स्थानीय मेलाको रूपमा मात्र नभई नेपालको एक प्रमुख मेलाको रूपमा पनि हेरिने गरिन्छ। यो भव्य मेलाबाट गुरु गोरखनाथले आफ्ना चेला सिद्ध रतननाथलाई दिएका अमरपात्रका मुख्य पुजारी, पीर, श्री नाथजीका पुजारी, कालभैरवका पुजारी लगायत सम्पूर्ण नौ नाथको चयन गरिने भएकाले यस मेलालाई पीर स्थापना 'पीरफिरे' मेला आदि भनेर भव्य रूपले मनाउन थालियो। पीर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना सम्बन्धमा यस भन्दा पहिले चर्चा भइसकेको छ ।

नाथ सम्प्रदायसँग सम्बन्धित यस रतननाथ मठमा पीर स्थापनाको पुण्य दिनमा मेला लाग्ने प्राचीन परम्परा कायम रहेको देखिन्छ । यस मेलालाई सांस्कृतिक महोत्सवको रूपमा पनि लिन सक्दछौं । पीर स्थापनाको दिनमा भक्तजनहरू पात्रदेवको दर्शन गर्न लालायित भएका हुन्छन् । पीर स्थापनाको दिनमा लाग्ने मेलालाई दाङ जिल्लाको एउटा प्रमुख पर्वको रूपमा लिने गरिन्छ । श्री नाथ मेघमालामा यस स्थानमा पीर फिर्ने दिनमा मेला लाग्ने परम्परा भएको उल्लेख गरिएको पाइन्छ (योगी, त्यही : ५१७) ।

नयाँ पीर स्थापनाको दिनलाई स्थानीय जनजिब्रोमा पीरफिरे भन्ने गरिन्छ । सम्भवतः पीर फेर्नेबाट पीरफिरे शब्दलाई स्थानीय जनजिब्रोले प्रचलनमा ल्याएको देखिन्छ । त्यसैले पीरफिरे शब्द नै बढी लोकप्रिय भएको बुझिन्छ । पीर स्थापनाको प्राचीनता धेरै परसम्म लग्न सकिएको छैन तापनि शाहकालका कागजपत्रमा पीर सम्बन्धी सन्दर्भहरूको उल्लेख भएको पाइन्छ । वि.सं. २०१२ सालको ऐतिहासिक कागजमा (योगी, त्यही : ५१३) नयाँ पीरले पुराना पीर मार्फत रतननाथ मठको सुन चाँदी बुझिलिने प्रसङ्गबाट पीर स्थापनाको ऐतिहासिक स्मरण हुन्छ । यति हुँदाहुँदै पनि मेलाको सुरुवात भएको किटानका साथ भन्न नसकेता पनि पीर स्थापनाको दिन पुण्य दिन हुने भएकाले केही मानिसहरूले पात्रदेवको साथै नयाँ पीरको दर्शन गर्न उक्त पुण्य तीर्थमा आउने परम्पराबाट कालान्तरमा उक्त दिनले ठूलो मेलाको रूप लियो होला । वर्तमान समयमा दाङवासीहरूले पीर स्थापना मेलालाई ठूलो धार्मिक महत्त्व दिएका छन् भन्नुमा अत्युक्ति नहोला ।

यस ऐतिहासिक मेलामा नेपालसहित भारतका व्यापारी आएर आफ्नो क्रय-बिक्रय गर्दछन् र मेलाको शोभा बढाउँछन् । यसका अतिरिक्त सर्वसाधारण जनता पनि आफूलाई मन परेको सामान किनेर लाभान्वित हुन्छन् । सर्वसाधारण जनता यस मेलाको उत्सुकता पूर्वक प्रतीक्षा गर्छन् । यस मेलामा श्रद्धालु भक्तजनहरू श्री गोरखनाथजी स्वरूप पात्रदेवताको दर्शन गर्दै आफूलाई धन्य सम्झन्छन् र मेलाको आनन्द लिन्छन् । यस सिद्ध पीठबाट मेलाको उचित प्रबन्ध मिलाउन पीर स्थापना मेला स्वयम्सेवक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गठन गरिएको हुन्छ। ती गठन गरिएका स्वयम्सेवकहरूले पावन पर्वमा आउने भक्तजनहरूलाई पात्रदेवको दर्शन गर्न सघाउ पुऱ्याउँछन्। मेलामा आउने भक्तजनहरूलाई पिउने पानीको प्रबन्ध गरिएको हुन्छ। यसरी यस मेलाले दाङ जिल्ला सहित नेपालको गौरवमय आध्यात्मिक परम्परालाई सुरक्षित राखेको छ। वर्तमान समयमा यस ऐतिहासिक मेलाको गौरव उत्तरोत्तर बृद्धि हुँदै गइरहेको छ। यस मेलाले नेपालको नाथ सम्प्रदायको लोकप्रियतालाई यत्रतत्र फैलाउन सक्दो सघाउ पुऱ्याएको बुझिन्छ।

४.५ पात्रदेवको देवीपाटनमा यात्रा

चौघेरा देखि ७५ कि.मी. दक्षिण छिमेकी भारतको बलरामपुर जिल्लामा पर्ने तुलसीपुर बजारभन्दा केही पर पाटेश्वरी देवीको मन्दिर छ। चौघेरास्थित रतननाथको धार्मिक सम्पर्क पाटनेश्वरी देवीसँग छ। पाटनेश्वरी देवीको मन्दिर भारतको तुलसीपुरमा छ। यस मन्दिरको स्थापना रतननाथबाट भएको हो भन्ने विश्वास गरिन्छ र चौघेरा रतननाथ मन्दिरको अधिनमा यहाँको पूजाविधि पनि चल्दै आएको छ। दाङको रतननाथ मन्दिरमा पीर स्थापना गरिसकेपछि पात्रदेवतालाई पाटनेश्वरी देवीतर्फ लैजाने चाखलाग्दो परम्परा अझै कायम छ। तदनुरूप फाल्गुण शुक्ल होली पूर्णिमाको मध्यरात नव निर्वाचित एवं पुराना पीर समेत साथ लागि गोरक्ष पात्रदेवको यात्रा बाजागाजाका साथ सजधजपूर्वक चलाइन्छ। चैत्र कृष्ण प्रतिपदाको बिहान लमहीमा पुऱ्याइन्छ। लमहीमा औंसीसम्म मुकाम गराउने र उक्त तिथिकै मध्यरातमा यात्रा चलाएर देउखुरी जमुनीवासमा चैत्र शुक्ल प्रतिपदाको बिहान पुऱ्याई दिनभर त्यही राख्ने गरिन्छ। पात्रदेवतालाई विश्राम गराइने स्थानमा पात्रदेवताको दर्शन गर्न भक्तजनहरू लालायित भएका देखिन्छन्। त्यस्तै प्रकार रातारात यात्रा चलाई द्वितीयाको प्रातःकाल कोइलावास स्थित कालिकाको मन्दिरमा पुऱ्याई दिनभर राख्ने गरिन्छ। कोइलावासमा पात्रदेवताको आगमन पश्चात् भारतको जनकपुरबाट भक्तजनहरू पात्रदेवताको स्वागत गर्न त्यहाँ आउने परम्परा रहेको छ। तृतीयाको बिहान भारतको जनकपुरमा पुऱ्याई चतुर्थीको दिनमा समेत त्यहीँ विश्राम गराउने चलन छ। जनकपुरमा रतननाथ मठको गुठी रहेको हुनाले जनकपुरमा विश्राम गराउने प्रचलन

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको हुनसक्छ तर आजकाल उक्त गुठीको आम्दानी देवीपाटनले लिने हुनाले केही रकम मात्र रतननाथ मठलाई दिएको बुझिन्छ ।

यहाँनेर उल्लेखनीय पक्ष यो छ कि जनकपुर भारत अन्तर्गत पर्ने भएकाले रतननाथ मठको स्वामित्व नभएको हुन सक्दछ । जनकपुरबाट पनि मध्यरातमै चलाइएको यात्रा पञ्चमीको प्रातः समय भारतको बलरामपुर जिल्लामा अवस्थित तुलसीपुर बजारको देवीपाटन अर्थात् पाटनेश्वरी मठ मन्दिरमा पुगेपछि त्यहाँ हर्षोल्लासका साथ धुमधाम स्वागत सत्कार गरिन्छ । सोही अवसरमा पाटन देवीका पङ्खले रतननाथ मठका पीरलाई हातमा छडी र चवर लिएर शिरमा हल्लाउँछन् । देवीपाटनमा यात्राको आगमनपछि गोरक्ष पात्रदेवको पूजा उपरान्त मात्र पाटेश्वरीको पूजा अर्चना चल्ने, पाटेश्वरी कै पूजा समेत रतननाथ कै पीर एवम् पुजारीबाट गरिनुपर्ने तथा त्यहाँ चढाइएका सम्पूर्ण भेटी चौघेरा मठकै लाग्ने प्राचीन प्रथा यद्यपि विद्यमान छ । चैते दशैंको पञ्चमीदेखि दशमीसम्म त्यहाँको पूजा बन्द भई यहाँका मठाधिसले रतननाथको पूजा गर्ने प्रचलन छ । देवीपाटनमा यस अवसरमा ठूलो मेला लाग्ने परम्परा रहेको छ । यसरी हेर्दा देवीपाटनको मेलाले लामो सांस्कृतिक इतिहास बोकेको बुझिन्छ । यस प्रचलनबाट देवीपाटनको मठ मन्दिर रतननाथ मठकै अन्तर्गत रहेको तथ्य स्पष्ट हुन्छ । ठूलो संख्यामा भक्तजनहरू आउँछन् र मेला लाग्दछ ।

रतननाथ मठका पीर तथा अन्य योगीको समक्ष पाटनदेवीका महन्तले मन्दिरको आय-व्यय प्रस्तुत गर्ने परम्परा छ । सो आय-व्यय प्रस्तुत गर्ने परम्परा रतननाथ मठका पीरलाई सम्मान भाव दर्शाएको हुन सक्दछ । देवीपाटनका महन्तद्वारा रतननाथ मठका योगीहरूलाई बिदाइ गर्ने समयमा सम्मान स्वरूप केही रकम दिने प्रचलन पाइन्छ । यसबाहेक देवीपाटनमा पात्रदेव तथा पीर समक्ष चढाइएको उपहार सबै बाह्रपन्थी योगीहरूले परस्परमा बाँड्ने गर्छन् । यसप्रकार रतननाथ मठका पीर तथा योगीहरू पाटनदेवीमा पाँच दिन विश्राम गर्छन् । एक महिनापछि पात्रदेवको फिर्ती सवारी स्वधाम दाङको चौघेरामा हुन्छ । चैते दशैंको दशमीको मध्यरातमा देवीपाटनबाट पात्रदेवको फिर्ती यात्रा प्रारम्भ हुन्छ । यात्राको क्रममा एकादशीको बिहान भारत जनकपुरमा, द्वादशीको बिहान कोइलावासमा, त्रयोदशीको बिहान जमुनिवासमा पुऱ्याइने चलन छ । जमुनिवासबाट देउखुरीमा पुगेपछि दुई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिन र त्यहाँबाट लमहीमा एक दिन विश्राम गराएर गोरक्षपात्रदेवलाई आफ्नै चौघेरा स्वधाममा भित्र्याइन्छ ।

चौघेरामा पात्रदेवलाई पुनः विराजमान गराई केही योगीहरू तीर्थ गर्न जाने गरेको पाइन्छ तर पीर भण्डारी तथा पुजारीहरू भने पात्रदेवको पूजामा संलग्न रहन्छन् (रतननाथ मठका कृष्णनाथ योगीको आधारमा) । पाटनदेवीमा पात्रदेवको यात्रा गराउने परम्पराको ऐतिहासिकताको सम्बन्धमा निश्चित रूपमा भन्न नसकिए तापनि रतननाथको योगभूमि तथा गोरखनाथकी बहिनी पाटनदेवी हुन् भन्ने विश्वास भएको हुनाले सो स्थानमा यात्रा गर्ने परम्पराको सुरुवात भएको हुन सक्ने अनुमान गरिन्छ । यसरी हरेक वर्ष हुने यो यात्राले भारत र नेपालका बिच विद्यमान ऐतिहासिक र धार्मिक सम्बन्धलाई मजबुत तुल्याएको छ । यस्तो दुवै देशबिचको सम्बन्ध नेपाल र भारत प्राचीनकालदेखि नै सांस्कृतिक रूपले एक अर्कासँग गाँसिएको बभ्न सकिन्छ । वर्तमान समयसम्म सांस्कृतिक सम्बन्धलाई निरन्तरता दिइराखेको पाउँछौं ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - पाँच

सिद्ध रतननाथ मठको कला र वास्तुकला

५.१. सिद्ध रतननाथ मठमा रहेका मूर्तिहरू

रतननाथ मन्दिरको दक्षिण कक्षमा करिब १५ फुट लम्बाई, १० फुट चौडाईका मूर्तिहरू स्थापना गरिएका छन्। ती मूर्तिहरूमा गोरखनाथ, रतननाथ, मत्स्येन्द्रनाथ आदिका मूर्तिहरू महत्त्वपूर्ण छन्। उक्त कक्षमा जान मन्दिरको उत्तरतर्फको सिँढीबाट माथि जाने सुविधा छ। माथि पुगेपछि सम्म परेको ठाउँ देखा पर्दछ, त्यही ठाउँबाट दायाँ घुमेर मूर्ति भएको कक्षमा पुगिन्छ। मन्दिरको प्रवेशद्वार र पछाडिको मुल गारोमा जडिएको सानो झ्यालबाट मात्र प्रकाशको सुविधा छ। यस कक्षको सिरानमा जमिनभन्दा केही फुटमाथि उठाई करिब ३×६ फुटको सैया बनाइएको छ। जसलाई पात्रदेवको आसन भनिन्छ। उक्त आसनमा पात्रदेवलाई राखिएको छ। पात्रदेवको आसनको ठीक अगाडि भुइँमा गोरखनाथको मूर्ति स्थापना गरिएको छ। गोरखनाथको दायाँ मत्स्येन्द्रनाथको मूर्ति स्थापना गरिएको छ। गोरखनाथको बायाँतिर स्थापना गरिएको मूर्ति गोरखनाथकै सङ्गमरमरबाट बनेको मूर्ति हो। उक्त मूर्तिलाई पद्मासनमा बसेको अवस्थामा देखाइएको छ। गोरखनाथको मूर्तिको करिब पाँच फुट अगाडि सिद्ध रतननाथको मूर्ति स्थापना गरिएको छ। सिद्ध रतननाथ तथा गोरखनाथका मूर्तिको तुलनामा मत्स्येन्द्रनाथ तथा सङ्गमरमरका गोरखनाथका मूर्ति साना देखिन्छन्।

यस कक्षमा स्थापना गरिएका मूर्तिहरूमा सर्वप्राचीन मूर्ति पात्रदेवको हुनुपर्दछ तर पात्रदेवको आकार-प्रकारबारे केही भन्न सकिँदैन। यस मठमा स्थापना गरिएका मूर्तिहरू त्यत्ति प्राचीन होइनन् जस्तो लाग्छ। मूल कक्षमा स्थापना गरिएका मूर्तिहरू प्रतिमा लक्षणअनुरूप स्थापना नभएको जस्तो देखिन्छ किनभने वास्तुकलाको सिद्धान्तअनुसार मूल मूर्ति मन्दिरको ठीक बिचमा या गारोको नजिक हुनु पर्ने हो। मन्दिरमा प्रदक्षिणा पथको सुविधा भएको देखिँदैन। स्थापना गरिएका मूर्तिहरूको दायाँ-बायाँ केही जमिन उठाइएको छ। उक्त भागमा मन्दिरसँग सम्बन्धित योगीहरू शयन गर्छन्। वास्तवमा यो कक्ष मन्दिर स्वरूपको देखिँदैन। साधारणतया यस कक्षलाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

योगीहरूको विश्राम कक्षको रूपमा लिन सकिन्छ। यहाँ निर्मित मन्दिरको स्वरूपलाई नियाल्दा मन्दिर सुनियोजित रूपमा बनेको देखिँदैन। योगीहरूको आवश्यकता तथा इच्छाअनुसार समय समयमा कक्षहरू थपेको हुन सक्दछ। यस सन्दर्भमा यस मठको पश्चिमतर्फको कक्षमा राखिएको शिव लिङ्गलाई उदाहरणको रूपमा लिन सकिन्छ।

रतननाथ मठमा स्थापना गरिएको गोरखनाथको पश्चिमाभिमुख मूर्तिलाई प्रमुख मूर्ति मान्न सकिन्छ। वर्गाकार कक्षको बिचमा लहरै (एकको अगाडि अर्को) राखिएका मूर्तिहरूको क्रममा गोरखनाथको मूर्ति दोस्रो मानिन्छ। यो मूर्तिको उचाई २४ इन्च जति छ। गोरखनाथको मूर्ति प्रवेशद्वारबाट टाढा रहेकोले यस पङ्क्तिकारले काठमाडौं गौशालाबाट पूर्व ओरालो लागि बाटोको दायाँतर्फ रहेको गोरखनाथको मूर्तिलाई आधार लिएको छ। गौशालाको पूर्व ओरालोमा रहेको मूर्ति र चौघेरामा रहेको यस मूर्तिको बिचमा निकै साम्यता रहेको देखिन्छ। गौशालाको गोरखनाथको मूर्ति मल्लकालीन समयको मान्न सकिन्छ। मल्लकालीन गोरखनाथको मूर्ति काठमाडौं उपत्यकामा अन्यत्र प्राप्त गर्न सकिएको छैन। यसरी एकै शैलीमा निर्मित दुईवटा मूर्तिहरू काठमाडौं देउपाटन क्षेत्र र दाङको चौघेरास्थित रतननाथ मठमा प्राप्त हुनुले विशेष महत्त्व राख्दछ। गोरखनाथको कमलको फूलमाथि सर्पको आसन बनाई पद्मासन मुद्रामा बसेको देखिन्छ। चतुर्वाहु गोरखनाथको मूर्तिमा दायाँ माथिल्लो हातमा डमरु तथा दायाँ तल्लो हातमा अक्षयमाला जपेको अवस्थामा प्रस्तुत गरिएको छ। त्यसैगरी बायाँ माथिल्लो हातमा त्रिशुल लिएको र बायाँ तल्लो हातमा पुस्तक लिएको देखाइएको छ। पाखुराहरूमा अक्षयमाला र नाडीहरूमा सर्पका गहनाहरू पहिरेको देखाइएको छ। बुट्टेदार कमरबन्ध र घुँडासम्म धोती पहिरेको देखिन्छ। घाँटीमा बुट्टेदार हार कानमा कुण्डल, शिरमा एकसरो मुकुटको प्रयोग भएको पाइन्छ। कलाकारले केही हदसम्म केश विन्यास भएको देखाउन सफल भएको देखिन्छ। गोरखनाथलाई पछाडिबाट नौ वटा शिरयुक्त नागले ओढाइएको छ। यसरी पृष्ठ भागमा नौ वटा नागको प्रयोगले कलाकारले यस मूर्तिलाई लालित्य दिन सफल भएको मान्न सकिन्छ। गोरखनाथको यस मूर्तिमा गोलो अनुहार बाहिर फुकेको आँखा स्वाभाविक किसिमको कानको लम्बाई तथा कानको पछाडि ज्वालायुक्त फूलको प्रयोगबाट मल्लकालीन विशेषता स्पष्ट झल्कन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखनाथको दायाँ-बायाँ माथिबाट तल लहरै पाँचवटा स-साना मूर्तिहरू निर्माण गरिएको छ। यी स-साना मूर्तिहरू सबै कमलाशनमा राखी प्रत्येक मूर्ति गवाक्षभित्र रहेको जस्तो आभाष दिन खोजेको देखिन्छ। सबैभन्दा माथि दायाँ-बायाँ चन्द्र र सूर्यको मूर्ति निर्मित छन्। दायाँ चन्द्र मूर्तिको तल विष्णुको मूर्ति निर्मित छ र दायाँ माथिबाट चौथो मूर्ति गणेशको मूर्ति रहेको छ र बायाँ माथिबाट पाँचौं मूर्ति हनुमानको मूर्ति रहेको छ।

गोरखनाथको आशनको दायाँ, बायाँ, तल क्रमशः पद्माशनमा बसेका हातमा डण्डा लिएको मूर्ति र पद्माशनमा बसी स्तुति गरिरहेका पुरुष मूर्तिहरू, मूर्तिको तल्लो भागमा जटाधारी कुण्डल लगाएका विभिन्न यौगिक मुद्रामा बसेका नौ वटा पुरुष मूर्तिहरू लहरै रहेका देखिन्छन्।

यहाँ उल्लेख गरिएका मूर्तिहरूको अध्ययन गर्दा काठमाडौंका कलाकारबाट गोरखनाथका मूर्तिहरूको निर्माण गरी रतननाथ मठमा स्थापना हेतु लगेको हुनुपर्छ। सायद पछि हुने खोजकार्यबाट यथार्थतातिर पुग्न सकिएला।

५.२. सिद्ध रतननाथको मूर्ति

गोरखनाथ मूर्तिको आठ फुट अगाडि रतननाथको मूर्ति स्थापना गरिएको छ। उक्त मूर्ति जमिनको सतहभन्दा एक फुट माथि उठाइएको छ। यो मूर्ति कालो प्रस्तरबाट बनेको देखिन्छ। प्रभामण्डलयुक्त रतननाथको मूर्ति पद्माशनमा निर्मित छ। यस मूर्तिको दायाँ हातमा पुस्तक र दुवै हातले पात्र लिएको अवस्थामा रहेको छ। रतननाथको शिरमा चोसो परेको टोपीको प्रयोग भएको छ। प्रभामण्डलमा विभिन्न बुट्टाहरूको प्रयोग गरिएको छ। यसको छेवैमा अग्निज्वाला प्रतिबिम्बित गरिएको छ। ध्यान मुद्रामा अवस्थित यस मूर्तिमा अभिलेख उत्कीर्ण गरिएको छ। तर यसमा भएको अभिलेख यस पङ्क्तिकारले पढ्ने अवसर प्राप्त गर्न सकेन।

५.३. भैरव मूर्ति

मूल मन्दिरको उत्तर कक्षमा भैरवको मूर्ति निर्मित छ। यस भैरवको मूर्ति। चतुर्वाहुयुक्त छ। माथिल्लो दायाँ हातमा नरमुण्ड धारण गरेको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ भने तल्लो दायाँ हातले पात्र लिएको छ। यसैगरी माथिल्लो बायाँ हातले डमरु लिएको छ भने तल्लो बायाँ हातले खट्बाँग धारण गरेको छ। भैरवको मूर्तिमा प्रयोग गरिएका आभूषणहरूमा गलामा सर्पको माला र चारै भुजामा बाजु प्रयोग गरिएको छ। दुवै गोडामा सर्पको गहना आभूषणको रूपमा प्रयोग गरिएको छ। यस काल भैरवको मूर्तिमा प्रयोग गरिएको धोती तथा धोतीको मुजा चुनादार भई अगाडिपट्टि पट्टयाइएको छ। यस मूर्तिको उचाई करिब अठार इन्च जति छ। यस भैरव मूर्तिलाई लामो दुरीबाट अवलोकन गरिएको हुँदा यस मूर्तिको शैलिगत विशेषतालाई स्पष्ट रूपबाट उल्लेख गर्न सकिएको छैन। यो भैरवको मूर्ति नभई महाँकालको हुन धेरै सम्भव छ किनभने समपाद आशनमा उभिएको र खटबाङ्ग पात्र लिएको यस मूर्तिका हात गोडा छोटा देखिन्छन्। यस्ता खालका मूर्ति बहालको प्रदेशद्वारमा राखिन्छन्। त्यसैले यहाँ राखिएको भैरवको मूर्तिले महाँकालका मूर्तिसँग नजिकको सम्बन्ध राखेको हुन्छ।

५.४. शिवलिङ्ग

मूल मन्दिरको पश्चिम बाँयातिर रहेको सानो कक्षमा एउटा सानो शिवलिङ्ग स्थापना गरिएको छ। कक्षको करिब करिब बिच भागमा स्थापना गरिएको यो शिवलिङ्ग साधारण खालको छ। कालो प्रस्तरमा निर्मित शिवलिङ्ग केही समय अगाडि मात्र स्थापना गरिएको हो। उक्त शिवलिङ्ग जमिनभन्दा करीब ३ फुटको सतह उठाई स्थापना गरिएको छ। शिवलिङ्ग जलहरीयुक्त छ। शिवलिङ्गको दायाँ करिब ६ फुट लम्बाईको त्रिशुल गाडिएको छ। यहाँका पुजारीको भनाइ अनुसार शिवलिङ्ग भएको स्थानमा नित्य पूजाबाहेक अरू विशेष केही धार्मिक क्रिया गरिँदैन। शिवलिङ्गको स्वरूप हेर्दा ज्यादै आधुनिककालमा बनेको भान हुन्छ।

यस बाहेक मूल मन्दिरको पश्चिम उत्तर कक्षमा बालासुन्दरीको मूर्ति रहेको छ। यस मन्दिरमा नाथ योगीहरूको कर्मकाण्ड सम्बन्धी काम हुन्छ। यसैगरी मूल मन्दिरको अगाडि आगनमा पीर फेर्ने दलिचा छ। यो आधुनीक नेपाली शैलीमा बनेको छ। यो पीर फेर्ने कार्यको लागि निर्मित विशेष मञ्च हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५.५. रतननाथ मन्दिरको वास्तुकला

दाङ उपत्यकामा चर्चित धार्मिक स्थलहरूमध्ये रतननाथको मठ पनि एक हो । दाङ उपत्यकाभित्र रहेका अम्बिकेश्वरी मन्दिर, धारपानीको शिवलिङ्ग आदि धार्मिक स्थलहरूमा विशिष्ट वास्तुकला भएको पाउँदैनौं । अम्बिकेश्वरी मन्दिरको वास्तुकला तले शैलीमा आधारित छ । काठमाडौं उपत्यकाको बहुचर्चित तले शैली सुदूरपश्चिमसम्म पनि पुगेको देखिन्छ । यसरी तले शैली नेपाली वास्तु शैलीमा प्रयोग हुनु नौलो कुरा होइन । यो नेपाली शैली नेपालको आफ्नै मौलिक शैली हो ।

रतननाथ मन्दिरको वास्तुकलाको बारेमा चर्चा गर्दा यो मन्दिर वास्तुकला विधानअनुसार निर्माण भएको देखिँदैन किनभने वास्तु विधानअनुसार गर्भगृह मन्दिरको ठीक बिचमा हुनु पर्दछ तर यस मन्दिरभित्र गोरखनाथ तथा रतननाथका मूर्ति वर्गाकार कोठामा लहरै एक पछि अर्को स्थापना गरिएको पाइन्छ । रतननाथ मन्दिरको निर्माणको इतिहास ऐतिहासिक सामग्रीको अभावले त्यत्ति प्राचीनतातिर लग्न सकिएको छैन । धेरै पछिल्ला कालका ऐतिहासिक कागजपत्रमा यस मन्दिरको अस्तित्त्व भएको धूमिल चित्र देखा पर्दछ । दाङ चौघेराको उक्त मन्दिर बन्नुभन्दा अगाडि एउटा सानो मन्दिर मात्र यहाँ बनेको थियो । सम्पूर्ण पूजा आजा यसमा नै गरिन्थ्यो । सम्वत् १८९१ को कागजपत्रमा गुठीका रैतीलाई काठ, चुन, ढुङ्गा मन्दिरको निर्माण गर्न पुऱ्याइदिने काम गर भनी लेखेको कागजबाट थाहा हुन्छ (योगी, त्यही : ४९७) । यसबाट चौघेराको देवालय भत्किएकोले नयाँ मन्दिर निर्माण गर्न आवश्यक भएको देखिन्छ । सो मंन्दिर निर्माण गर्दा चुन, ढुङ्गा, काठको प्रयोग भएको पाइन्छ ।

रतननाथको मन्दिर पश्चिमाभिमुख छ । मन्दिरको मूल गर्भगृहमा पुग्न प्रस्तरका केही खुट्किला चढेर पार गरेपछि खुल्ला ठाउँ देखापर्दछ । त्यहाँबाट दायाँ घुमेर आधा फन्को प्रदक्षिणा गर्दै जाँदा मन्दिरको मूल प्रदेशद्वार पुगिन्छ । प्रवेशद्वार साधारण किसिमको छ । यस मन्दिरमा तोरणको प्रयोग भएको पाइँदैन । मन्दिरको उचाई करिब २५ फुट छ । पश्चिमाभिमुख यस मन्दिरको अगाडि दायाँ-बायाँ दुईवटा ठूला गवाक्ष देखापर्दछन् । वास्तवमा ती गवाक्ष नभएर मन्दिरभित्र अवस्थित धुनीको धुँवा जाने चिम्नी हो । ती चिम्नी मन्दिर वास्तुकलाका अभिन्न अङ्गको रूपमा रहेको भान हुन्छ । यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरमा पूर्वतिर सामान्य दुईवटा भ्याल छन् । त्यसैगरी पश्चिमतर्फ दुईवटा ढोका छन् । त्यसमध्ये एउटा मूल ढोका मानिन्छ भने अर्को ढोका भैरवको मूर्ति रहेको ढोका हो ।

मन्दिरको माथिल्लो भाग सोतो परेर सोहरिएर माथि गएको छ । यस मन्दिरको स्वरूपलाई शिखर शैलीको मन्दिरको जस्तो माथि तिरको भागलाई शिखराकार रूप दिई चुल्याउँदै लगेको देखिन्छ । यस मन्दिरको माथिल्लो भागमा आमलकको प्रयोग भएको पाइन्छ । आम्लकमाथि कलश र कलशमाथि गजुरको प्रयोग भएको छ । यस मन्दिरको स्वरूपलाई हेर्दा यसमा कुनै अलङ्करणको प्रयोग भएको पाइँदैन । रतननाथको मन्दिरको प्राचीन स्वरूप प्रमाणको अभावले भन्न कठिन छ तर यसको प्राचीन स्वरूप साधारण कुटीको रूपमा रहेको हुनुपर्दछ । कालान्तरमा केही दशक अगाडि आधुनिक मठको निर्माण भई त्यसको माथिल्लो भागलाई देवदेवी राख्ने कक्षहरूको निर्माण भएको जस्तो लाग्दछ । माथिल्लो भागका देवदेवीहरूका कक्षहरूका सामुन्ने मठका योगीहरूले निवासको रूपमा प्रयोग गरेको देखिन्छ । यसरी सिद्ध रतननाथ मठलाई मन्दिर वास्तुकलाको स्वरूपमा रहेको देखिँदैन । किनभने मन्दिर वास्तुकलाका अङ्गहरूमा प्रयोग हुने विधिको यहाँ कमी भएको पाइन्छ । पात्रदेव रहेको कक्षलाई मध्यनजर राख्दै अन्य कक्षहरू आफ्नै मठको आवश्यकताअनुसार समय समयमा थपिँदै गएका छन् । यसबाट यो मन्दिर वर्तमान स्वरूपमा देखापरेको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद - छ

सिद्ध रतननाथ वरपरका पुरातात्त्विक स्थलहरू

६.१. विषय प्रवेश

पुरातत्त्वको अध्ययन क्षेत्रभित्र कला तथा वास्तुकला मात्र नभई प्राचीन भग्नावशेषहरू पनि पर्दछन्। ती प्राचीन खण्डहरभित्र नै अतितको इतिहास लुकेको हुन्छ। त्यस्ता स्थानहरूबाट प्राप्त पुरावशेषहरूबाट नै मानव संस्कृतिको रेखा कोर्न सकिन्छ। अतः पुरातात्त्विक स्थलहरूबाट प्राप्त पुरावशेषहरू नै पुरातत्त्वका महत्त्वपूर्ण स्रोतहरू हुन्। पुरातात्त्विक स्थलहरूको अध्ययन गर्दा धेरै विधिहरूलाई अपनाउनु पर्दछ। ती अपनाउने विधिहरूमा जनश्रुति पनि एउटा हो। यस्ता आख्यानहरूमा केही सत्यता पनि लुकेको हुन्छ तर ती आख्यानलाई इतिहास निर्माणको क्रममा आँखा चिम्लेर प्रयोग गर्नुहुँदैन। प्राप्त सामग्रीहरूबाट त्यस्ता जनश्रुतिलाई पुष्टि गर्नसके मात्र तथ्यपूर्ण इतिहास पत्ता लगाउन सकिन्छ। विश्वको पुरातत्त्वको इतिहासमा कतिपय जनश्रुतिले पुरातात्त्विक स्थलहरूलाई पत्ता लगाउन पुरातत्त्वविद् सक्षम भएका छन्।

वस्तुतः पुरातत्त्वले यस्ता प्राचीन वस्तुको अध्ययन गर्दछ जुन वस्तु महत्त्वहीन भएर फ्याँकिएका हुन्छन्। वास्तवमा ती वस्तु पुरातत्त्वको निम्ति वरदान सावित भएका हुन्छन्। यस्ता पुरावशेषहरूको प्राप्तिले मानव संस्कृतिको निश्चित समयको क्रम मिलाउन सहायक सिद्ध हुन्छ।

६.२. सिद्ध रतननाथ मठ वरपरका पुरातात्त्विक स्थलहरू

सिद्ध रतननाथ मठ नाथ सम्प्रदायको प्रतिनिधित्व गरेको स्थल हो। सिद्ध रतननाथ मठ चौघेरा नामक स्थानमा अवस्थित छ। यो चौघेरा नामक स्थान पूर्व, पश्चिम, उत्तर तथा दक्षिण जाने चारै दिशाको बाटाको बिचमा रहेकाले चौघेरा नाम रहेको भन्ने स्थानीय कथन छ। अर्को प्रचलित जनश्रुतिअनुसार यस स्थानमा प्राचीन समयमा दरबार रहेको थियो र त्यस दरबार वरिपरि चारवटा किल्लाहरू थिए। उक्त चारवटा किल्लाको प्रचलित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नाम चौघेरा रहन गएको हो (योगी विजयनाथसँगको अन्तरवार्ता) । हुन पनि सामरिक दृष्टिकोणले राजदरबार वरपर किल्लाहरू रहने गर्छन् तर उक्त स्थलमा राजदरबार तथा किल्लाको कुनै भग्नावशेष रहेको देखिँदैन ।

रतननाथ मन्दिरको पश्चिम दिशा अर्थात् केही कदम भित्र प्राचीनतम ढिस्को अवस्थित छ तर वर्तमान समयमा उक्त स्थान ढिस्कोको रूपमा रहेको देखिँदैन । बरु उक्त स्थान जमिनको सतहसँग करिब करिब मिल्न खोजेको देखिन्छ । अतः उक्त स्थानलाई प्राचीन ढिस्कोको रूपमा प्रमाणित गर्न उत्खननको आवश्यकता पर्दछ । यो स्थलको प्राचीन गाथा साहित्यिक तथा जनश्रुतिमा प्राप्त भएकोले यसमा सत्यता भएको आभाष हुन्छ । यस प्राचीन ढिस्कोको सम्बन्धमा स्थानीय बुढापाकाको भनाइअनुसार कुनै समयमा एउटा राजाले राज्य गर्दथे (राजाको नाम थाहा नभएको) । उनी रतननाथका परमभक्त थिए । यसका साथै ती राजाले निवासको लागि राजदरबारको निर्माण गराएका थिए तर वर्तमान समयमा यहाँ राजदरबारको कुनै अस्तित्त्व देखापर्दैन । भविष्यमा हुने खोजले राजदरबारको अस्तित्त्व बारेमा नयाँ विषयको निर्माण होला ।

दाङका छिमेकी सल्यान र जाजरकोटका राजा नेपालका सहयोगी थिए तर दाङचाहिँ नेपालका विरोधी प्यूठान, जुम्ला, अछाम, डोटी आदिको पक्षमा थियो । वि.सं. १८४३ मा सल्यानबाट विलास कुमारीले नेपाल दरबारलाई लेखेको एउटा पत्रमा दाङ, रुकुम र जाजरकोटलाई मिलाएर सुभान शाही (जुम्लाका चौतरीया काजी) ले सल्यानमाथि आक्रमण गर्न आँटेको उल्लेख छ (योगी, त्यही : ४०१) । तर पछि जाजरकोटले हात झिकेकाले यो आक्रमण नभएको बुझिन्छ ।

बहादुर शाहले मुख्तियारी सम्हालेको अवस्थामा दामोदर पाण्डे र जगजित पाण्डेको नेतृत्वमा गएको नेपाली सेनाले वि.सं. १८४३ मा दाङलाई नेपाल अधिराज्यमा समावेश गरेका थिए । यसप्रकार दाङ विजय गरी पूर्व प्रतिज्ञाअनुसार वि.सं. १८६१ म विलास कुमारीलाई दाइजो दिइयो (योगी, त्यही : ४०९) किनभने सल्यानमा पृथ्वीनारायण शाहका जुवाई कृष्ण शाहको राज्य थियो तर भगौडा राजाहरू दाङको चौघेरामा जम्मा भै सल्यानलाई घेरा दिन आउँदा हस्तदल शाहीले ती राजाहरूलाई धपाएका थिए (योगी, २०१३ : ४३८) । यसबाट दाङ एक स्वतन्त्र राज्य थियो । जहाँ राजाले राज्य गर्दथे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने प्रष्ट हुन्छ। यसरी ऐतिहासिक कालमा दाङको चौघेरा राजधानीको रूपमा रहेको थियो भन्ने अनुमान हुन्छ।

६.३. रतननाथ मठको उत्तरपट्टिको तलाउ

रतननाथ मठको उत्तरपट्टि एउटा तलाउ देखापर्दछ। यस तलाउको सम्बन्धमा केही जनश्रुतिहरू प्रचलित भएको पाइन्छ। यस तलाउलाई वर्तमान समयमा हात्ती खौवा नामले सम्बोधन गरिन्छ। यहाँ प्रचलित जनश्रुतिअनुसार रतन नामक हात्ती उक्त पोखरीमा नुहाउने गर्दथ्यो। जङ्गबहादुर यस क्षेत्रमा यात्रा गर्ने क्रममा चौघेरा मठका योगीहरूले रतन नामक हात्तीलाई खानको लागि जमिनको माग गरेका थिए। जङ्गबहादुरले रतनपुर नामक गाउँको जमिन गुठीको रूपमा प्रदान गरेका थिए (विजयनाथ योगीसँगको कुराकानी)। आजसम्म उक्त गाउँ रतननाथ मठको स्वामित्वमा रहेको छ।

रतन नामक हात्तीले स्नान गर्ने तलाउ करिब २० फुट जति गहिरो छ। यस्तै १८ फुट लम्बाई र चौडाई १४ फुट छ। उक्त तलाउलाई आजकल हात्ती खौवा नामले सम्बोधन गरिन्छ। आजकल हात्ती खौवा सुकेको अवस्थामा छ। यसरी हात्ती खौवाको सम्बन्धमा प्रचलित जनश्रुतिले उक्त स्थलको प्राचीनतालाई सङ्केत गरेको देखिन्छ। यसबाहेक यहाँ भएका प्राचीन वस्तुहरूमा धेरै पुरानो गोलैचीको बोटनेर धेरै वर्ष अघि निर्माण सम्पन्न गरिएको इनार रहेको छ। यहाँ रहेको गोलैचीको रुख १६०० वर्ष पुरानो भएको स्थानीय बुढापाकाहरूको भनाइ रहेको छ। यस्ता प्राचीन महत्त्वका निधिहरूलाई खोज गरी प्रकाशमा ल्याउन सकिएमा रतननाथ मठको गौरवमय इतिहासलाई सम्वृद्ध गराउन सकिने कुरामा कुनै दुईमत नहोला।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहार

शैव धर्मको इतिहासमा नाथ सम्प्रदायको बैग्लै स्थान रहेको छ। नाथ सम्प्रदायले नेपालको भूमिमा ठूलो प्रभाव कायम गरेको देखिन्छ। अन्य सम्प्रदायसरह शैव उपासनासँग सम्बन्धित नाथ सम्प्रदाय पनि प्राचीनकाल देखि नै नेपालमा प्रचलित भएको पाइन्छ। नाथ सम्प्रदायका ग्रन्थहरूमा मत्स्येन्द्रनाथ तथा गोरखनाथको नाम उल्लेख हुनु महत्त्वपूर्ण पक्ष हो किनभने मत्स्येन्द्रनाथ तथा गोरखनाथले नाथ सम्प्रदायको विकासमा खेलेको भूमिका यस प्रसङ्गमा अनुकरणीय देखिन्छ। गोरखनाथका गुरु मत्स्येन्द्रनाथले योग संस्कृतिको प्रचारको लागि अहम् भूमिका खेलेको बुझिन्छ। योगको बलमा नाथ सम्प्रदायले विश्वको विभिन्न भूभागमा सिङ्गो जनमानसलाई आकर्षित गर्न सफल भएको थियो। कैयौं सिद्ध योगीहरूले आफ्नो चमत्कारपूर्ण सिद्धि सम्पूर्ण मानव मात्रको भलाइका लागि प्रयोग गरेको इतिहास साक्षी छ। चौरासी सिद्धमध्ये नवौं सिद्ध गोरखनाथले योगमार्गको ठूलो धार्मिक आन्दोलन छेडेका थिए। नाथ सम्प्रदायलाई ठूलो उचाइको शिखरमा पुऱ्याउनमा गोरखनाथको ठूलो देन देखिन्छ। गोरखनाथले नाथ सम्प्रदायको प्रसारमा भारतका विभिन्न भूभागको भ्रमण गरेको कुरा नाथ सम्प्रदायका ग्रन्थहरूमा चर्चा गरिएको पाइन्छ। गोरखनाथका विचारहरू सिङ्गो मानव समाजको आध्यात्मिक र चारित्रिक विकासको लागि उभिएका देखिन्छन् किनभने गोरखनाथको दर्शन अनुभव र साधनाको दर्शन हो। वास्तवमा नेपालले सिद्धहरूलाई इतिहासको विभिन्न कालखण्डमा सम्मान प्रदान गरेको इतिहासको अध्ययनबाट थाहा हुन्छ। त्यसैले सिद्धहरू नेपाली भूमिमा अत्यन्तै रमाएकों बुझिन्छ। गोरखनाथ भन्नासाथ नेपालीहरू स्वतः परिचित छन्। गोरखनाथले नयाँ धार्मिक आन्दोलनको सुरुवात गरेका थिए। उनीद्वारा चलाइएको आन्दोलन मानव मात्रको भलाइको लागि चलाइएको आन्दोलन थियो। गोरखनाथले शुभारम्भ गरेको धर्ममा सबै सम्प्रदायका मानिस अटाउन सक्दथे। इस्लामको सुफी सम्प्रदायले नाथ सम्प्रदायका विचारलाई अँगाल्नु एउटा गतिलो उदाहरण हो।

गोरखनाथले प्रचलनमा ल्याएको धार्मिक मतमा योगलाई प्रमुख स्थान दिइएको थियो। गोरखनाथले नाथ सम्प्रदायमा योगको संस्कृतिको बिजारोपण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका थिए । वास्तवमा गोरखनाथमा विद्वता तथा उच्च योगको आदर्शका गुणहरू समाहित थिए । यिनै आदर्शका कारण उनले विभिन्न सम्प्रदायका मानवहरूलाई एउटै सूत्रमा बाँध्न सफल भएका थिए । सबै युगमा गोरखनाथ नाथ सम्प्रदायका रत्नको रूपमा पूजित भएका देखिन्छन् । नेपालका वंशावली तथा जनश्रुतिहरूमा गोरखनाथका गाथाहरू प्रशस्त सुन्न पाइन्छ । ती साहित्यहरूले गोरखनाथको महिमा गाएका छन् । गोरखनाथको उत्पत्ति गोरखामा भएको वंशावली साहित्यमा वर्णन भएको पाइन्छ । पृथ्वीनारायण शाहले गोरखनाथबाट वरदान पाएर नेपाल एकीकरणको अभियानमा सफलता प्राप्त गरेको कथा हामी सबैले सुनेका छौं । गोरखनाथलाई हामी जुन रूपमा प्रस्तुत गर्दछौं वा जान्दछौं वास्तवमा त्यो रूप किंवदन्तीको रूप हो । उनको ऐतिहासिक रूपलाई चमत्कारका अनेक किंवदन्तीले यसरी ढाकिदिएका छन्, जसबाट हामी वास्तविक रूप सम्म पुग्न सक्दैनौं ।

मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने दाङ जिल्ला ऐतिहासिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपूर्ण स्थान हो । दाङ राज्यको स्थापना कहिले भयो र यसमा कुन कुन वंशका राजाहरूले कहिले राज्य गरे ? भन्ने कुरा ऐतिहासिक प्रमाणका अभावमा यकिन हुन सकेको छैन । तर दाङमा विभिन्न राजाहरूले राज्य गरेको इतिहासबाट थाहा हुन्छ । जनश्रुतिहरूका आधारमा कतै सुकौराका थारु राजा दङ्गीशरण र कतै दानसिंह दनुवार भनी चर्चा गरिएको सुन्न पाइन्छ । तर यी राजाहरूको ऐतिहासिकतालाई सिद्ध गर्ने सामग्रीको अभाव देखिन्छ । तर यस कुरामा सन्देह छैन कि दाङका पुराना वासिन्दा थारुहरू नै हुन् । यहाँ थारुहरूले नै सभ्यताको विकास गरेका थिए । राजा पुण्य मल्लको कनक पत्रमा दाङका थारु मुखियाहरू समेतलाई सम्बोधन गरिएको पाइएको छ ।

पृथ्वीनारायण शाहका पुत्र बहादुर शाहले दाङमा आक्रमण गर्नु भन्दा पहिले दाङ स्वतन्त्र राज्यको रूपमा रहेको इतिहासबाट थाहा हुन्छ । दाङमा शासन गर्ने राजाहरूको वंशक्रम उल्लेख गर्न नसकिए तापनि यो दाङ राज्य शाह वंशभन्दा पहिलेदेखि अस्तित्त्वमा रहिरहेको इतिहासको अध्ययनबाट थाहा हुन्छ । दामोदर पाण्डेको नेतृत्वमा गएको नेपाली सेनाले वि.सं. १८४३ मा दाङ माथि विजय प्राप्त गऱ्यो । यसपछि दाङ राज्य नेपाल राज्यमा गाभियो । पछि यो राज्यको सम्पूर्ण अधिकार सल्यानी राजालाई दिइएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

थियो । दाङलाई धार्मिक स्थलको रूपमा चिनारी गराउनमा विभिन्न पौराणिक साहित्यहरू उपयोगी सिद्ध भएका छन् । त्यसैले दाङले धार्मिक महत्त्व बोकेको स्थलको रूपमा प्रसिद्धि कमाएको छ ।

चौघेरा स्थित रतननाथ मठलाई सांस्कृतिक धरोहरको रूपमा लिन सकिन्छ । त्यसैले यस स्थलमा नाथ संस्कृतिको बिजारोपण गर्ने श्रेय रतननाथलाई नै जान्छ । रतननाथ दाङ जिल्लाको सवारीकोटमा बसी राज्य गर्दथे भन्ने जनश्रुतिबाट थाहा हुन्छ । कालान्तरमा उनी नाथ सम्प्रदायको दीक्षा लिई चौघेरामा पात्र देवताको स्थापना गरी देश विदेशमा योग सिद्धिले लोकप्रिय भएका थिए । त्यसैबेलादेखि चौघेराले नाथ सम्प्रदायको रूपमा प्रसिद्धि कमाएको छ । वास्तवमा रतननाथको महत्त्व धार्मिक क्षेत्रसँग गाँसिएको छ । रतननाथले नै गोरखनाथबाट प्राप्त गरेको पात्रदेवलाई ग्रहण गरी चौघेरामा स्थापना गरेको विश्वास गरिन्छ । पात्रदेवको स्थापनापछि रतननाथ मठमा धार्मिक गतिविधिहरूको शुभारम्भ भएको हुनु पर्छ ।

रतननाथलाई ऐतिहासिक व्यक्तिको रूपमा पुष्टि गर्ने सामग्रीको अभाव भए तापनि यस स्थलमा आजसम्म प्रचलित लामो परम्परा तथा रतननाथ मठको अस्तित्व विद्यमान भएको हुँदा रतननाथको परिचय प्राचीनकालदेखि नै थियो भन्ने कुरामा केही शङ्का गर्ने ठाउँ रहँदैन । सिद्धहरूको सम्बन्ध प्रायः जनश्रुतिमा आधारित रहने गरेकाले रतननाथको समय निश्चित गर्न सकिएको छैन । रतननाथको सम्बन्धमा पुरातात्त्विक तथा ऐतिहांसिक सामग्रीहरू प्राप्त गर्नसकेमा रतननाथलाई ऐतिहासिक व्यक्तिको रूपमा स्थापित गराउन बलियो आधार तयार हुने थियो । विभिन्न विद्वानहरूले रतननाथको समय सातौं शताब्दी देखि पन्ध्रौं शताब्दीसम्म हुनसक्ने विचार व्यक्त गरेका छन् । विद्वानहरूबाट उल्लेख गरिएका समयमा निकै विरोधाभाष पाइने गर्दछ, जसले गर्दा उनको निश्चित समयको बारेमा आजसम्म अन्तिम टुङ्गोमा पुग्न सकिएको छैन ।

रतननाथले सिद्धि प्राप्त गरेपछि चौघेरामा पात्र देवतालाई स्थापना गरेका हुन् भन्ने जनश्रुति प्रचलित रहेको छ । तर यस कथनलाई पुष्टि गर्न लिखित सामग्रीको अभाव रहेको छ । पात्रको स्परूप बारेमा भन्नका लागि हामीसँग वैज्ञानिक आधार केही छैन किनभने रतननाथ मठमा स्थापित पात्रलाई हेर्न निषेध छ । तर पात्रको स्थापना यस मठमा भएपछि यहाँ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक मूल्य र मान्यता स्थापित भैराखेको हुनुपर्दछ। नाथ सम्प्रदायका महत्त्वपूर्ण स्थलहरूमध्ये चौघेराको रतननाथ मठले प्राचीन गौरवलाई कायम राखेको छ भन्नुमा कुनै दुईमत नहोला। हुन त कर्णाली प्रदेशका कतिपय स्थलहरू नाथ सम्प्रदायसँग सम्बद्ध रहेका देखिन्छन्। मध्यकालको नेपालको इतिहासमा कर्णाली प्रदेशले छुट्टै स्थान राख्न सफल भएको देखिन्छ।

रतननाथ मठको बारेमा परिचय दिने ऐतिहासिक सामग्रीहरूमा शाहवंशका शासकहरूबाट रतननाथ मठको नाममा जारी भएका लालमोहर नै हुन्। ती लालमोहरबाट रतननाथ मठमा प्रतिदिन सम्पन्न हुने प्राचीन नित्य पूजाको लागि भएका व्यवस्थालाई नै निरन्तरता दिएको देखिन्छ। शाहवंशले यस्ता प्राचीन मठ मन्दिरलाई बचाउनमा अहम् भूमिका खेलेको देखिन्छ। अतः शाहवंशका राजाहरूबाट रतननाथ मठको संरक्षणको लागि समय समयमा जारी भएका लालमोहर नै प्रमाणको रूपमा रहेका छन्।

रतननाथ मठमा प्रतिदिन सम्पन्न हुने पात्रदेवको गोप्य पूजा यहाँको मौलिक संस्कृति हो। तर यस मठमा प्रतिदिन हुने पूजा पद्दतिलाई हेर्न नमिल्ने हुँदा पूजाका विधिहरूलाई चर्चा गर्न सकिएको छैन। तर पात्रदेवको पूजा तान्त्रिक विधिबाट सम्पन्न गरिने परम्परा भएको बुझिन्छ किनभने कुनै पनि विषयवस्तुको गहिराइमा पुग्नको लागि अवलोकनले महत्त्वपूर्ण भूमिका निर्धारण गरेको हुन्छ। त्यसैले धार्मिक प्रसङ्गमा चर्चा गर्दा यहाँको पात्रदेवको पूजा पद्दति नै उत्कृष्ट पक्षको रूपमा रहेको छ।

रतननाथ मठको सांस्कृतिक पक्षहरूमा कला तथा वास्तुकला पनि एक हो। यहाँ भएका कला तथा वास्तुकलाले यस मठको गौरवलाई श्रीवृद्धि गरेका छन्। हुन पनि कला तथा वास्तुकला नै सांस्कृतिक धरोहरका प्रतीकका रूपमा रहेका हुन्छन्। रतननाथ मठमा रहेका मूर्तिहरू कलाको इतिहासमा त्यत्ति प्राचीन नभए तापनि मठको अभिन्न अङ्गको रूपमा रहेका छन्। अतः कलाको अध्ययन गर्न मूर्तिहरूको प्रत्यक्ष अवलोकन गरेर मात्र मूर्ति कलाका विशेषताहरूलाई औँल्याउन सकिन्छ। तर उक्त मठमा रहेका मूर्तिकलाको अध्ययन गर्न मठको नियमले नमिल्ने हुँदा मूर्ति कलाको सन्दर्भमा यस पंक्तिका लेखकले विवेचना गर्न सकेको छैन। मूर्तिकलाको अध्ययन गर्दा काठमाडौं उपत्यकास्थित गौशालामा रहेको गोरखनाथको मूर्तिको अध्ययनबाट उक्त मठमा रहेको गोरखनाथको मूर्तिलाई तुलनात्मक रूपबाट अध्ययन गरिएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ ।

रतननाथ मन्दिरको वास्तुकलामा त्यत्ति प्राचीनता देखिँदैन । हाल रहेको मन्दिरको स्वरूप आधुनिक कालको देखिन्छ । रतननाथ मन्दिरको प्राचीन स्वरूप कस्तो थियो भन्ने कुरा ठोस अभावमा भन्न कठिन छ । रतननाथ मठमा रहेको पात्रदेवको प्राचीनताको बारेमा केही शङ्का देखिँदैन । त्यसैले पात्र राखेको स्थानलाई कालान्तरमा मन्दिरको स्वरूप दिएको हुन सक्दछ । यसबाहेक रतननाथ मन्दिरको प्राचीन स्वरूप बारेमा भन्न सकिने आधारहरू देखा परेका छैनन् ।

रतननाथ मठको ऐतिहासिकताको बारेमा विभिन्न ऐतिहासिक कागजपत्रबाट थाहा हुन्छ । उक्त कागजपत्रबाट रतननाथ मठका योगीहरूको सङ्गठन तथा पात्रदेवको पूजाको लागि गुठीको व्यवस्था गरिदिएको थाहा हुन्छ । यसबाहेक रतननाथ मठको बारेमा जानकारी हासिल गर्न अप्रकाशित सामग्रीहरूको खाँचो पर्दछ । यसैले रतननाथ मठबाट अप्रकाशित कागजपत्र उपलब्ध हुन सकेमा सम्बन्धित विषयमा अरू बढी जानकारी हासिल गर्न सकिने थियो ।

रतननाथ मठ वरपर रहेका पुरातात्त्विक स्थलले उक्त मठको प्राचीनतालाई पेश गर्न बलियो आधार खडा गरेको छ । राजाको दरबार भन्ने उक्त स्थानमा अन्वेषण तथा उत्खनन हुन सकेमा मात्र रतननाथ मठको प्रामाणिकताको लागि बलियो आधार जुट्ने थियो । अतः यहाँ रहेका ऐतिहासिक महत्त्वका वस्तुहरूले अनुसन्धानको प्रतिक्षा गरिरहेका छन् ।

गोरखनाथका प्रमुख चेला रतननाथलाई मानव मात्रको कल्याणको लागि समर्पित धर्म गुरुको रूपमा चिनिन्छ । रतननाथले मानव मानवमा प्रेम र सद्भावको शिक्षा फैलाई मानवलाई भौतिक जीवनबाट मुक्ति प्रदान गर्न योगको सारगर्भित शिक्षा प्रदान गर्नुभएको थियो । यस्ता सिद्धको ओजस्विता तथा कल्याणकारिताबाट जनहरूले विभिन्न स्थानहरूमा मठ मन्दिरको स्थापना गरेका हुन् । सिद्ध रतननाथको कल्याणकारी कार्यको इतिहास स्मृतिभरि सङ्गालेर त्यस स्थलमा आजसम्म सुरक्षित रहेको छ । यसैले यस रतननाथ मठले पृथक रूपमा ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको देखिन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भ सामग्री

नेपाली हिन्दी पुस्तकहरू :

अधिकारी, सूर्यमणि, २०६०. बाइसे राज्यको इतिहास, काठमाडौं : भुँडिपुराण प्रकाशन ।

उपाध्याय, वलदेव, २००३. बौद्ध दर्शन ।

उपाध्याय, नागेन्द्रनाथ, १९६५. नाथ और सन्त साहित्य, काशी : हिन्दू विश्वविद्यालय ।

कोइराला, कुलचन्द्र, २०५२. श्रीगुरु गोरखनाथ, काठमाडौं : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

खाँ, मुहम्मद मस्तफा, १९५९. उर्दु हिन्दी शब्दकोश, लखनउ : उत्तर प्रदेश हिन्दी संस्थान ।

गुरुङ, जगमान, २०६७. गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा, काठमाडौं : पश्चिमाञ्चल विकास मञ्च ।

गौतम, टेकनाथ, २०५०. राप्ती अञ्चलको इतिहास, वाराणसी : अजय ।

चतुर्वेदी, परशुराम, २००८. उत्तर भारतकी सन्त परम्परा, प्रयाग : भारती भण्डार ।

द्विवेदी, हजारी प्रसाद, १९५०. नाथ सम्प्रदाय, इलाहावाद : हिन्दूस्तान एकेडेमी ।

द्विवेदी, हजारी प्रसाद, १९९६. नाथ सम्प्रदाय, इलाहावाद : लोकभारती प्रकाशन ।

द्विवेदी, हजारीप्रसाद, २०१४. नाथ सिद्धोकी बानियाँ, काँशी : नागरी प्रचारिणी सभा ।

पन्त, नयराज र अरु, २०२५. पृथ्वीनारायण शाहको उपदेश, भाग ३, ललितपुर : जगदम्बा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (सम्पा.), २०४०. नेपाली बृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान, भुवनलाल, २०४५. नेपालमा बौद्ध धर्म, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बर्मा, धिरेन्द्र (सम्पा.), २०२०. हिन्दी साहित्यकोश, भाग १, वाराणासी : ज्ञानमण्डल लिमिटेड ।

बागची, प्रवोध चन्द्र (सम्पा.), १९३४. कौल ज्ञान निर्णय, कलकत्ता ।

भट्टराय, चूडानाथ, २०३५. पशुपति प्रत्यभिज्ञा, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

मानन्धर, जीतबहादुर, २०४६. विरिञ्ची नारायण, काठमाडौं : तारादेवी मानन्धर ।

मानसिंह, २००७. श्री नाथ तीर्थावली, राजस्थान ।

मिश्र, जयशङ्कर, १९८०. प्राचीन भारतका सामाजिक इतिहास, पटना : हिन्दी ग्रन्थ एकेडेमी ।

योगी, नरहरीनाथ, २०१६. रतनबोध, काशी : योग प्रचारिणी ।

योगी, नरहरीनाथ, २०१३. इतिहास प्रकाश, भाग ३, अङ्क २, काठमाडौं : मृगस्थली गोरक्ष पीठ ।

योगी, नरहरीनाथ, २०१३. देवमाला वंशावली, काठमाडौं : क्षीप्रनाथ योगी ।

योगी, नरहरीनाथ, २०१६. गोरखनाथ अवतार कथा, काशी : महानुभाव बद्रिनाथ योगी ।

योगी, नरहरीनाथ, २०२१. गोरखा वंशावली, काठमाडौं : आर्यवीर संघ ।

योगी, नरहरीनाथ, २०२२. इतिहास प्रकाशमा सन्धि पत्र सङ्ग्रह, भाग १, काठमाडौं : इतिहास प्रकाश संघ ।

योगी, नरहरीनाथ, २०३२. हाम्रो देश दर्शन, काठमाडौं : मृगस्थली गोरक्ष पीठ ।

योगी, नरहरीनाथ, २०२५. नवनाथ चौरासी सिद्ध, काठमाडौं : मृगस्थली गोरक्ष पीठ ।

योगी, चन्दननाथ, १९२४. योगी सम्प्रदाय विस्कृति, अहमदावाद ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

राधव, रोंगेय, सन् १९६३. गोरखनाथ और उनका युग, दिल्ली : रामलाल पुरी ।

रेग्मी, जगदीशचन्द्र, २०३०. नेपालको धार्मिक इतिहास, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लम्साल, देवीप्रसाद(सम्पा.), २०२३. भाषा वंशावली, भाग २, काठमाडौं : पुरातत्त्व विभाग ।

वज्राचार्य, गौतमवज्र, २०३३. हनुमानढोका राजदरबार, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

वज्राचार्य, धनवज्र, २०३०. लिच्छवीकालका अभिलेख, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान ।

वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर, २०३७. शाहकालका अभिलेख, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान ।

वात्सायन, १९६०. भारतीय संस्कृति, गोरखपुर ।

वैद्य, तुल्सीराम र वज्राचार्य, धनवज्र, २०२९. गोरखाको ऐतिहासिक सामग्री, काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान ।

शर्मा, जनकलाल, २०२०. जोशमनी सन्त परम्परा र साहित्य, काठमाडौं : रोयल नेपाल एकेडेमी ।

शर्मा, जनकलाल, २०३९. हाम्रो समाज एक अध्ययन, काठमाडौं : साझा प्रकाशन ।

शाह, नरभूपाल, २०१३. कल्याल वंशावली, जुम्ला : लोक जङ्गबहादुर शाह ।

शुरभ, शान्ती, २०३३. हाम्रो संस्कृति एक गोरखनाथ, काठमाडौं : साझा प्रकाशन ।

सांकृत्यायन, राहुल, १९५८. पुरातत्त्व निबन्धावली, पटना : विहार राष्ट्र भाषा परिषद् ।

सुवेदी राजाराम, २०५५. बाइसे राज्यको ऐतिहासिक रूपरेखा, काठमाडौं : नेपाल एशियाली अनुसन्धान केन्द्र ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिंह, मानसिंह, २००७. श्री नाथ तीर्थावली, प्रथम संस्करण, राजस्थान : योगी शङ्करनाथ ।

क्षेत्री, गणेश र खतिवडा, सोमप्रसाद, २०५४. हिन्दू समाज र धर्म, विराटनगर : शिवा प्रकाशन ।

नेपाली हिन्दी लेखहरू :

गौड, रामदास, १९९५. नाथ सम्प्रदाय, हिन्दूत्व, पृष्ठ ७०५ ।

गुरुङ, जगमान, २०७१. राष्ट्र, राष्ट्रियता र सर्वधर्म समभावका प्रतीक भगवान पशुपतिनाथ, मिलनबिन्दु, वर्ष २, अङ्क २, पृष्ठ १५ ।

ढुङ्गेल, रमेश, २०४३. सिद्ध भगवन्तनाथ, जिज्ञासा, पूर्णाङ्क ४, पृष्ठ ७५- ७६ ।

थापा, रमेशजङ्ग, २०२५. काष्ठमण्डप, प्राचीन नेपाल, पृष्ठ ३४-३९ ।

पाण्डे, रामनिवास, २०३५. पश्चिमी नेपालको शैव-शाक्त परम्परा, नेपाली लोक संस्कृति सङ्गोष्ठी, पृष्ठ १३९ ।

योगी, राजीव, २०६४. ऐतिहासिक पिरफिरे मेला : एक चर्चा, गोरक्ष, पृष्ठ ३ ।

योगी, अनन्तनाथ, १९८४. हाजी रतननाथ, योगवाणी, वर्ष ९, अङ्क २, पृष्ठ २२८-२३२ ।

रेग्मी, सनत, २०४४. गरिमा, वर्ष ५, अङ्क १०, पृष्ठ ३१ ।

वज्राचार्य, धनवज्र, २०२२. शक्तिशाली भारदार रामबर्धन र तत्कालीन नेपाल, पूर्णिमा, वर्ष २, अङ्क ३, पृष्ठ ३६ ।

शर्मा, जनकलाल, २०४३. गोरखनाथ र उनको योगमार्ग, जिज्ञासा, पूर्णाङ्क ४, पृष्ठ १५-१९ ।

शर्मा, डिल्लीराज, २०४३. दाङका सिद्ध रतननाथ, नेपाली संस्कृति, वर्ष २, अङ्क ३, पृष्ठ १२-१४ ।

शर्मा, डिल्लीराज, २०७१. दाङ उपत्यकाको पुरातात्त्विक महत्त्व, मिलनबिन्दु, वर्ष २, अङ्क २, पृष्ठ ३० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुवेदी, राजाराम, २०६०. सपादलक्ष शिखरी साम्राज्यको अवसान पछि, खण्ड ९२, पृष्ठ १७-२५ ।

सुवेदी, राजाराम, २०६०. शिव गोरखनाथ उत्पत्ति, प्रज्ञा, पृष्ठ ४६-४७ ।

सुवेदी, राजाराम, २०५४. दङ्गीशरण, गरिमा, वर्ष १५, अङ्क ८, पृष्ठ १०५-१०७ ।

सिंह, भगवती, १९३५. चौरासी सिद्ध तथा नाथ सम्प्रदाय, कल्याण, योगाङ्क, वर्ष १०, संख्या १, पृष्ठ ४७०-४७१ ।

सिंह, कविन्द्रमान, २०४३. पाल्पाको प्रसिद्ध देवस्थल पुरानो कोटभैरव, प्रज्ञा, वर्ष १५, अङ्क २, पृष्ठ ५७ ।

ज्ञवाली, सूर्यविक्रम, २०३६. नेपालमा गोरखपन्थ, प्रज्ञा, वर्ष ७, अङ्क ४, पृष्ठ ३८-५१ ।

English

Briggs, George Western, 1973. Gorakhnath and Kanphatta Yogis, Delhi : Motilal Banarasidass.

Bouillier, Veronique, 1933. The Nepalese State and Gorakhnathiyogis. The case of the Former' Kingdoms of Dang Valley, Contribution to Nepalese Studies, Vol 20, Number I, PP. 33-35.

Hamilton, 1816. An Account of the Kingdom of Nepal, Edenberg.

Locke, John K., 1980. Karunamaya, Kathmandu : Sahayogi Prakashan.

Regmi, Dilli Raman, 1965. Medieval History of Nepal. Calcutta: Firma K.L. Mukhopadhyaya.

Ram, Rajendra, 1978. A History of Buddhism in Nepal, Allahabad.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Sean, Sukumar, 1956 . "The Nath Cult", The Cultural Heritage of India Vol. IV, P. 280.

Singh, Mohan, 1937. Gorakhnath and Medieval Hindu Mysticism, Lahore.

Sahu, N.K. 1958. Buddhism in Orissa, Cattack.

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट-१

सुधाकर चंद्रिकाअनुसार नौ नाथ नामावली

१. एकनाथ
२. आदिनाथ
३. मत्स्येंद्रनाथ
४. उदयनाथ
५. दण्डनाथ
६. सत्यनाथ
७. संतोषनाथ
८. कूर्मनाथ
९. जालंधरनाथ

- (द्विवेदी, १९९६ : २६)

परिशिष्ट-२

चौरासी सिद्ध

नाथ सिद्ध परम्परा अनुसार	सहजयानी सिद्ध परम्परा अनुसार
१. मीननाथ	१. लुहिपा
२. गोरक्षनाथ	२. लीलापा
३. चौरंगीनाथ	३. विरूपा
४. चारमीनाथ	४. डोम्भीपा
५. तंतिपा	५. शबरीपा
६. हालिपा	६. सरहपा
७. केदारिपा	७. कंकालीपा
८. धोंगपा	८. मीनपा
९. दारिपा	९. गोरक्षपा
१०. विरुपा	१०. चोरंगीपा
११. कपाली	११. वीणापा
१२. कमारी	१२. शान्तिपा
१३. कान्ह	१३. तन्तिपा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४. कनखल	१४. चमरिपा
१५. मेखल	१५. खड्गपा
१६. उन्मन	१६. नागार्जुन
१७. काण्डलि	१७. कराहपा
१८. धोबी	१८. कर्णरिपा (आर्यदेव)
१९. जालंधर	१९. थगनपा
२०. टोंगो	२०. नारोपा
२१. मवह	२१. शालिपा (शीलपा)
२२. नागार्जुन	२२. तिलोपा
२३. दौली	२३. छत्रपा
२४. भिषाल	२४. भद्रपा
२५. अचिति	२५. दोखंधिपा (द्विखंडिपा)
२६. चम्पक	२६. अजागिपा
२७. ढेण्टस	२७. कालपा
२८. भुम्बरी	२८. धाम्भिपा
२९. बाकलि	२९. कंकणपा
३०. तुजी	३०. कमरिपा (कंबलपा)
३१. चर्पटी	३१. डेंगिपा
३२. भादे	३२. भदेपा
३३. चाँदन	३३. तंधेपा (तंतिपा)
३४. कामरी	३४. कुक्कुरिपा
३५. करवत	३५. कुचिपा (कुसूलिपा)
३६. धर्मपाततंग	३६. धर्मपा
३७. भद्र	३७. महीपा (महिलपा)
३८. पातलिभद्र	३८. अचिन्तिपा
३९. पलिहिह	३९. भलहपा (भवपा)
४०. भानु	४०. नलिनपा
४१. मान	४१. भूसुकपा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

४२. निर्दय	४२. इन्द्रभूति
४३. सवर	४३. मेकापा
४४	४४. कुडालिपा (कुद्दलिपा)
४५. भर्तृहरि	४५. कमरिपा (कम्मरिपा)
४६. भीषण	४६. जालंधरपा (जालंधारक)
४७. भटी	४७. राहुलपा
४८. गगनपा	४८. धर्मरिपा (धर्मरि)
४९. गमार	४९. धाकरिपा
५०. मेनुरा	५०. मेदनीपा
५१. कुमारी	५१. पंकजपा
५२. जीवन	५२. घंटा (वज्रघंटा) पा
५३. अघोसाधव	५३. जोगिपा (अजोगिपा)
५४. गिरिवर	५४. चेलुकपा
५५. सियारी	५५. गुंडरिपा (गोरुरपा)
५६. नागवालि	५६. लुपिकपा
५७. विभवत्	५७. निगणपा
५८. सारंग	५८. जयानन्त
५९. विविकिधज	५९. चर्पटापा (पचरीपा)
६०. मगरधज	६०. चम्पकपा
६१. अचित	६१. भिखनपा
६२. विचित	६२. भलिपा
६३. नेचक	६३.
६४. चाटल	६४. चवरि, (जवरि) अजपालिपा
६५. नाचन	६५. मणिभद्रा (योगिनी)
६६. भीलो	६६. मेखलापा(योगिनी)
६७. पाहिल	६७. कनखलापा (योगिनी)
६८. पासल	६८. कलकलपा
६९. कमल-कंगारि	६९. कन्ताली (कन्थाली) पा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0.In Public Domain. Digitized by eGangotri

७०. चिपिल	७०. धहुलि (रि) पा
७१. गोविंद	७१. उधनि (उधलि) पा
७२. भीम	७२. कपाल (कमल) पा
७३. भैरव	७३. किलपा
७४. भद्र	७४. सागरपा
७५. भमरी	७५. सर्वभक्षपा
७६. मुरुकुटी	७६. नागबोधिपा
७७.	७७. दारिकपा
७८.	७८. पुतुलिपा
७९.	७९. पनहपा
८०.	८०. कोकालिपा
८१.	८१. अनंगपा
८२.	८२. लक्ष्मीकरा (योगिनी)
८३.	८३. समुदपा
८४.	८४. भलि (ब्यालि) पा

- (द्विवेदी, १९९६ : २९-३१)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri



सिद्ध रतननाथ मण्डप



सिद्ध रतननाथ मन्दिरको गर्भगृहको अर्को दृश्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल संस्कृत विश्वविद्यालय

राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्रद्वारा प्रकाशोन्मुख कृतिहरू

१. लामा-विष्णु : सांस्कृतिक समन्वयको प्रतीक : एक अध्ययन

२. वागमती सभ्यता

३. मिथिला गौरव

४. दुल्लु वैश्वानरज्वाला पञ्चकोशीक्षेत्रको सांस्कृतिक अध्ययन

५. राष्ट्रियताको परिवेशमा दुरा समुदायको सांस्कृतिक जीवन : एक अध्ययन

ISBN 978-9937-0-2893-6
9 789937 028936

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal